# मध्यमकालीन खर्च संरचना

## आ.व. २०८२/८३-२०८४/८५

## Medium Term Expenditure Framework

## Fiscal Year 2082/083-2084/85




मोहन्याल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खिमडी, कैलाली

सुदूरपश्चिम प्रदेश

# कृतज्ञता

यस श्री **Sandhya Engineering Consultancy Pvt.Ltd.** नेपालगञ्ज -१२, बाँके र मोहन्याल गाउँपालिका कैलाली वीच मध्यमकालीन खर्च संरचना दस्तावेज तयार गर्न परामर्श सेवा अन्तरगत भएको सम्झौता बमोजिम सम्झौता अवधी भित्रै यो दस्तावेज तयार गरि मोहन्याल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा बुझाईएको छ । यो दस्तावेज बनाउन आवश्यक सुचना तथा तथ्यांकहरु उपलब्ध गराई सहयोग गर्ने गाउँपालिका परिवार, दस्ताबेजीकरणमा खट्ने टोली प्रमूख र अन्य साथीहरु प्रति हार्दिक आभार व्यक्त गर्दै **Sandhya Engineering Consultancy Pvt.Ltd.** नेपालगञ्ज -१२, बाँके र मोहन्याल गाउँपालिका कैलाली वीच आगामी दिनमा समेत सहकार्य हुने अपेक्षा लिएको छु ।

अवसरको लागी समग्र गाउँपालिका परिवार प्रति हार्दिक आभार ।

मनका रोकाया

प्रोपराइटर

## विषयसूची


**परिच्छेद एक : परिचय** ............ 1
१.१ पृष्ठभूमि ............ 1
१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ............ 1
१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य ............ 2
१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ............ 2
१.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य ............ 3
१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ............ 3
**परिच्छेद दुई : मध्यमकालीन खर्च संरचना** ............ 7
२.१ पृष्ठभूमि ............ 7
२.२ चूनौति तथा अवसर ............ 7
२.३ सोच, उद्देश्य तथा रणनीति ............ 8
२.४ मध्यमकालीन आर्थिक खाका ............ 9
२.५ मध्यमकालीन नतिजा खाका ............ 10
२.६ मध्यमकालीन बजेट खाका ............ 13
२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ............ 15
२.८ विषय क्षेत्रगत बाँडफाँट ............ 18
**परिच्छेद तीन : आर्थिक क्षेत्र** ............ 21
**३.१ कृषि तथा खाद्य सुरक्षा** ............ 21
३.१.१ पृष्ठभूमि ............ 21
३.१.२ समस्या तथा चूनौति ............ 21
३.१.३ लक्ष्य ............ 212
३.१.४ उद्देश्य ............ 22
३.१.५ रणनीति ............ 22
३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............ 22
३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ............ 23
३.१.९ जोखिम पक्ष तथा अनुमान ............ 23
**३.२ सिंचाई** ............ 23
३.२.१ पृष्ठभूमि ............ 23
३.२.२ समस्या तथा चुनौति ............ 23
३.२.३ सोँच ............ 24
३.२.४ उद्देश्य ............ 24
३.२.५ रणनीति ............ 24
३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............ 24
३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............ 24
३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ............ 24
३.२.९ जोखिम पक्ष तथा अनुमान ............ 25
**३.३ पशु विकास** ............ 25
३.३.१ पृष्ठभूमि ............ 25
३.३.२ समस्या तथा चूनौति ............ 25
३.३.३ सोच ............ 25
३.३.४ उद्देश्य ............ 26
३.३.५ रणनीति ............ 26
३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............ 26
३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............ 27
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ............ 27
३.३.९ जोखिम पक्ष तथा अनुमान ............ 27
**३.४ उद्योग तथा व्यापार** ............ 277

३.४.१ पृष्ठभूमि........................................................................................ 277
३.४.२ समस्या तथा चूनौति.......................................................................27
३.४.३ सोच.......................................................................................28
३.४.४ उद्देश्य ...................................................................................28
३.४.५ रणनीति....................................................................................28
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...................................................28
३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान .........................................29
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ......................................................29
३.४.९ जोखिम पक्ष तथा अनुमान.................................................................29
**३.५ पर्यटन विकास**..............................................................................30
३.५.१ पृष्ठभूमि...................................................................................30
३.५.२ समस्या तथा चूनौति .......................................................................30
३.५.३ सोच.......................................................................................30
३.५.४ उद्देश्य ...................................................................................30
३.५.५ रणनीति....................................................................................30
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...................................................31
३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान .........................................31
३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण......................................................31
३.५.९ जोखिम पक्ष तथा अनुमान .................................................................31
**३.६ भूमि व्यवस्था, बैंक तथा सहकारी** ..............................................................32
३.६.१ पृष्ठभूमि ...................................................................................32
३.६.२ समस्या तथा चूनौति .......................................................................32
३.६.३ सोच ....................................................................................... 333
३.६.४ उद्देश्य.................................................................................... 333
३.६.५ रणनीति ................................................................................... 333
३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.................................................... 333
३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.......................................... 344
३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..................................................... 344
३.६.९ जोखिम पक्ष तथा अनुमान ................................................................. 344
**३.७ श्रम तथा रोजगारी** ............................................................................. 345
३.७.१ पृष्ठभूमि................................................................................... 345
३.७.२ समस्या तथा चनौति ....................................................................... 355
३.७.३ सोच....................................................................................... 355
३.७.४ उद्देश्य ................................................................................... 355
३.७.५ रणनीति.................................................................................... 355
३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.................................................... 355
३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान .........................................35
३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण...................................................... 366
३.७.९ जोखिम पक्ष तथा अनुमान................................................................. 366
**३.८ गरिवी निवारण**.............................................................................. 366
३.८.१ पृष्ठभूमि................................................................................... 366
३.८.२ समस्या तथा चनौति....................................................................... 377
३.८.३ सोच....................................................................................... 377
३.८.४ उद्देश्य ................................................................................... 377
३.८.५ रणनीति.................................................................................... 377
३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ................................................... 377
३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ......................................... 378
३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण...................................................... 388
३.८.९ जोखिम पक्ष तथा अनुमान................................................................. 388
**परिच्छेद चार : सामाजिक क्षेत्र** ................................................................ 388

**४.१ शिक्षा, कला, भाषा तथा सांहित्य** ........................................................................ 38
४.१.१ पृष्ठभूमि ........................................................................ 389
४.१.२ समस्या तथा चूनौति ........................................................................ 399
४.१.३ सोच ........................................................................ 399
४.१.४ उद्देश्य ........................................................................ 39
४.१.५ रणनीति ........................................................................ 39
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................ 39
४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................................................ 40
४.१.९ अनुमान तथा जोखिम ........................................................................ 40
**४.२ स्वास्थ्य तथा पोषण** ........................................................................ 411
४.२.१ पृष्ठभूमि ........................................................................ 411
४.२.२ समस्या तथा चूनौति ........................................................................ 411
४.२.३ सोच ........................................................................ 412
४.२.४ उद्देश्य ........................................................................ 422
४.२.५ रणनीति ........................................................................ 422
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................ 422
४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................................................ 433
४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................................ 43
४.२.९ जोखिम पक्ष तथा अनुमान ........................................................................ 43
**४.३ खानेपानी तथा सरसरफाई** ........................................................................ 444
४.३.१ पृष्ठभूमि ........................................................................ 444
४.३.२ समस्या तथा चूनौति ........................................................................ 444
४.३.३ सोच ........................................................................ 444
४.३.४ उद्देश्य ........................................................................ 444
४.३.५ रणनीति ........................................................................ 444
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................ 44
४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................................................ 455
४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................................ 455
४.३.९ जोखिम पक्ष तथा अनुमान ........................................................................ 455
**४.४ महिला, बालबालिका, सामाजिक संरक्षण तथा समावेशीकरण** ........................................................................ 455
४.४.१ पृष्ठभूमि ........................................................................ 455
४.४.२ समस्या तथा चूनौति ........................................................................ 466
४.४.३ सोच ........................................................................ 46
४.४.४ उद्देश्य ........................................................................ 46
४.४.५ रणनीति ........................................................................ 46
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................ 467
४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................................................ 47
४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................................ 47
४.४.९ जोखिम पक्ष तथा अनुमान ........................................................................ 488
**४.५ युवा ,खेलकुद तथा नवप्रवर्तन** ........................................................................ 488
४.५.१ पृष्ठभूमि ........................................................................ 488
४.५.२ समस्या तथा चूनौति ........................................................................ 48
४.५.३ सोच ........................................................................ 48
४.५.४ उद्देश्य ........................................................................ 48
४.५.५ रणनीति ........................................................................ 48
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................ 489
४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................................................ 49
४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................................ 49
४.५.९ जोखिम पक्ष तथा अनुमान ........................................................................ 50
**परिच्छेद पाँच : पूर्वाधार क्षेत्र** ........................................................................ 50

**५.१ वस्ति विकास ,आवास, भवन तथा शहरी विकास** ........ 511
५.१.१ पृष्ठभूमि ........ 511
५.१.२ समस्या तथा चूनौति ........ 511
५.१.३ लक्ष्य ........ 51
५.१.४ उद्देश्य ........ 51
५.१.५ रणनीति ........ 51
५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ 522
५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ 52
५.१.९ जोखिम पक्ष तथा अनुमान ........ 52
**५.२ सडक, पुल तथा यातायात** ........ 523
५.२.१ पृष्ठभूमि ........ 523
५.२.२ समस्या तथा चूनौति ........ 533
५.२.३ लक्ष्य ........ 533
५.२.४ उद्देश्य ........ 533
५.२.५ रणनीति ........ 533
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 53
५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ 544
५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ 54
५.२.९ जोखिम पक्ष तथा अनुमान ........ 54
**५.३ जलस्रोत, विद्युत तथा उर्जा** ........ 545
५.३.१ पृष्ठभूमि ........ 545
५.३.२ समस्या तथा चूनौति ........ 555
५.३.३ लक्ष्य ........ 555
५.३.४ उद्देश्य ........ 555
५.३.५ रणनीति ........ 556
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 556
५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ 566
५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ 56
५.३.९ जोखिम पक्ष तथा अनूमान ........ 56
**५.४ सूचना तथा सञ्चार** ........ 56
५.४.१ पृष्ठभूमि ........ 566
५.४.२ समस्या तथा चूनौती ........ 567
५.४.३ लक्ष्य ........ 577
५.४.४ उद्देश्य ........ 57
५.४.५ रणनीति ........ 57
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 57
५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ 57
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ 588
५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ 58
**परिच्छेद छ : वातावरण तथा विपद व्यवस्थापन** ........ 58
**६.१ वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण** ........ 58
६.१.१ पृष्ठभूमि ........ 58
६.१.२ समस्या तथा चूनौति ........ 589
६.१.३ सोच ........ 599
६.१.४ उद्देश्य ........ 59
६.१.५ रणनीति ........ 59
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 59
६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ 60
६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ 60
६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ 60

**६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन** ....................60
६.२.१ पृष्ठभूमि ....................60
६.२.२ समस्या तथा चूनौति ....................60
६.२.३ सोच ....................601
६.२.४ उद्देश्य ....................601
६.२.५ रणनीति ....................601
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....................601
६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....................61
६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....................61
६.२.९ जोखिम पक्ष तथा पूर्वानूमान ....................622
**६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन** ....................622
६.३.१ पृष्ठभूमि ....................622
६.३.२ समस्या तथा चूनौति ....................633
६.३.३ सोँच ....................633
६.३.४ उद्देश्य ....................633
६.३.५ रणनीति ....................633
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....................633
६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....................64
६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....................64
६.३.९ जोखिम पक्ष तथा अनुमान ....................64
**परिच्छेद सात : संस्थागत विकास तथा सुशासन क्षेत्र** ....................645
**७.१ नीति, कानून, न्याय तथा सुशासन** ....................65
७.१.१ पृष्ठभूमि ....................65
७.१.३ सोँच ....................65
७.१.४ उद्देश्य ....................65
७.१.५ रणनीति ....................65
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....................65
७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....................66
७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....................66
७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ....................667
**७.२ संगठन मानव संसाधन तथा क्षमता विकास** ....................66
७.२.१ पृष्ठभूमि ....................66
७.२.२ समस्या तथा चूनौति ....................67
७.२.३ सोच ....................67
७.२.४ उद्देश्य ....................67
७.२.५ रणनीति ....................67
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....................67
७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....................68
७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....................68
७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान ....................68
**७.३ राजस्व तथा स्रोत परिचालन** ....................688
७.३.१ पृष्ठभूमि ....................688
७.३.२ समस्या तथा चूनौति ....................698
७.३.३ सोच ....................698
७.३.४ उद्देश्य ....................698
७.३.५ रणनीति ....................698
**७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन** ....................698
७.४.१ पृष्ठभूमि ....................698
७.४.२ समस्या तथा चूनौति ....................69
७.४.३ सोच ....................69

७.४.४ उद्देश्य ......69
७.४.५ रणनीति ......69
७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ......69
७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ......70
७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... 710
७.४.९ जोखिम पक्ष तथा पूर्वानूमान ...... 710
अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन ......71
अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन ...... 721

## तालिकासूची

तालिका 2.1: मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य (प्रचलित मूल्यमा) ...... 9
तालिका 2.2: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य ......10
तालिका 2.3: *मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य* (प्रचलित मूल्यमा)......13
तालिका 2.4: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ......15
तालिका 2.5: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) .... 167
तालिका 2.6: लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण(रु.हजारमा)....17
तालिका 2.7: जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण(रु.हजारमा) ...17
तालिका 2.8: गाउँपालिकाका गौरवका आयोजना ...... 178
तालिका 2.9: आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा) ......18

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

मध्यमकालीन खर्च संरचना सरकारको त्रिवर्षीय खर्च योजना हो । सरकारले लिएको प्राथमिकताका क्षेत्रमा श्रोतको सुनिश्चितता गर्दै सार्वजनिक खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्न यसले मद्दत गर्दछ । नेपालको आवधिक योजनाले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । मध्ममकालीन खर्च संरचनाले नेपालको आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । यसले स्रोत व्यवस्थापन र अपेक्षित नतिजाको खाका समेत प्रस्तुत गर्दछ ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

मध्यमकालीन खर्च संरचना तयारीको अनिवार्यता तीन वटै तहको सरकारको दायित्वभित्र रहेको छ । नेपालमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा संघ, प्रदेश र स्थानीय तहले सार्वजनिक आय-व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्य रूपमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखिन्छ । यस सन्दर्भमा यस गाउँपालिकाको वार्षिक बजेट, विभिन्न शाखाबाट प्राप्त विवरण, गाउँपालिकामा उपलब्ध अन्य सूचना र चालु आर्थिक वर्षको बार्षिक कार्यक्रमलाई आधार मानिएको छ । यसै क्रममा आगामी तीन वर्षको खर्चको प्रक्षेपण सहित पहिलो पटक मोहन्याल गाउँपालिकाको मध्यमकालीन खर्च संरचना (२०८१/८२-२०८३/८४) तयार गरिएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा रहेको मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सिमित स्रोत-साधनको वस्तुनिष्ठ आकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस संरचनामा मुख्यत: समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरु समावेश गरिएको हुन्छ ।

नेपालको चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका निर्धारण गरिन्छ । स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका तयार गरिन्छ । यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका तयार गरिन्छ ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट

प्रक्षेपण गरिन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आकलन गर्नुपर्ने हुन्छ। यस प्रकार मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

सिमित श्रोतका बाबजुद प्राथमिकता क्षेत्रमा आवश्यक खर्चको व्यवस्था एवम् परिचालन मार्फत अधिकतम उपलब्धि हासिल गर्न मद्दत गर्दछ , यसका साथै बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका पुर्याउनुको साथै बजेटलाई लक्ष्य, नतिजा र उपलब्धिसँग आबद्ध गराउन मध्यमकालिन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

यस मोहन्याल गाउँपालिकाले मध्यमकालीन खर्च संरचना निर्माण र वार्षिक वजेट तथा कार्यक्रम बीच तादम्यता मिलाउने उद्देश्यले यस वर्ष देखि अभ्यासको रुपमा थालनी गरेको छ जुन प्रत्येक वर्ष अद्यावधिक हुदै चक्रिय रुपमा निरन्तर चलिरहनेछ। यस मध्यमकालीन खर्च संरचनाबाट गाउँपालिकाको समग्र विकासको प्राथमिकता प्राप्त कार्यक्रमहरुको निरन्तरता र लगानी तथा कार्यान्वयनको सुनिश्चितताको माध्यमद्धारा दिगो विकास हासिल हुने अपेक्षा गरिएको छ । यस खर्च संरचनाले गाउँपालिकाको दीर्घकालीन सोच **"समृद्ध मोहन्यालको आधार, समावेशी विकास र दिगो पूर्वाधार"** र प्रदेश तथा राष्ट्रिय लक्ष्य र दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने विश्वास लिइएको छ। यस मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ। यसबाट गाउँपालिकालाई आगामी आर्थिक वर्षहरुको बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोगी हुने अपेक्षा गरिएको छ । मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, नेपालको आवधिक योजनार वार्षिक बजेट तथा कार्यक्रम बीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाको तयारीबाट देहाय अनुसारको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

क) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री वनाई नेपालले निर्धारण गरेका लक्ष्य सन २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्नु।

ख) उपलब्ध श्रोत साधनलाई गाउँपालिकाको स्थानीय तहको नीति, कार्यक्रम र वार्षिक बजेटबीच तालमेल गराई वार्षिक बजेट तथा कार्यक्रमको स्थिरता र सुनिश्चिता कायम गर्ने,

(ग) आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चित्ता गर्नु,

(घ) गाउँपालिकामा उपलब्ध हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थपरक बनाउनु,

(ङ) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु र

(च) स्थानीय सरकारलाई जिम्मेवार र जवाफदेही बनाउन, खर्चको पारदर्शिता बढाउन तथा वित्तीय अनुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापनमा सहयोग गर्नु।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, नेपालको आवधिक योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ। सो बमोजिम यस मध्ममकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधार लिइएको छ :

- नेपालको संविधान
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८,
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८,
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा सोह्रौं राष्ट्रिय योजना (२०८१/८२-२०८५/८६)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०८१/८२)
- गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु

## १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य हासिल गर्न प्रत्यक्ष रूपमा योगदान पुर्याउने क्षेत्रलाई प्राथमिकीकरण गरी लगानीको सुनिश्चितता गर्ने कार्यमा मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यसले दिगो विकासको लक्ष्यलाई हासिल गर्न सबै तहका सरकारले गरेका प्रयासहरूलाई दृष्टिगत गरी सो अनुरूपको प्राथमिकता क्षेत्रमा लगानीलाई केन्द्रीत गर्न मद्दत गर्दछ । नेपालको चालु आवधिक विकास योजना ले लिएको लक्ष्य बमोजिम विद्यमान उपलब्धिको समीक्षा गरी श्रोतको उपलब्धता र स्थानीय तहको आवश्कता आधार मानेर दिगो विकास लक्ष्यलाई मध्यनजर गरी मध्यमकालीन खर्च संरचनाको खाका तयारी गरिएको छ । मध्यमकालीन खर्च संरचनाको तयारीमा उपयोग हुने सूचकहरूमा यथा सम्भब दिगो विकासका सूचकहरूलाई समावेश गर्नु आवश्यक हुन्छ र यस मध्यमकालीन खर्च संरचनामा यथा सम्भव दिगो विकासका सूचकहरुलाई ध्यान दिईएकोछ ।

यस गाउँपालिकाले तर्जुमा गरेको यो दिगो विकास मैत्री मध्यमकालीन खर्च संरचनाले आगामी आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमा एवं कार्यान्वयन गर्न र प्राथमिकता क्षेत्रमा लगानीका सुनिश्चितता गरी वित्तीय अनुशासन कायम गर्न सहयोग सिद्ध हुने विश्वास गरिएको छ । दिगो विकास लक्ष्यले लिएका राष्ट्रिय लक्ष्यहरुको प्राप्तीमा स्थानीय तहहरुको योगदान महत्वपुर्ण हुन्छ र स्थानीय तहको योगदान विना ति लक्ष्यहरु प्राप्त हुन असम्भव भएकाले स्थानीय तहहरुले वार्षिक योजना तथा मध्यमकालीन खर्च संरचना तयार गर्दा दिगो विकासका लक्ष्यका सुचकहरुलाई सहयोग पुग्ने गरि तर्जुमा गर्नसके नेपाल सरकारले लिएको लक्ष्य समयमै प्राप्त हुने कुरालाई मध्यनजर गर्दै यस गाउँपालिकाले यो मध्यमकालीन खर्च संरचना तयार गर्दा दिगो विकासका लक्ष्यका सुचकहरुलाई महत्वका साथ स्थान दिएकोछ ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

यस गाउँपालिकाले संङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको (१) “स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन २०७८, (परिमार्जित)”, (२) “स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांङ्केतीकरण स्रोत पुस्तिका, २०७९” र (३) “स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगि स्रोत पुस्तिका, २०७९” लाई आधारमानी यो दिगो विकासमैत्री मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । यस मध्यमकालीन खर्च संरचना देहाय बमोजिमको चरण तथा प्रक्रिया अबलम्बन तर्जुमा गरिएको छ :

### चरण- १: तयारी चरण

#### *प्रक्रिया १: प्राविधिक सहयोग परिचालन*

यस गाउँपालिकाले आगामी तीन आर्थिक वर्षको लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न गाउँपालिकावाट परामर्शदाता नियुक्त गरी परिचालन गरियो । परामर्शदाताबाट मध्यमकालिन खर्च संरचना तयारी अभिमुखीकरण, त्रीवर्षीय स्रोत अनुमान तथा प्रक्षेपण, बजेट सीमा तथा मार्गदर्शन तर्जुमा, आयोजना

तथा कार्यक्रम सम्बन्धी विवरण तयारी, त्रीवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण, सांकेतीकरण र दस्तावेज लेखन कार्यमा प्राविधिक सहयोग प्राप्त भएको थियो ।

***प्रक्रिया २: नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा***

गाउँपालिकाको मार्गनिर्देशनमा विज्ञ परामर्शदाताद्धारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो । दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवं समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहायबमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, सोह्रौं राष्ट्रिय योजना, प्रदेश तथा गाउँपालिकाका आवधिक योजनाहरु
- नेपाल सरकारद्धारा जारी कोभिड १९ प्रतिकार्य एवं पुनर्लाभ सम्बन्धी निर्देशिका
- संघ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन
- मोहन्याल गाउँपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन आदि ।

***प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा***

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा गाउँपालिकासँग समन्वय र सहकार्य गरी मध्यमकालिन खर्च संरचना निर्माणको विधी, औजार र कार्ययोजनालाई अन्तिम रुप प्रदान गरी सोही अनुरुप व्यवस्थित रुपमा मध्यमकालिन खर्च संरचना निर्माणको कार्यलाई अगाडी वढाईएको थियो ।

**चरण- २: लेखाजोखा चरण**

***प्रक्रिया ४: अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना***

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुझाइ तयार गर्ने उद्देश्यले अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना भएको थियो । सो कार्यशालामा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष्यहरु, कार्यपालिका सदस्यहरु र विषयगतशाखा तथा उपशाखा प्रमुखहरुको सहभागिता रहेको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो । सोही कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखा/उपशाखाको जिम्मेबारी तथा भूमिका समेत स्पष्ट गरियो ।

***प्रक्रिया ५: विषयगत समिति तथा शाखासँग परामर्श***

नेपाल सरकारको चालु आवधिक योजना, विषयगत रणनीतिक योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति/एकाइसँग परामर्श तथा छलफल गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप-क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

***प्रक्रिया ६: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षीय प्रक्षेपण***

राजश्व बाँडफाँड, अन्तर-सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरियो । यसरी निर्धारण गरि तयार गरिएको बजेट सीमालाई सबै विषयगत शाखाहरुलाई उपलब्ध गराइ सोही अनुरुप मध्यमकालीन खर्च संरचना र वार्षिक योजना तथा वजेट बीच तारताम्यता मिलाउने प्रयत्न गरियो ।

**चरण - ३: तयारी चरण**

***प्रक्रिया ७: क्षेत्रगत योजना तर्जुमा***

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा वैठक गरियो विषयगत शाखा/उप शाखा/एकाइका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरुको सहभागिता रहेको छलफलमा प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रमको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने र स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको सांकेतीकरण गरियो ।

***प्रक्रिया ८: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी***

विषयगत शाखा तथा ईकाईहरुवाट प्राप्त सुचना र उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी कार्य थालनी गरि आवश्यकता अनुसार नियमित रुपमा प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखाका शाखा प्रमुखहरु संग छलफल गरि मस्यौदा दस्तावेजीकरणको कार्यलाई निरन्तरता दिदै एकिकृत मध्यमकालीन खर्च संरचना तयार गरियो ।

***प्रक्रिया ९: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी***

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी श्रोत पुस्तिका २०७९ ले निर्धारित गरेको ढांचामा उपलव्ध सुचना तथा तथ्यांकहरुका आधारमा मध्यमकालिन खर्च संरचना मस्यौदा दस्तावेज तयार गरि आवश्यक रायसुझाव तथा पृष्ठपोषणका लागी गाउँपालिकालाई उपलव्ध गराईयो साथै गाउँपालिकावाट प्राप्त पृष्ठपोषणका आधारमा मस्यौदा दस्तावेजमा आवश्यक सुधार तथा परिमार्जन गरि अन्तिम दस्तावेज तयारीको कार्य लाई अगाडी वढाईयो ।

***प्रक्रिया १0: मध्यमकालीन खर्च संरचनाको मस्यौदा गाउँपालिकामा पेश तथा पृष्ठपोषण ग्रहण***

उल्लिखित प्रक्रियाबाट तयार गरिएको मस्यौदा मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक प्रति आवश्यक सुझाव संकलन गर्ने उद्देश्यले परामर्शदातावाट गाउँपालिकालाई प्रदान गरिएको थियो । यस पश्चात सम्वद्ध शाखा तथा विषयगत क्षेत्र उप क्षेत्र वाट त्यसको अध्ययन गरि आवश्यक पृष्ठपोषण प्रदान गरिएको थियो । त्यसैगरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांकेतीकरण समेत गरियो ।

***प्रक्रिया ११: मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी***

मध्यमकालीन खर्च संरचनाको मस्यौदा मा गाउँपालिकाका विषयगत समिति तथा शाखाहरुबाट प्राप्त सुझावहरु समेटी मस्यौदा दस्ताबेजलाई आवश्यक परिमार्जन गरियो । यस क्रममा मस्यौदा दस्तावेजमा नपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरु विभिन्न शाखा तथा एकाईहरुबाट संकलन गरि यस परिमार्जित

मस्यौदामा समेटीएको छ । यसरी तयार गरिएको परिमार्जित मस्यौदालाई कार्यदल, विषयगत समिति र विषयगत शाखाका कर्मचारीहरु बीच छलफल गरी आवश्यक परिमार्जन सहित अन्तिम रुप प्रदान गरियो र स्वीकृतिका बजेट तथा कार्यक्रम तर्जुमा समिति मार्फत कार्यपालिकामा पेश गरियो ।

### *प्रक्रिया १५: मध्यमकालीन खर्च संरचनाको स्वीकृति*

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल गरी स्वीकृत तथा अनुमोदनका निमित्त गाउँ सभामा पेश गरिएको छ ।

# परिच्छेद दुई : मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ। यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ। नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो।

संघीय संरचना अनुरुप अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी संघीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय ब्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने व्यवस्था रहेको छ। उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार नेपाल सरकारले तय गरेको दीर्घकालिन सोँच सहितको चालु आवधिक योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ।

संविधानले आत्मसात गरेको समाजवाद उन्मुख राष्ट्र निर्माण एवम् नेपाल सरकारले घोषणा गरेका सुशासन, सामाजिक न्याय र समृद्धि को दीर्घकालीन सोँच र सुदूरपश्चिम प्रदेश सरकारको प्रथम आवधिक योजनाले अघि सारेको **आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम** र यस मोहन्याल गाउँपालिकाको नीति तथा कार्यक्रम मार्फत अगाडी सारिएको **"समृद्ध मोहन्यालको आधार, समावेशी विकास र दिगो पूर्वाधार"** को दिर्घकालीन सोचलाई आत्मसात गर्ने प्रयास गरिएको छ। योजना तथा विकास उपलब्धिको सफलता वित्तीय संघीयताको कुशल व्यवस्थापन, तीव्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ। मध्यमकालीन खर्च संरचनाले यसतर्फ गाउँपालिकालाई मार्गदर्शन गर्नेछ।
आर्थिक वर्षका (२०८२/८३-२०८४/८५) का लागि तुर्जमा गरिएको मध्यमकालीन खर्च संरचनाले उपरोक्त योजनाहरुको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, नेपाल सरकार तथा प्रदेश सरकार र गाउँपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ। गाउँपालिकाका तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएको छ।

## २.२ चूनौति तथा अवसर

संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, सोह्रौं योजना, र गाउँपालिकाको उद्देश्य हासिल गर्न, उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्दै समतामूलक तथा उन्नत समाजको निर्माण गर्नुलाई यस गाउँपालिकाले प्रमुख चूनौतिको रुपमा लिएको छ। यसका साथै विगतमा विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ महाव्याधी लगायतका महामारी वातावरणीय ह्रास र जलवायु परिवर्तनको कारण सिर्जित विपदको बढ्दो जोखिमलाई न्यूनीकरण गरी नागरिकको स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारी र आयमा परेको नकारात्मक असरलाई न्यूनीकरण, पुनरुत्थान र उत्थानशीलता हासिल गर्दै नागरिक जीवनलाई थप सुरक्षित र परिष्कृत बनाउनु थप चूनौतिको रुपमा रहेको छ।

यसका साथै व्यवस्थित बसोवास, सुविधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाई सुविधा र सूचना प्रविधि, कृषि तथा पशुजन्य उद्यमको विविधिकरण गरी उत्पादन र उत्पादकत्वमा

वृद्धिका साथै उत्पादनशील रोजगारीमा अभिवृद्धि र जनसाङ्ख्यिक लाभको उपयोग पनि गाउँपालिका विकासको चूनौतिको रुपमा रहेका छन् । वित्तीय संघीयताको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नु समेत चूनौतिपूर्ण छ ।

संघीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरु बीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु अहिलेका प्रमुख अवसरहरु हुन् । गाउँपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिको माध्यमद्वारा समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन् ।

वैदेशिक रोजगारी तथा अध्ययनबाट फर्किएका युवामार्फत विश्वस्तरको ज्ञान, सीप, अनुभव तथा प्रविधि हस्तान्तरण, वित्तीय सेवा र स्थानीय स्रोत परिचालन गरी गाउँपालिकामा उद्यमशीलता विकास, रोजगारी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्ने समेत अवसर सिर्जना भएको छ ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्दा गाउँपालिकाको दीर्घकालीन सोच **"समृद्ध मोहन्यालको आधार, समावेशी विकास र दिगो पूर्वाधार"** लाई प्रमुख आधारको रुपमा लिइएको छ । गाउँपालिका विकासको सोच, लक्ष्य उद्देश्य तथा रणनीतिलाई यस मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ । आर्थिक विवरणमा उल्लेख नभएका विवरण गाउँपालिकाको समावेशी स्थानीय आर्थिक विकास योजना र अन्य क्षेत्रगत रणनीतिक योजनाहरुका साथै चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, सोह्रौं राष्ट्रिय योजना, प्रदेश र गाउँपालिकाका विषयगत नीतिको समेत उपयोग गरिएको छ । यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ ।

### २.३.१ दीर्घकालीन सोच

गाउँपालिकाको दीर्घकालीन सोँच देहाय अनुसार रहेको छ :

**"समृद्ध मोहन्यालको आधार, समावेशी विकास र दिगो पूर्वाधार"**

### २.३.२ समष्टिगत लक्ष्य

यस गाउँपालिकालाई सुदूरपश्चिम प्रदेशको योजनाबद्ध, सुव्यवस्थित, आवासिय , शैक्षिक तथा पर्यटकीय क्षेत्रको रुपमा स्थापित गर्ने भन्ने समष्टिगत लक्ष्य र गाउँपालिकाको समग्र विकास गर्नु लक्ष्य रहको छ ।

### २.३.३ उद्देश्य

1. आर्थिक अवसरहरुलाई विविधीकृत, समावेशी र उत्थानशील बनाई आर्थिक वृद्धिको गतिलाई तीव्रता दिनु,
2. मोहन्यालवासीको रोजगारी र आयमा वृद्धि गरी जीवनस्तर सुधार गर्नु,
3. शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रको समतामूलक विकास गर्नु,
4. गुणस्तरीय भौतिक पूर्वाधारको विकास र विस्तार गर्नु,

5. वन वातावरण, जैविक विविधताको संरक्षण र प्रवर्द्धनका साथै जलवायु परिवर्तन अनुकूलन र विपद व्यवस्थापन सम्बन्धी कार्य प्रभावकारी रूपमा गर्नु,
6. संस्थागत सुदृढीकरण गर्दै सुशासनको प्रत्याभूत गर्नु ।

### २.३.४ रणनीति

गाउँपालिकाको विकासको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न देहाय अनुसारका प्रमुख रणनीतिहरू अबलम्बन गरिएका छन् ।

**समष्टिगत रणनीति**

1. कृषिलाई व्यवसायीकरण गरी मूल्य श्रृङ्खलामा आबद्ध गर्ने,
2. उद्यमशीलताको विकास गरी स्थानीय उत्पादनमा आधारित उद्योग, व्यापार तथा व्यवसायको प्रवर्द्धन गर्ने
3. आधारभूत र माध्यमिक शिक्षा गुणस्तरीय र रोजगारीमूलक वनाउने,
4. आधारभूत स्वास्थ्यसेवा सर्वसुलभ बनाउने,
5. स्थानीय विकास तथा शासन प्रणालीमा समावेशीताको अभिवृद्धि गर्ने,
6. यातायात, विद्युत, सिंचाइ, भवन, सञ्चार जस्ता पूर्वाधारको निर्माण तथा विस्तार गर्ने
7. विकास र वातावरण बीच सन्तुलन कायम गर्ने,
8. स्थानीय विकासलाई जलवायु परिवर्तन अनुकुलन बनाउने र विपद व्यवस्थापन गर्ने,
9. विकास र सेवा प्रवाहमा सुशासन अभिवृद्धि गर्ने ।
10. अन्तर-सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक बीच अर्थपूर्ण समन्वय, साझेदारी र सहकार्यको अभिवृद्धि गर्ने ।

## २.४ मध्यमकालीन आर्थिक खाका

**"सुशासन, सामाजिक न्याय र समृद्धि"** को राष्ट्रिय सोच तथा संकल्प र सुदूरपश्चिम प्रदेश ले अगाडी सारेको **आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम** र यस गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र योजना मार्फत अगाडी सारिएको **"समृद्ध मोहन्यालको आधार, समावेशी विकास र दिगो पूर्वाधार"** विकासको सोच तथा लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ ।

***तालिका 2.1: मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य*** **(प्रचलित मूल्यमा)**

| सूचक/लक्ष | इकाई | २०८०/८१ को उपलब्धी | २०८१/८२ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| गाउँपालिकाको कुल बार्षिक उत्पादन/आय | रू. लाखमा | 40,162 | 41,728 | 43,356 | 45,047 | 46,803 |
| कृषि तथा पशुपालन क्षेत्र | रू. लाखमा | 9,638 | 10,014 | 10,404 | 10,810 | 11,232 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गैर कृषि (उद्योग र सेवा) क्षेत्र | रू. लाखमा | 30,324 | 31,507 | 32,735 | 34,012 | 35,339 |
| सार्वजनिक क्षेत्रको उत्पादन/आय | रू. लाखमा | 200 | 208 | 216 | 224 | 233 |
| बार्षिक औषत पारिवारिक आय | ने. रु. | 832,000 | 3,244,800 | 12,654,720 | 49,353,408 | 192,478,291 |
| अनौपचारिक क्षेत्रमा रोजगारी सृजना | कार्यदिन | 90 | 100 | 120 | 130 | 140 |
| आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | 78 | 80 | 82 | 85 | 90 |
| प्रतिव्यक्ति वार्षिक औषत आय | अमेरिकी डलरमा | 1,456 | 1,513 | 1,572 | 1,633 | 1,697 |
| प्रतिव्यक्ति वार्षिक औषत आय | ने. रु. | 190,500 | 209550 | 230505 | 253555 | 278910 |
| बेरोजगारी दर | प्रतिशत | 11.4 | 11.0 | 10.5 | 10.0 | 8.5 |

*श्रोत: विभिन्न सर्भेक्षण, कृषि गणना तथा विषयगत शाखाको विवरण*

## २.५ मध्यमकालीन नतिजा खाका

सोह्रौं योजना, सुदूरपश्चिम प्रदेशको आवधिक योजना तथा गाउँपालिकाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । सो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०८१/८२ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०८२/८३ को लक्ष्य निर्धारण गरिएको छ । नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य वर्तमान नेपालको आवधिक योजनार विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ । मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका २.२ मा प्रस्तुत गरिएको छ ।

***तालिका 2.2: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य***

| क्र.सं. | सूचक | एकाई | २०८०/८१ को यथार्थ उपलब्धी | २०८१/८२ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन(केजी) | के.जी . | ३८१ | ३८६ | ३९५ | ४०५ | ४२० |
| २ | आफ्नो आयको दुई तिहाइ भन्दा बढी खानामा | प्रतिशत | ३५ | ३३ | २८ | २५ | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खर्च गर्ने जनसंख्या | | | | | | |
| ३ | आफ्नो उत्पादन र वर्षभरी खानपुग्ने परिवार | प्रतिशत | ४५ | ४३ | ४५ | ४७ | ५० |
| ४ | कुल खेती योग्य भूमिमध्य वर्षैभरी सिचाइ सुविधा उपलब्ध जमीन | प्रतिशत | ३५ | ४० | ४५ | ५० | ५५ |
| ५ | साक्षरता दर | प्रतिशत | ७५ | ७६ | ७७ | ७९ | ८० |
| ६ | पूर्व प्राथमिक तह(१-५) खुद भर्ना दर | प्रतिशत | ६४ | ६८ | ६९ | ७० | ७२ |
| ७ | आधारभुत तह(१-८) खुद भर्ना दर | प्रतिशत | ९३ | ९४ | ९४ | ९५ | ९६ |
| ८ | माध्यामिक तह तह(९-१२) खुद भर्ना दर | प्रतिशत | ५२ | ५५ | ५६ | ५८ | ५९ |
| ९ | संस्थागत सुत्केरी गराउने गर्भवती महिला | प्रतिशत | ८९ | ८९ | ९५ | ९५ | ९५ |
| १० | ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्म) | जना | ४ | ४ | ० | ० | ० |
| ११ | कुपोषण दर (प्रतिहजार) | संख्या | १८ | १४ | ५ | ० | ० |
| १२ | आधारभुत खानेपानी सुविधा पुगेका घरपरिवार | प्रतिशत | ९० | ९० | ९२ | ९५ | १०० |
| १३ | जीवनमा शारिरीक तथा यौन हिंसा भोगेका महिला | प्रतिशत | ८ | ८ | ५ | ३ | २ |
| १४ | विषयगत समितिमा महिला प्रतिनिधित्व | प्रतिशत | ३३ | ३३ | ३३ | ३५ | ३५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | भवनसहिंता अनुसार निर्माण भएका आवास घर | प्रतिशत | ० | ० | १० | २० | ३० |
| १६ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ० | ० | ५ | १० | १५ |
| १७ | विद्युत सेवामा पहुँच प्राप्त घरपरिवार | प्रतिशत | ९३ | ९३ | ९५ | ९८ | १०० |
| १८ | इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहूँच भएका जनसंख्या | प्रतिशत | ११ | १२ | १५ | २० | ३५ |
| १९ | हरियाली क्षेत्र | प्रतिशत | ५५ | ६० | ६५ | ६५ | ७५ |
| २० | गाउँपालकाको नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ८५ | ७० | ७४ | ७७ | ८१ |
| २१ | कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा | प्रतिशत | ३ | ४ | ५ | ७ | १० |
| २२ | कम्प्युटर अभिलेख राख्ने र विद्युतीय माध्यमबाट रिपोर्टिङ गर्ने वडाहरु | संख्या | ७ | ७ | ७ | ७ | ७ |
| २३ | नीति, कानून, कार्यविधि र मापदण्ड पालना | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| २४ | निर्धारित ढाँचामा त्रैमासिक रुपमा प्रगती तथा खर्चको विवरण पेश गर्ने वडा र शाखा/एकाई | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |

*श्रोत: विभिन्न सर्भेक्षण,जनगणना २०७८,कृषि गणना २०७८ तथा विषयगत शाखाको विवरण*

## २.६ मध्यमकालीन बजेट खाका

गाउँपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिइएको छ । गाउँपालिकाले प्रथम प्रयासको रुपमा तयार यस मध्यमकालीन खर्च संरचनामा वित्तीय संघीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीब्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ । गाउँपालिका गौरवका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ । मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, विगतको कोभिड १९ महामारी र अन्य विपदबाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई ध्यान दिइएको छ । त्रिवषीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, उपशाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन **अनुसूची २** मा प्रस्तुत छ ।

चालु आर्थिक वर्ष २०८१/८२ को बजेट राजस्व तथा विनियोजन तथा खर्चको आधारमा मध्यमकालीन खर्च संरचनाको पहिलो वर्षको राजस्व तथा खर्च आँकलन गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको गत आर्थिक वर्षको वजेट, चालु आर्थिक वर्षका वजेट, योजना तथा कार्यक्रम र नीति र हासिल गर्ने नतिजालाई समेत आधार मानिएको छ । प्रक्षेपणका क्रममा गाउँपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ । आन्तरिक श्रोत, राजस्व बाँडबाँट, उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, रोयल्टी (वन तथा खानी तथा खनिज) र आन्तरिक श्रोत समेतका आधारमा गाउँपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम नेपाल सरकार र प्रदेश सरकारको मध्यमकालीन खर्च संरचनामा उल्लेखित रकम तथा सोको प्रक्षेपणको आधारमा आँकलन तथा अनुमान गरिएको छ ।

***तालिका 2.3: समष्टिगत मध्यमकालीन बजेट खाका (रकम रु. हजारमा)***

| क.सं. | बजेटका स्रोतहरु | २०८०/०८१ को यथार्थ | २०८१/०८२ को अनुमान | आय अनुमान र प्रक्षेपण | | | ३ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | |
| *क* | *खर्च अनुमान* | ५४९८१३ | ६४३८०३ | ७०४६८० | ७६७०५० | ८२८२५० | २२९९९८० |
| *१* | *चालू* | ३९४१७२ | ४१५२४६ | ४४१७४५ | ४७७६२० | ४९९७३० | १४१९०९५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | *पूँजीगत* | १५५६४१ | २२८५५७ | २६२९३५ | २८९४३० | ३२८५२० | ८८०८८५ |
| **ख** | ***आय अनुमान*** | **५४९८१३** | **६४३८०३** | **७०४६८०** | **७६७०५०** | **८२८२५०** | **२२९९९८०** |
| **अ** | ***आन्तरिक आय*** | **३३३७८** | **६६८३८** | **८३७९१** | **७६१७१** | **८३७८८** | **२५३७५०** |
| १ | स्थानीय राजस्व बाँडफाँड | ३७८ | ४९३५ | ७००० | ८४०० | १००८० | २५४८० |
| २ | आन्तरिक श्रोत | ३३००० | ६१९०३ | ७६७९१ | ६७७७१ | ७३७०८ | २१८२७० |
| **आ** | ***संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण*** | **४९५०१६** | **५३४८०२** | **५७३९०२** | **६३२९९४** | **६८०६३८** | **१८८७५३४** |
| १ | वित्तीय समानीकरण अनुदान | ८९७०० | ८९८०० | १०६२०० | ११६८२० | १२८५०२ | ३५१५२२ |
| २ | राजस्व बाँडफाँड | ९१०७८ | १०१५२० | १५८१२२ | १७३९३४ | १९१३२७ | ५२३३८३ |
| ३ | सशर्त अनुदान चालू | १९२९०७ | २०१७५८ | २०१९०० | २२२०९० | २४४२९९ | ६६८२८९ |
| ४ | सशर्त अनुदान पूँजीगत | १५३०० | २६५३८ | ११००० | १२१०० | १३३१० | ३६४१० |
| ५ | समपूरक अनुदान | ९००० | ० | १०००० | ११००० | १२१०० | ३३१०० |
| ६ | विशेष अनुदान | १०००० | २७५०० | ० | १०००० | ११००० | २१००० |
| ७ | सामाजिक सुरक्षा | ८७०३१ | ८७६८६ | ८६६८० | ८७०५० | ८०१०० | २५३८३० |
| **इ** | ***प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण*** | **१९५२९** | **३९४६३** | **४३९८७** | **५४३८५** | **५९८२४** | **१५८१९६** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश समानीकरण अनुदान | ७३२६ | ७७८३ | ८७४४ | ९६१८ | १०५८० | २८९४२ |
| २ | प्रदेश राजस्व बाँडफाँड | ३७०३ | ४४२५ | ४४४३ | ४८८७ | ५३७६ | १४७०६ |
| ३ | सशर्त अनुदान चालू | ० | ६३० | ० | १००० | ११०० | २१०० |
| ४ | सशर्त अनुदान पूँजीगत | ० | ९००० | २००० | २२०० | २४२० | ६६२० |
| ५ | समपूरक अनुदान | ४००० | ३५०० | ० | २६६८० | २९३४८ | ५६०२८ |
| ६ | विशेष अनुदान | ४५०० | १४१२५ | २८८०० | १०००० | ११००० | ४९८०० |
| **ई** | **अन्य (सडक बोर्ड लगायत)** | 1890 | 2700 | 3000 | 3500 | 4000 | १०५०० |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ :

**क. प्राथमिकताक्रमको आधारमा बाँडफाँट**

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ ।

***तालिका 2.4 : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | आ.ब २०८२/८३ को बिनियोजन | | आ.ब २०८३/८४ को खर्च प्रक्षेपण | | आ.ब २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | 344 | 259935 | 42 | २९७६६० | ४४ | 346909 | 46 |
| प्राथमिकता दोश्रो (P2) | 364 | 355065 | 58 | ३७८८४० | ५६ | 407241 | 54 |
| **जम्मा** | 708 | 615000 | 100 | ६७६५०० | १०० | 754150 | 100 |

### ख. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ ।

*तालिका 2.5: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | आयोजना/ कार्यक्रम संख्या | आ.ब २०८२/८३ को विनियोजन | | आ.ब २०८३/८४ को खर्च प्रक्षेपण | | आ.ब २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| 1 | गरीवीको अन्त्य | 3 | 770 | 0.1 | 847 | 0.1 | 931 | 0.1 |
| 2 | भोकमरीको अन्त्य | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 3 | स्वस्थ र समुन्नत समाज | 4 | 42614 | 7 | 46876 | 7 | 51564 | 7 |
| 4 | गुणस्तरीय शिक्षा | 114 | 213967 | 35 | 235364 | 35 | 258900 | 35 |
| 5 | लैङ्गिक समानता | 8 | 800 | 0.1 | 880 | 0.1 | 968 | 0.1 |
| 6 | स्वच्छ पानी र सरसफाइ | 48 | 15410 | 3 | 16951 | 3 | 18646 | 3 |
| 7 | आधुनिक ऊर्जामा पहुँच | 2 | 500 | 0.1 | 550 | 0.1 | 605 | 0.1 |
| 8 | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | 4 | 900 | 0.1 | 990 | 0.1 | 1089 | 0.1 |
| 9 | उद्योग नविन खोज र पूर्वाधार | 109 | 94655 | 15 | 104120 | 15 | 114532 | 15 |
| 10 | असमानता न्यूनीकरण | 15 | 3220 | 0.5 | 3542 | 0.5 | 3896 | 0.5 |
| 11 | दिगो शहर र बस्ती | 53 | 22615 | 3 | 24876 | 3 | 27364 | 3 |
| 12 | दिगो उपभोग र उत्पादन | 30 | 9150 | 2 | 10065 | 2 | 11072 | 2 |
| 13 | जलवायु परिवर्तन अनुकुलन | 2 | 2500 | 0.4 | 2750 | 0.4 | 3025 | 0.4 |
| 14 | सामुन्द्रीक जीव संरक्षण | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 15 | भूसतह स्रोतको उपयोग | 5 | 2500 | 0.4 | 2750 | 0.4 | 3025 | 0.4 |
| 16 | शान्ति, न्याय र सबल संस्था | 12 | 1725 | 0.3 | 1898 | 0.3 | 2088 | 0.3 |
| 17 | दिगो विकासको लागि साझेदारी | 299 | 203674 | 33 | 224041 | 33 | 246445 | 33 |
| **कुल जम्मा** | | **708** | **615000** | **100** | **676500** | **100** | **774150** | **100** |

### घ. लैङ्गिक संकेतको आधारमा बाँडफाँट

लैंगिक उत्तरदायी वजेटको आधारमा तीन आर्थिक वर्षको वजेट अनुमान तथा प्रक्षेपण लाई सांकेतिकरण गरी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत छ।

*तालिका 2.6 लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| सङ्केत नम्बर | लैङ्गिक सङ्केत | आयोजना/ कार्यक्रम संख्या | आ.ब २०८२/८३ को विनियोजन | | आ.ब २०८४/८५ को खर्च प्रक्षेपण | | आ.ब २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | रकम | प्रतिशत | रकम |
| ०१ | निर्दिष्ट | 159 | 125379 | 20 | 137916 | 20 | 151707 | 21 |
| ०२ | सहयोगी | 270 | 267756 | 44 | 294532 | 44 | 323986 | 42 |
| ०३ | तटस्थ | 279 | 221865 | 36 | 244052 | 36 | 268457 | 37 |
| **कुल जम्मा** | | **708** | **615000** | **100** | **676500** | **100** | **744150** | **100** |

### ङ. जलवायु संकेतको आधारमा बाँडफाँट

जलवायु अनुकुलनका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण लाई सांकेतिकरण गरि तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ।

*तालिका 2.7: जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| सङ्केत नम्बर | लैङ्गिक सङ्केत | आयोजना/ कार्यक्रम संख्या | आ.ब २०८२/८३ को विनियोजन | | आ.ब २०८४/८५ को खर्च प्रक्षेपण | | आ.ब २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ०१ | अत्यन्त सान्दर्भिक | 2 | 2500 | 0.4 | 2750 | 0.4 | 3025 | 0.4 |
| ०२ | सान्दर्भिक | 53 | 22615 | 3 | 24876 | 3 | 27364 | 3 |
| ०३ | तटस्थ | 653 | 589885 | 96.6 | 648874 | 96.6 | 713761 | 96.6 |
| **कुल जम्मा** | | **708** | **615000** | **100** | **676500** | **100** | **744150** | **100** |

### च. गाउँपालिका गौरवका आयोजना

स्थानीय तहहरुले पूर्वाधार, सामाजिक, आर्थिक विकास र वातावरण सन्तुलनमा महत्वपूर्ण योगदान पुऱ्याउने रणनीतिक महत्वका आयोजनालाई गौरवका आयोजनाको रुपमा कार्यान्वयन गर्ने अभ्यास गरेकोछ। हाल यस गाउँपालिको गौरवका योजनाका रुपमा योजना छनौट गरि अगाडी वढाएको छैन तर आगामी वर्ष देखि गाउँपालिका गौरवका योजना अगाडी वढाईने छन ।

*तालिका 2.8: गाउँपालिकाका गौरवका आयोजना*

| क्र.सं. | गौरवका आयोजना | आ.व. २०८२/०८३ को विनियोजन | आ.व. २०८३/०८४ को खर्च प्रक्षेपण | आ.व. २०८४/०८५ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|
| १ | धुराखाली पण्डौन सडक निर्माण योजना वडा नं २ | ७५००००० | ८२५०००० | ९०७५००० |
| २ | सावा ताम्चा राक्सा सडक योजना ३ र १ | ५०००००० | ५५००००० | ६०५०००० |

| | | | | |
|---|---|---|---|---|
| ३ | राताखाली विर्खेत सडक निर्माण योजना वडा नं ५ | २०००००० | २२००००० | २४२०००० |
| ४ | मालिका न्यौलाड कटौजे सडक निर्माण योजना वडा नं ५ | २०००००० | २२००००० | २४२०००० |
| ५ | खटेरुवा मालिका खालिगडा सडक निर्माण योजना २ र १ | ३५००००० | ३८५०००० | ४२३५००० |
| ६ | ताम्चा राक्सा सडक योजना ३ र १ | ५०००००० | ५५००००० | ६०५०००० |
| ७ | ओखलढुङ्गा सिम कटौजे सडक निर्माण योजना वडा नं ४ र ५ | २५००००० | २७५०००० | ३०२५००० |
| ८ | तल्लापानी फलेबिसौना सडक निर्माण योजना १ र २ | २५००००० | २७५०००० | ३०२५००० |
| ९ | बासपानी शान्तिपुर सडक स्तरोन्नती योजना वडा नं ४ | ७५००००० | ८२५०००० | ९०७५००० |
| १० | राजकाँडा देखि ओडेकोट सडक निर्माण योजना वडा नं ७ | ३०००००० | ३३००००० | ३६३०००० |
| ११ | खेलमैदान निर्माण योजना वडा नं ६ | २०००००० | २२००००० | २४२०००० |
| | | ४२५०००००. | ४६७५०००० | ५१४२५००० |

## २.८ विषय क्षेत्रगत बाँडफाँट

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ । विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण **अनुसूची ३** समावेश गरिएको छ ।

***तालिका 2.9: आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)***

रकम रू. हजारमा

| क्र. स. | क्षेत्र/उप क्षेत्र | आ. व. २०८२/८३ को विनियोजन | | | आ. व. २०८३/८४ को खर्च प्रक्षपण | | | आ. व. २०८४/८५ को खर्च प्रक्षपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल |
| १ | आर्थिक विकास | १२,९५० | ६२,३३५ | ७५,२८५ | १४,२४५ | ६८,५६९ | ८२,८१४ | १५,६७० | ७५,४२५ | ९१,०९५ |
| १ | कृषि | ६,३२० | २५० | ६,५७० | ६,९५२ | २७५ | ७,२२७ | ७,६४७ | ३०३ | ७,९५० |
| २ | उद्योग | २,३५० | १,४६० | ३,८१० | २,५८५ | १,६०६ | ४,१९१ | २,८४४ | १,७६७ | ४,६१० |
| | पर्यटन | | ७०० | ७०० | - | ७७० | ७७० | - | ८४७ | ८४७ |
| ३ | सहकारी | २०० | - | २०० | २२० | - | २२० | २४२ | - | २४२ |
| ४ | पशुपन्छी विकास | २,५८० | - | २,५८० | २,८३८ | - | २,८३८ | ३,१२२ | - | ३,१२२ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जलश्रोत तथा सिंचाई | | ५८,९२५ | ५८,९२५ | - | ६४,८१८ | ६४,८१८ | - | ७१,२९९ | ७१,२९९ |
| ५ | भूमि व्यवस्था | १,५०० | १,००० | २,५०० | १,६५० | १,१०० | २,७५० | १,८१५ | १,२१० | ३,०२५ |
| २ | सामाजिक विकास | २२४,२७१ | ४३,४८५ | २६७,७५६ | २४६,६९८ | ४७,८३४ | २९४,५३२ | २७१,३६८ | ५२,६१७ | ३२३,९८५ |
| १ | शिक्षा | १९१,६९२ | २२,२७५ | २१३,९६७ | २१०,८६१ | २४,५०३ | २३५,३६४ | २३१,९४७ | २६,९५३ | २५८,९०० |
| २ | स्वास्थ्य | १६,८६४ | २५० | १७,११४ | १८,५५० | २७५ | १८,८२५ | २०,४०५ | ३०३ | २०,७०८ |
| ३ | खानेपानी तथा सरसफाई | १,००० | १४,४१० | १५,४१० | १,१०० | १५,८५१ | १६,९५१ | १,२१० | १७,४३६ | १८,६४६ |
| ४ | भाषा तथा संस्कृति | २०० | २,१५० | २,३५० | २२० | २,३६५ | २,५८५ | २४२ | २,६०२ | २,८४४ |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ३,४२० | ६०० | ४,०२० | ३,७६२ | ६६० | ४,४२२ | ४,१३८ | ७२६ | ४,८६४ |
| ६ | युवा तथा खेलकुद | २,२४५ | ३,६०० | ५,८४५ | २,४७० | ३,९६० | ६,४३० | २,७१६ | ४,३५६ | ७,०७२ |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ८,८५० | २०० | ९,०५० | ९,७३५ | २२० | ९,९५५ | १०,७०९ | २४२ | १०,९५१ |
| ३ | पूर्वाधार विकास | | १४०,८५५ | १४०,८५५ | - | १५४,९४१ | १५४,९४१ | - | १७०,४३५ | १७०,४३५ |
| | यातयात पूर्वाधार | | ११७,७९० | ११७,७९० | - | १२९,५६९ | १२९,५६९ | - | १४२,५२६ | १४२,५२६ |
| | भवन आवास तथा सहरी विकास | | २२,६१५ | २२,६१५ | - | २४,८७७ | २४,८७७ | - | २७,३६४ | २७,३६४ |
| | संचार तथा सूचना प्रबिधि | | ४५० | ४५० | - | ४९५ | ४९५ | - | ५४५ | ५४५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४,९२५ | ८०० | ५,७२५ | ५,४१८ | ८८० | ६,२९८ | ५,९५९ | ९६८ | ६,९२७ |
| १ | वातावरण तथा जलवायु | २,५०० | - | २,५०० | २,७५० | - | २,७५० | ३,०२५ | - | ३,०२५ |
| २ | विपद व्यवस्थापन | १०० | - | १०० | ११० | - | ११० | १२१ | - | १२१ |
| ३ | मानब संशाधन विकास | ८०० | - | ८०० | ८८० | - | ८८० | ९६८ | - | ९६८ |
| ४ | कानुन तथा न्याय | ८२५ | ८०० | १,६२५ | ९०८ | ८८० | १,७८८ | ९९८ | ९६८ | १,९६६ |
| ५ | तथ्यांक प्रणाली | ५०० | - | ५०० | ५५० | - | ५५० | ६०५ | - | ६०५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | प्रशासकीय सुशासन | १०० | - | १०० | ११० | - | ११० | १२१ | - | १२१ |
| ७ | वित्तीय सुशासन | १०० | - | १०० | ११० | - | ११० | १२१ | - | १२१ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११२,९१९ | १२,४६० | १२५,३७९ | १२४,२११ | १३,७०६ | १३७,९१७ | १३६,६३२ | १५,०७७ | १५१,७०९ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११२,९१९ | १२,४६० | १२५,३७९ | १२४,२११ | १३,७०६ | १३७,९१७ | १३६,६३२ | १५,०७७ | १५१,७०९ |
| | कुल जम्मा | ३५५,०६५ | २५९,९३५ | ६१५,००० | ३९०,५७२ | २८५,९२९ | ६७६,५०० | ४२९,६२९ | ३१४,५२१ | ७४४,१५० |

आर्थिक वर्ष २०८२/८३ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट **परिच्छेद ३** देखि **परिच्छेद ७** सम्म प्रस्तुत गरिएको छ ।

# परिच्छेद तीन : आर्थिक क्षेत्र

यस परिच्छेद अन्तर्गत कृषि तथा खाद्य सुरक्षा, पशु विकास, सिंचाई, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी र श्रम तथा रोजगारी जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमि

नेपालको सुदूरपश्चिम प्रदेश अन्तर्गत कैलाली जिल्लामा पर्ने मोहन्याल गाउँपालिका नेपाल सरकार (मन्त्रिपरिषद्) को मिती २०७३ साल फाल्गुन २७ गतेको निर्णयानुसार गठन भएको गाउँपालिकाहरू मध्ये एक गाउँपालिका हो | साबिकका सुगरखाल, पण्डौन र मोहन्याल सहित ३ गा.बि.स. समाहित गरि यो गाउँपालिकाको निर्माण भएको छ | यो गाउँपालिका कैलाली जिल्लाको सदरमुकाम धनगढीबाट पूर्वी उत्तरमा अवस्थित छ र यस गाउँपालिकाको पूर्वमा सुर्खेत र वर्दिया जिल्ला(कर्णाली नदि), पश्चिममा चुरे गाउँपालिका, उत्तरमा सुर्खेत जिल्ला(कर्णाली नदि) र डोटी जिल्ला(ठुलीगाड नदि) र दक्षिणमा लम्की चुहा नगरपालिका, बर्दगोरिया गाउँपालिका, घोडाघोडी नगरपालिका र गौरीगंगा नगरपालिका सँग सिमाना जोडिएको छ | यस गाउँपालिकाको क्षेत्रफल ६२६.९५ वर्ग कि.मि. रहेको छ यो गाउँपालिकाका अक्षांश २८॰५३' उत्तर देखि २८॰८८' उत्तर सम्म र देशान्तर ८०॰५३' पूर्व देखि ८०॰८९' पूर्व सम्म छ भने समुन्द्र सतहबाट उचाई न्युनतम ३७५ मिटर देखि अधिकतम १७०० मिटर सम्म रहेको छ | यस गाउँपालिकामा ४३४७ घरपरिवारहरुमा कुल जनसंख्या २१०८२ रहेको छ | हाल यस गाउँपालिकामा ७ वटा वडा रहेका छन् | मोहन्याल गाउँपालिकाको अधिकांश खेतीयोग्य जमिन भिरालो र केही समथर भएकोले माटोको बनावटमा धेरै असमानता पाइन्छ |

### ३.१.२ समस्या तथा चूनौति

निर्वाहमुखी कृषि प्रणाली हुनु, सिंचाइको सुविधा कम हुनु, बिउ,बिजन तथा कृषि सामग्रीको आपूर्ति समयमा नहुनु न्यून हुनु र कृषि प्राविधिकको कमी हुनु, कृषि उपज संकलन केन्द्रको अभाव हुनु, कृषि उपजको खरिद विक्रीका लागि बजार नहुनु, स्थानीय हवा, पानी र माटो सुहाउँदो कृषि र पशुपालनको प्रयाप्त विकास हुन नसक्नु, किसानको माग अनुसारको सेवा प्रबाह हुन नसक्नु, ,कृषि पकेटक्षेत्रमा पनि कृषि सामाग्रीको आपुर्ति तथा प्राविधिक सेवा पर्याप्त नहुनु, कृषिको व्यवसायीकरण गर्न नसकिनु, सीप सिकेका युवालाई कृषिमा आकर्षित गर्न नसकिनु, कृषि मूल्य श्रृखलामा जोडन नसकिनु, प्रयाप्तरुपमा व्यावसायिक पशुपालन हुन नसक्नु, भूउपयोग प्रणाली लागू हुन नसक्नु, अन्तर निकाय समन्वयको कमी हुनु आदि रहेका छन् ।

केन्द्रबाट स्थानीय आवश्यकता र सम्भाव्यता अनुसार सशर्त अनुदानको रूपमा कार्यक्रम र बजेट पठाउनु कृषकलाई आवश्यक प्राविधिक सेवा/टेवा पुर्‍याउनु, मल बिउ लगायतको कृषि सामग्रीको सहज आपुर्ति गर्नु, कृषि उपज संकलन केन्द्र र शितभण्डारको स्थापना र सञ्चालन गर्नु, युवाहरूलाई कृषि क्षेत्रमा आकर्षित गर्नु, निर्वाहमुखी कृषि तथा पशुपालनलाई ब्यबसायिकतामा रुपान्तरण गर्नु, बैज्ञानिक भू उपयोग प्रणाली लागू हुन नसक्नु, कृषि तथा पशुजन्य उत्पादनको उचित मूल्य सुनिश्चित गर्नु, संघीय तथा प्रादेशिक अनुदान एवं प्रत्यायोजित कार्यक्रमहरू स्थानीय आवश्यकता र प्राथमिकतासँग जोड्नु र कृषि पेशामा आकर्षित युवालाई टिकाई राख्नु चुनौतीको रूपमा रहेका छन्।

### ३.१.३ लक्ष्य

कृषि क्षेत्रको उत्पादकत्व वृद्धि भएको हुनै ।

### ३.१.४ उद्देश्य

१.व्यावसायिक कृषि/पशुपालनको विकास ,विस्तार ,बजारीकरण र मुल्य सुनिश्चित गर्नु

### ३.१.५ रणनीति

(१) कृषिको आधुनिकीकरण र व्यवसायीकरण गर्ने।
(२) आधुनिक कृषि प्रविधिमा किसानको पहुँच बढाउने
(३) कृषि उत्पादनको बजारीकरण गर्ने
(४) पालिकामा भूउपयोग योजना लागू गरी कार्यान्वयन गर्ने

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | इकाई | २०८०/८१ को यथार्थ उपलब्धी | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन | के. जी. | ३८१ | ३८६ | ३९५ | ४०५ | ४२० |
| आफ्नो आयको दुई तिहाईभन्दा बढी खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ३५ | ३३ | २८ | २५ | २० |
| साना खाद्या उत्पादकको औषत आय | रु. हजार | १५००० | १७००० | २००० | | २५००० |
| कृषि क्षेत्रमा संलग्न समुह र सहकारी | संख्या | ८५ | ९० | १०५ | १२० | १४० |
| कुल कृषि भूमि मध्ये खेति गरिएको भूमि | प्रतिशत | ३० | २८ | ३५ | ४५ | ६० |
| स्थानीय उत्पादनले पूरा गर्ने तरकारी तथा कृषि उपजहरूको माग | प्रतिशत | ३७ | ३९ | ४५ | ५० | ५२ |
| खाद्यान्न बालीको औषत उत्पादकत्व (प्रति हेक्टर) | मे. टन | २.६ | २.७ | ३ | ३.२ | ३.५ |
| कुल तरकारी उत्पादन | मे. टन | ९ | ९.५ | १२ | १३ | १४ |

*श्रोत: विभिन्न सर्भेक्षण,जनगणना २०७८,कृषि गणना २०७८ तथा विषयगत शाखाको विवरण*

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | 6320 | 250 | 6570 | 0 | 3700 | 2870 | 0 | 0 |
| २०८३/८४ | 6,952 | 275 | 7,227 | 0 | 4070 | 3157 | 0 | 0 |
| २०८४/८५ | 7647 | 303 | 7,950 | 0 | 4477 | 3473 | 0 | 0 |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स | आयोजना तथा कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | कृषि तथा खाद्य सुरक्षा सालवसाली कार्यक्रम | कृषिका व्यावसायीकरण तथा यान्त्रीकरणका माध्यम वाट कृषि उत्पादनमा वृद्धि गर्नु | सालवसाली | 21747 | कृषिमा व्यवसायिकरण कृषि उत्पादकत्वमा कम्तिमा ५.६ प्रतिशतले वृद्धि भएको हुनेछ । |

### ३.१.९ जोखिम पक्ष तथा अनुमान

कृषि क्षेत्र यस गाउँपालिकाको मात्रै नभई देशकै आर्थिक विकासको मेरुदण्डका रुपमा रहेकोछ । नेपाल सरकार प्रदेश सरकार र गाउँपालिका तीनै तहको प्रमुख प्राथमिकतामा परेको विषय क्षेत्र भएता पनि कृषि प्रविधि, मलखाद, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, भरपर्दो सिंचाई प्रणाली, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ । यसैगरी कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोप असरको जोखिम समेत रहेको छ ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

यो गाउँपालिका कैलाली जिल्लाको पहाडी भुभागमा अवस्थित भएकाले पनि विगतमा सिंचाईको अभावका कारण उत्पादन अपेक्षित नहुने गरेको तर हाल आएर यहांको जमिनमा सिंचाई सुविधा विस्तार हुदै गएको छ । विगतमा केवल २० प्रतिशत खेतियोग्य भूमिका सिंचाई सुविधा रहेकोमा लिफ्ट सिचाई तथा विभिन्न ठाउँमा पक्की नहरको निर्माणसंगै यसको सिंचित क्षेत्रफल पनि वढ्न गएको छ र मोहन्यालमा निर्माणाधिन लिफ्ट सिंचाई आयोजनाहरुका निर्माण को काम पुराभए पश्चात् यहां लगभग ५० प्रतिशत भन्दा वढी भूमिमा सिंचाईको सुविधा उपलब्ध हुनेछ जसका कारण उत्पादनका यसले प्रत्यक्ष रुपमा सकारात्मक प्रभाव पार्नेछ र कृषिको उत्पादकत्वमा वृद्धि हुनेछ ।

### ३.२.२ समस्या तथा चुनौति

लिफ्ट सिंचाई आयोजनाहरु जस्ता ठूला सिंचाई प्रणालीहरु भूउपयोग नीतिको अभावका कारण उर्वर कृषि भूमि र विशाल फाँटहरू मासिँदै जाँदा प्रयोगविहीन बन्दै जाने खतरा सदैव रहिरहनेछ । खेती गरिएको जमिनको ८० प्रतिशत क्षेत्रमा सिंचाई सुबिधाको कमी रहेको छ । सिंचाई सुबिधाको न्यायोचित वितरण तथा सहज उपलब्धतामा कमी रहेको छ । सिंचाई आयोजनाको दिगो उपयोग, मर्मतसम्भार र समुचित व्यवस्थापनमा आवश्यक छ ।

### ३.२.३ सौँच

“व्यवस्थित तथा दिगो सिंचाईका पुर्वाधार”

### ३.२.४ उद्देश्य

1. गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका नहर तथा सिंचाई प्रणालीहरूको समुचित संरक्षण, संवर्द्धन र व्यवस्थापन गरेर दिगो तथा लाभदायी उपयोग गर्नु ।

### ३.२.५ रणनीति

१. ठूला नहर र लिफ्ट सिंचाई प्रणालीहरूको संरक्षण र दिगो सदुपयोग गर्ने ।

२. साना तथा मझौला सिंचाई आयोजना विकास तथा व्यवस्थापनमा समुदायको साझेदारी प्रवर्द्धन गर्ने

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास तथा कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको अगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | इकाई | २०८०/८१ को यथार्थ उपलब्धी | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| कुल खेतियोग्य भूमि मध्य बर्षैभरी सिचाई सुविधा उपलब्ध जमिन | प्रतिशत | १२ | १५ | २० | ३० | ४० |
| निर्माणाधीन तथा सुचारू सचाई आयोजना | संख्या | २० | २३ | ३० | | ५५ |

*स्रोतः संस्थागत तथ्यांक*

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | | 58925 | 58925 | 0 | 41800 | 17125 | 0 | 0 |
| २०८३/८४ | - | 64818 | 64818 | 0 | 45980 | 18838 | 0 | 0 |
| २०८४/८५ | - | 71299 | 71299 | 0 | 50578 | 20721 | 0 | 0 |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिंचाई पूर्वाधार | सिंचाई पुर्वाधार र प्रविधिको | सालबसाली | 195042 | थप २५ प्रतिशत भूमिमा |

| क.सं. | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | विकास कार्यक्रम | विकास गरी वर्षभरी सिंचाई सुविधा विस्तार गर्नु | | | सिंचाई सुविधा उपलब्ध हुनेछ । |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

मोहन्याल गाउँपालिकाको प्राथमिकता प्राप्त सिंचाई आयोजनाका रुपमा विगत लामो समय देखि निर्माणाधीन लिफ्ट सिंचाई आयोजनाहरुको निर्माण कार्य भईरहेकाले पालिका सँग स्रोत अभावका कारण अन्य सिचाई आयोजना सञ्चालन गर्न नसकेका कारण आशातित उपलब्धि हासिल हुने जोखिम रहिनै रहेको छ ।

## ३.३ पशु विकास

### ३.३.१ पृष्ठभूमि

पशुपन्छी पालन यस क्षेत्रको प्रमुख आर्थिक गतिबिधि मध्ये एक हो । गाई-भैसी, बाखा, बंगुर, माछा, लोकल तथा उन्नत जातका कुखुरापालनका लागि उपयुक्त उपलब्ध रहेको छ । यस क्षेत्रमा परम्परागत तथा व्यावसायिक रुपमा पशुपन्छी पालनको अभ्यास भइरहेको छ । यस गाउँपालिकामा दर्ता भएका व्यावसायिक पशुपंक्षी फर्म करिब ४१ वटा रहेका छन् । पशुपन्छी क्षेत्रको विकासका लागि सरकारीस्तरबाट कार्यालय तथा सेवा केन्द्र सञ्चालन भएका छैनन् भने निजी क्षेत्रबाट पनि यस्तो सेवा प्रयाप्त मात्रामा उपलब्ध हुँदै आएको छैन । अधिक अन्नबाली र बनजंगल प्रशस्त हुने भएकोले पराल र घाँस लगायतको कृषिजन्य अवशेष पशु आहारको रुपमा उपलब्ध रहेको छ । मासु तथा दुधजन्य उत्पादनको लागि बजारको सहज उपलब्धता रहेको छैन । दूध अन्डा र मासुमा गाउँपालिका लगभग आत्मनिर्भर उन्मुख भइरहेको यस क्षेत्रमा गाई-भैंसी, बाखा, बंगुर, कुखुरा तथा माछा आदिको व्यावसायिक उत्पादन वृद्धि हुँदै गएको छ । पशुजन्य उत्पादन (खासगरी दूध, अण्डा, माछा र मासु) को मागसमेत बढ्दै गएको छ भने पछिल्ला दिनमा स्थानीय उत्पादनमा आत्मनिर्भरता उन्मुख रहेको छ । दुध उत्पाद 1200 ली. रहेको छ भने १९ मे.टन मासु  वार्षिक रुपमा उत्पादन भैरहेको छ ।

### ३.३.२ समस्या तथा चूनौति

वैदेशिक रोजगारी तथा अन्य रोजगारको तुलनामा पशुपन्छीजन्य व्यवसायमा आकर्षणको कमी रहेको छ । बजार मूल्यको अस्थिरता, महामारी एवम् उत्पादन मूल्य र उपभोक्ता मूल्य बीचको अन्तर उच्च रहने गरेको छ । व्यवस्थित र व्यावसायिक रूपमा पशुपालन गर्ने कृषकलाई पशुसेवा सम्बन्धमा प्राविधिक सेवा तथा परामर्श र सहयोगको कमी रहेको छ । पशु आहारका लागि स्थानीय रूपमा दाना तथा घाँसको उत्पादनमा कमी रहेको छ । उन्नत नश्लका पशुपन्छीपालन, पशुपन्छीका लागि बिमा अनुदान, सहुलियतपूर्ण पशुपालन ऋणको व्यवस्थामा कमी हुनुका साथै गाउँपालिका अझै पूर्णरुपमा मासु, दूध, अण्डामा आत्मनिर्भर हुन सकेको छैन । पशुपालन व्यवसायमा युवा उद्यमशीलताका लागि उत्प्रेरणा तथा आकर्षक कार्यक्रम कमीको कारण निर्वाहमुखी पशुपालनको अभ्यासको व्यापकता रहेको छ । पशुआहारका लागि उन्नत घाँसको बीउ तथा डालेघाँसको उत्पादनमा कमी रहेको छ ।

### ३.३.३ सोच

उत्पादनशील पशुपालन र व्यवसायीक कृषी प्रवर्धन

### ३.३.४ उद्देश्य

1. पशुपालनलाई मर्यादित र सम्मानजनक पेशा र नाफामूलक व्यवसायका रूपमा स्थापित गर्न गाउँपालिका, कृषक समूह, कृषि सहकारी र व्यवसायीहरूको क्षमता विकास गर्नु ।
2. ठूलो स्तरमा व्यवसायिक एवम् व्यवस्थित पशुपालनका लागि गाउँपालिकाभित्र सम्पूर्ण पूर्वाधारसहितका पकेट क्षेत्रहरूको विकास गर्नु ।
3. पशुपालन क्षेत्रका मूल्य शृंखलाहरू सबलीकरण गरी रोजगारी र आयआर्जनको अवसर विस्तार गर्नु ।

### ३.३.५ रणनीति

१. पशुपालन व्यवसाय सम्बन्धी आवश्यक प्राविधिक ज्ञान तथा सूचना केन्द्र स्थापना गरी सेवा प्रदान गर्ने ।

२. स्थानीय प्रजातिका पशुपन्छीहरूको संरक्षण र संवर्दन गरी मासु एवम् दुध उत्पादन वृद्धि गर्ने ।

३. पशुपालन र सम्वन्धित क्षेत्रका लागि व्यवस्थित पूर्वाधारहरू पीपीपी मोडलमा स्थापना र सञ्चालन गर्ने ।

४. पशुजन्य उत्पादनको प्रशोधन र गुणस्तर परीक्षण गरी उद्यमशीलता तथा बजारीकरण सुनिश्चितता गर्ने ।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

यस पशुविकास क्षेत्र अन्तरगतका कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| **सूचक** | **इकाई** | २०८०/८१ को यथार्थ उपलब्धी | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| व्यवसायिक पशुपालनमा संलग्न कृषक | संख्या | ७ | १४ | २१ | २८ | ३५ |
| व्यवसायिक फर्मको संख्या (सानो ठुलो सवै) | संख्या | ४१ | ५० | ६० | ७० | ८० |
| बार्षिक दुध उत्पादन | ली./बार्षिक | १२०० | १४०० | १६०० | १८०० | २००० |
| बार्षिक मासु उत्पादन | मे. टन | १९ | २० | २४ | २८ | ३० |
| बार्षिक अण्डा उत्पादन (हजारमा) | संख्या | ४०० | ४२० | ४३० | ४३५ | ४५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बार्षिक उन उतपादन | मे. टन | ० | ० | ० | ० | ० |
| छाला उत्पादन | संख्या | ० | ० | ० | ० | ० |

*स्रोत: संस्थागत तथ्यांक*

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशुपालन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

रकम रू. हजारम

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | २,५८० | - | २,५८० | 0 | 19,50 | 6,30 | | 0 |
| २०८३/८४ | २,८३८ | - | २,८३८ | ० | 2145 | 693 | | 0 |
| २०८४/८५ | ३,१२२ | - | ३,१२२ | 0 | 2360 | 762 | | 0 |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | पशुपंक्षी सेवा अन्य कार्यक्रम | पशुपालनमा व्यवसायीकरण तथा नश्ल सुधार गर्दै आश्रृत जनशक्तिको आम्दानीमा वृद्धि गर्नु | सालवसाली | ८५४० | पशुमा नश्लसुधार मार्फत उत्पादनमा १२ प्रतिशतले वृद्धि हुनेछ |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

पशुपालन व्यवसाय परम्परागत रुपमै आम्दानीको प्रमुख श्रोतका रुपमा रहि आएको छ तथापी यसमा व्यावसायिकरण हुन नसक्दा स्थानीय कृषकहरुले अपेक्षित आम्दानी लिन सकेका छैनन् । घटदो चरन क्षेत्र तथा पशुपालन व्यवसाय व्यावसायिकरण हुन नसक्दा यो पेशा उपेक्षामा पर्दै गएकोछ तसर्थ नयां पिढीलाई यस व्यवसाय तर्फ आकर्षण गर्न नसकेमा पशुजन्य उत्पादनको आयात वढदै जाने खतरा देखिन्छ ।

## ३.४ उद्योग तथा व्यापार

### ३.४.१ पृष्ठभूमि

उद्योग तथा व्यापार स्थानीय आर्थिक विकासको एक मुख्य आधार हो। स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय

तहलाई उद्यमशीलता विकास गर्ने, लघु, घरेलु तथा साना उद्योगको नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन गर्ने, स्थानीय बजार तथा हाट व्यवस्थापन जस्ता अधिकार तथा जिम्मेवारी तोकेको छ। यस पालिकाको भौगोलिक अवस्थिति, लगानी र कच्चा पदार्थको उपलब्धता र बजारको अवस्था हेर्दा स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगको सञ्चालन नै आर्थिक विकासको आधार बन्न सक्छ। १६औं योजनाले दिगो रोजगारमूलक र उच्चप्रतिफलयूक्त औद्योगिक विकास गर्ने सोच लिएको छ भने प्रदेशले औद्योगिक विकासलाई प्रदेशको समृद्धिसँग जोडेको छ। यसैगरी दिगो विकास लक्ष्यमा लघु साना र मझौला उद्योगहरूको स्थापना र वृद्धिलाई प्रोत्साहन गर्ने लक्ष्य समावेश छ। हाल यस गाउँपालिकामा अदुवा, दालचिनी, तेजपत्ता,हर्रो, टिमुर जस्ता जडिबुटी तथा मसला खेती हुने भएकाले प्रशोधन लगायतका घरेलू उद्योग स्थापना गरी आर्थिक उत्पादन गरी आयआर्जन गर्न सकिन्छ।

### ३.४.२ समस्या तथा चूनौति

संघीय ऐनसँग प्रदेश कानून बाझिएकाले स्थानीय तहको अधिकार संकुचन हुनु, नागरिकमा उद्यमशीलताको कमी, वैदेशिक रोजगारी प्रतिको आकर्षणले औद्योगिक व्यावसायिक गतिविधि न्यूनता, औद्योगिक पूर्वाधारको अभाव, उद्योग खोल्न आबश्यक पुँजी र प्रविधिको अभाव हुनु, निजी क्षेत्रसँग दीर्घकालीन लगानी गरी प्रतिफल लिने धैर्यता नहुनु, स्थानीय उत्पादनको लागत महँगो पर्नु, विप्रेषणलाई औद्योगिक लगानीमा परिचालन गर्न नसकिनु, परम्परागत रूपमा मात्र व्यापार र व्यवसाय सञ्चालन गर्नु, सेवामूलक व्यवसायको महत्व कम बुझ्नु यस क्षेत्रको प्रमुख समस्याको रूपमा रहेका छन्।

नागरिकमा उद्यमशीलताको विकास गर्नु, औद्योगीक ग्रामको स्थापना गर्नु, स्थानीय उत्पादनलाई मूल्यश्रृङ्खलामा आबद्ध गर्नु, उध्यमशील युवाहरूलाई सीप र पुँजीको उपलब्ध गराउनु, सेवामुलक व्यवसायको महत्व बुझाई सोको विकास र विस्तार गर्नु, विप्रेषण आयलाई औद्योगिक क्षेत्रमा परिचालन गर्नु जस्ता चुनौतीहरूका साथै श्रमको सम्मा ,नीजी सार्वजनिक साझेदारी अवधारणाको प्रभावकारी कार्यान्वयन पनि चुनौतीका रुपमा रहेका छन्।

### ३.४.३ सोच

" गाउँपालिका भित्र उद्योग, व्यापार तथा ब्यवसाय विस्तार भएको र औद्योगिक उत्पादनमा वृद्धि भएको हुने "

### ३.४.४ उद्देश्य

१. उद्यमशीलताको विकास गरी स्थानीय कच्चा पदार्थ, श्रम र सीपमा आधारित उद्योगको विकास गर्नु।
२. व्यावसायिक क्रियाकलापको विस्तारका साथै आपूर्ति व्यवस्थालाई सहज बनाउनु।

### ३.४.५ रणनीति

(१) स्थानीय उद्यमशीलताको विकास गर्ने।
(२) उद्योग तथा सेवा क्षेत्रको विकासमा निजी क्षेत्र परिचालन गर्ने।
(३) उत्पादित वस्तुको बजारको पहुँच विस्तार गर्ने।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक बजेट, नीति, योजना तथा कार्यक्रमको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | २०८०/८१ सम्मको उपलब्धि | २०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |

| सूचक | एकाई | २०८०/८१ सम्मको उपलब्धि | २०८१/८२ सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| उद्योग तथा व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | 2220 | 2353 | 2494 | 2643 | 2801 |
| गाउँपालिकामा दर्ता भएका उद्योग तथ व्यवसाय | संख्या | 105 | 107 | 150 | 200 | 250 |
| व्यवसाय करबाट संकलित राजस्व | रु. हजारमा | 38 | 106 | 117 | 129 | 142 |
| व्यवसायिक क्षेत्रको वार्षिक उत्पादन (कुल मूल्य अभिवृद्धि) | रु. लाखमा | - | - | - | - | - |

*स्रोत: विषयगत शाखाको प्रगति विवरण*

## ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग तथा व्यापार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएकोछः:

| आर्थिक वर्ष | बजेट अनुमान (रु ह्जारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजिगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | २,३५० | १,४६० | ३,८१० | ० | ९०६ | २६६० | २४४ | ० |
| २०८३/८४ | २,५८५ | १,६०६ | ४,१९१ | ० | ९९७ | २९२६ | २६८ | ० |
| २०८४/८५ | २,८४४ | १,७६७ | ४,६१० | ० | १०९७ | ३२१८ | २९५ | ० |

## ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.स | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | उद्योग व्यापार तथा व्यवसाय विकास सालवसाली कार्यक्रम | उद्यमशीलता मार्फत स्थानीय स्तरमा रोजगारी श्रृजना गर्ने | सालवसाली | 12611 | कम्तिमा १२ प्रतिशत तालिम प्राप्त उद्यमीहरु व्यवसायमा संलग्न हुनेछन् । |

## ३.४.९ जोखिम पक्ष तथा अनुमान

वैदेशिक रोजगार प्रति युवाहरुमा वढदो आकर्षण, स्थानीय स्तरमा व्यवसाय श्रृजना तथा विकासका लागी आकर्षणयुक्त कार्यक्रमहरु नहुनु, भौगालिक विकटताका कारण वर्षैभरी चल्ने स्तरीय सडक नहुनु, प्रयाप्त पूजींको अभाव र वजारीकरणका यावत समस्याहरुलाई नीतिगत र कार्यक्रमगत रुपमा सम्वोधन गर्न नसकिए उद्यमशीलता मार्फत स्थानीय रोजगारी श्रृजना गर्ने उद्देश्य हासिल गर्न चुनौति देखिएकोछ ।

## ३.५ पर्यटन विकास

### ३.५.१ पृष्ठभूमि

पर्यटन स्थानीय आय आर्जन र रोजगारी सृजनाका लागि महत्वपूर्ण क्षेत्र हो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन, नवीन पर्यटकीय सेवाहरूको पहिचान, विकास तथा स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन, घरवास पर्यटन गाउँपालिकाको अधिकार क्षेत्रभित्र राखेको छ ।

पर्यटन क्षेत्रलाई १६ औं योजनाले आर्थिक वृद्धि र आयका अवसरसँग जोडेको छ भने प्रदेशले पनि सम्पदा मैत्री पर्यटनलाई विकासका मुख्य चालकको रूपमा लिएको छ । दिगो विकास लक्ष्यले पर्यटनलाई रोजगारी सिर्जनाका साथै गार्हस्थ्य उत्पादन र आर्थिक वृद्धिको सूचकमा आबद्ध गरेको छ ।

यहाँ भएका ऐतिहासिक महत्वका पर्यटकिय गन्तव्यहरु, धार्मिक पर्यटनका सम्भावनाहरु र अन्य थुप्रै पर्यटकिय गन्तब्यहरु रहेका कारण पर्यटन प्रबर्धन गर्न सकिने यथेष्ट सम्भावना हरु यो गाउँपालिकामा रहेका छन ।

### ३.५.२ समस्या तथा चूनौति

पर्यटन पूर्वाधारको विकास हुन नसक्नु, पर्यटन विकास सम्बन्धी गुरुयोजना नहुनु, पर्यटकीय उपजको पहिचान एवं बजारीकरण हुन नसक्नु, पर्यटकहरूलाई आवश्यक पर्ने होटल लगायतका सेवा सुविधा उपलब्ध नहुनु, यसका साथै यहां स्थानीयस्तरमा उपलब्ध विशिष्ट कला संस्कृतिको प्रचार प्रसार हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

पर्यटकीय पूर्वाधार विकास गर्नु, पर्यटकीय गन्तव्य र उपजको बजारीकरण गर्नु, आधारभूत पर्यटकीय सुविधाहरूको व्यवस्था गर्नु, निजी क्षेत्रलाई पर्यटन व्यवसायतर्फ आकर्षित गर्नु, मगर संस्कृतिलाई पर्यटकीय आकर्षणको रूपमा विकास गर्नु, घरमा आधारित (home stay) र पर्यापर्यटनको विकास गर्नु यस क्षेत्रका प्रमुख चुनौतीको रूपमा रहेका छन् भने पर्यटन पुर्वाधारका रुपमा स्तरिय बाटोघाटो लगायतका अन्य भौतिक संरचनाको बिकास गर्नु पनि अर्को चुनौती रहेकोछ ।

खासगरी युवा वर्गमा पुरानो रैथाने भाषा, कला, संस्कृति तथा परम्पराका साथै ऐतिहासिक सम्पदा प्रति आकर्षण घट्दै जानु र आधुनिकताका नाममा विभिन्न विदेशी संस्कृतिको नक्कल र विकृति मौलाउँदै जानु पर्यटन तथा संस्कृतिको संरक्षण र विकासमा ठूलो चुनौतिका रुपमा देखिएको छ ।

### ३.५.३ सोच

“ व्यवस्थित र पर्यटकीय गन्तव्य , सुन्दर मोहन्याल”

### ३.५.४ उद्देश्य

१. पर्यटन क्षेत्रबाट आय र रोजगारी अभिवृद्धि गर्नु

२. धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक कला र सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्नु ।

३. कला, भाषा र संस्कृतिहरूलाई मर्यादित र सम्मानजनक रूपमा पर्यटन उद्योगसँग जोडेर स्थानीय समुदायको जीवनस्तर सुधारका लागि उपयोग गर्नु ।

### ३.५.५ रणनीति

१. पर्यटन विकासका लागि उपयुक्त नीतिगत तथा संस्थागत संरचनाको स्थापना गरी परिचालन गर्ने ।

२. छिमेकी स्थानीय तहहरू, निजी व्यावसायिक संघ/संस्थाहरू र समुदायको सहकार्यमा पर्यटकीय स्थल र पूर्वाधारहरूको संरक्षण संवर्द्धन र विस्तार गर्ने ।

३. कला (गीत नृत्य आदि) संस्कृति (पर्व, महोत्सव आदि) को समुचित व्यवस्थापन र प्रवर्द्धन गर्ने ।

४. ऐतिहासिक र पुरातात्विक सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्ने ।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक बजेट, नीति, योजना तथा कार्यक्रमको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | २०८०/८१ सम्मको उपलब्धि | २०८१/८२ सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| भ्रमण गर्ने पर्यटक (बार्षिक) | संख्या | | | | | |
| व्यवस्थित र स्तरीय पर्यटकीय स्थल तथा सम्पदा | संख्या | 5 | 6 | 7 | 8 | 10 |
| व्यवस्थित पार्क/उद्यान, पिकनिक र हाइकिङ स्थल | संख्या | 4 | 4 | 5 | 5 | 6 |
| व्यवस्थित होमस्टे र पर्यटकीय गाउँ | संख्या | 1 | 1 | 1 | 2 | 2 |
| पर्यटकको औसत बसाई अवधी | दिन | 2.0 | 3 | 4 | 5 | 7 |
| बिदेशी पर्यटकको दैनिक औसत खर्च | अमेरिकी डलर | | | | | |

*स्रोत: संस्थागत तथ्यांक*

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | बजेटको स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | | 700 | 700 | 0 | 150 | 550 | | 0 |
| २०८३/८४ | - | 770 | 770 | 0 | 165 | 605 | | 0 |
| २०८४/८५ | - | 847 | 847 | 0 | 182 | 665 | | 0 |

### ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | पर्यटन पूर्वाधार तथा पर्यटन विकास कार्यक्रम | पर्यटन पुर्वाधारको विकास मार्फत आन्तरिक पर्यटन प्रवर्धन गर्ने | सालबसाली | 2317 | वार्षिक १५ प्रतिशतले आन्तरिक पर्यटकहरुको संख्या वढेको हुनेछ |

### ३.५.९ जोखिम पक्ष तथा अनुमान

मौसमी एवम् अस्थिर प्रकृतिको पर्यटकीय आगमन, यातायात सुविधाको कमी, अपर्याप्त पूर्वाधार तथा पर्यटकीय सेवा र सुविधा पर्यटन विकासका प्रमुख समस्याहरु तथा चुनौतीहरु हुन् । स्थानीय स्तरमा पर्यटन प्रवर्द्धन गर्न पर्यटन व्यवसायलाई पेशाका रुपमा अंगाल्न नसक्नु र आन्तरिक पर्यटन प्रवर्द्धनका साथै विदेशी पर्यटकहरुको सरदर बसाई लम्ब्याउन नसक्नु पनि पर्यटन व्यवसाय नफष्टाउनुका आधारका रुपमा देखिएका छन् ।

## ३.६ भूमि व्यवस्था,बैंक तथा सहकारी

### ३.६.१ पृष्ठभूमि

मोहन्याल गाउँपालिका, कैलाली जिल्लामा अवस्थित एक स्थानीय तह हो जसले नेपालको संविधान र सरकारको नीतिअनुसार सामाजिक न्याय र समानताको प्रत्याभूति गर्न विभिन्न कार्यक्रमहरू संचालन गर्दै आएको छ। यसै क्रममा, गाउँपालिकाले भूमिहिन दलित, भूमिहिन सुकुम्बासी, र अव्यवस्थित बसोबासीहरूलाई जग्गा स्वामित्व (जग्गाधनी पूर्जा) प्रदान गर्ने प्रक्रियालाई अघि बढाएको छ । नेपाल सरकारद्वारा पारित **"भूमिहिन दलित र सुकुम्बासीहरुको जग्गा व्यवस्थापन तथा बसोबास सम्बन्धी मापदण्ड, २०७८"** र सोसम्बन्धी अन्य नीति तथा कार्यविधिहरूको पालना गर्दै, यस कार्यक्रमले दीर्घकालदेखि जग्गाविहीन अवस्थामा बसोबास गर्दै आएका समुदायहरूलाई स्थायी बसोबास र आर्थिक-सामाजिक सशक्तीकरणतर्फ अग्रसर गराउने लक्ष्य लिएको छ। मोहन्याल गाउँपालिकाले स्थानीय अवस्था, भू-प्रयोग नक्सा, बसोबासको अवस्था, र कानूनी मापदण्डको अध्ययनका आधारमा प्रक्रिया अघि बढाइरहेको छ। यसमा स्थानीय समुदाय, सरोकारवाला निकायहरू, र सरकारी संयन्त्रहरूको समन्वय र सहकार्यलाई प्राथमिकता दिइएको छ।

यस गाउँपालिकामा जम्मा २ वटा वैङ्क र १० वटा सहकारी संस्था रहेका छन् । गाउँपालिकाका झन्डै १०.% घरपरिवारका महिला सहकारी वा समूहमा संलग्न छन् । ति मध्ये अधिकांश ले रु १०० भन्दा बढी नियमित बचत गर्ने गरेका छन् । यस गाउँपालिकाका करिब ३० प्रतिशत घरपरिवारको बैंक खाता रहेको छ।

### ३.६.२ समस्या तथा चूनौति

मोहन्याल गाउँपालिकाले नेपाल सरकारको नीति अनुसार भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई जग्गाधनी पुर्जा वितरण गर्ने प्रयास गर्दै आएको भए तापनि यस प्रक्रियामा विभिन्न समस्या र चुनौतीहरू देखा परेका छन्। प्रमुख समस्याहरूमा उपयुक्त र प्रमाणित विवरण अभाव, आवश्यक कागजातको अपूर्णता, सरकारी निकायबीच समन्वयको कमी, भू-स्वामित्वसम्बन्धी विवाद, र स्थानीय स्तरमा हुने राजनीतिक हस्तक्षेप रहेका छन्। साथै, भू–उपलब्धता सीमित हुनु र वातावरणीय तथा कानुनी प्रक्रियाको जटिलता पनि ठूला चुनौतीहरू हुन्।

गाउँपालिकामा सहकारी व्यवस्थापन र नियमन सम्बन्धी नीतीको अभाव,व्यवस्थापन सुचना प्रणालीमा आवद्ध गर्न नसक्नु, अधिकांश सहकारीहरू बचत तथा ऋणमा केन्द्रित हुनु, सहकारी सूचनाकेन्द्रको अभाव हुनु, सहकारी संस्थाहरू सहकारीको सिद्धान्त अनुसार सञ्चालन हुन नसक्नु, वित्तीय साक्षरताको कमी हुनु, बैंक तथा वित्तीय संस्था निश्चित क्षेत्रमा केन्द्रित हुनु र सबै वडामा उपलब्ध नहुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

बैंक, वित्तीय संस्था एवं सहकारीहरुको संख्या तथा कारोवारको तुलनामा अनौपचारिक क्षेत्रबाट हुने कारोवारको अवस्था उल्लेखनिय रहेको छ । वित्तीय सेवामा महिला र पुरुषको समान पहुँच रहेको छैन । बैंकखाता अवस्था हेर्दा ७५ प्रतिशत पुरुषहरूसँग सक्रिय बचत खाता भएको देखिन्छ भने महिलाका हकमा भने २५ प्रतिशत महिलासँग मात्र त्यस्तो खाता रहेको छ । आर्थिक क्षेत्रमा कोभिड महामारी र राष्ट्रिय रुपमा देखा परेको आर्थिक गतिबिधिमा देखा परेको सिथिलताका कारण तरलताको कमी रहेको छ । गाउँपालिकाको केन्द्र रहेको क्षेत्रमा बैंकको उपस्थिति भए पनि भौगोलिक कठिनाईका कारण सबै क्षेत्रमा सर्वशुलभ पहुँच विस्तार हुन सकेको छैन । वित्तीय साक्षरताको कमी, धितो राख्ने सम्पत्तिको अभाव, आवश्यक प्रमाण पुऱ्याउन नसक्नु, झन्झटिलो कागजी प्रक्रिया र आवश्यक सहयोगका लागि सेवा केन्द्रको अभाव कारण अनौपचारिक क्षेत्रबाट कारोवार हुने गरेको छ । बैंकिङ तथा वित्तशास्त्रका

जटिल प्राविधिक विषय र सम्बन्धित प्रावधानको ज्ञान नहुँदा र दर्ता, कर चुक्ता, घरभाडा सम्झौताका साथै व्यावसायिक परियोजना प्रस्ताव जस्ता आधारभूत कागजात आफैंले तयार गर्न नसक्नु नै साना तथा लघु उद्यमका लागि सहज वित्तीय पहुँचमा बाधक बनेको देखिन्छ।

### ३.६.३ सोच

"समावेशी, दिगो र वैज्ञानिक भूमि व्यवस्थापनमार्फत समृद्ध र व्यवस्थित गाउँपालिका निर्माण।"
" सहज वित्तीय पहुँच र उत्पादनमूलक लगानी भएको हुने "

### ३.६.४ उद्देश्य

(१) भूमिहिन तथा सुकुम्बासी नागरिकलाई सामाजिक न्यायको दायरामा ल्याउने।
(२) सुरक्षित र स्थायी बसोबासको अधिकार सुनिश्चित गर्ने।
(३) राज्यप्रति उनीहरूको विश्वास र सहभागिता बढाउने।
(४) सहकारी तथा वित्तीय संस्थाको विकास र विस्तार गर्नु।
(५) नागरिकको वित्तीय पहुँच वृद्धि गर्नु।

### ३.६.५ रणनीति

(१) योग्यता मूल्याङ्कन तथा दर्ता प्रक्रिया।
(२) जग्गा व्यवस्था र भू—आवास योजना निर्माण।
(३) स्वामित्व हस्तान्तरण तथा कानुनी सुनिश्चितता।
(४) उत्पादन र वितरण सहकारीलाई प्रोत्साहन गर्ने।
(५) कृषिक्षेत्रको विस्तार र विकासमा सहकारीको भूमिका वृद्धि गर्ने।
(६) सहकारी प्रसार र प्रवर्द्धन गर्ने।
(७) वित्तीय सेवाको सहज पहुँच उपलब्ध गराउने।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक बजेट, नीति, योजना तथा कार्यक्रमको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | इकाई | २०८०/८१ को यथार्थ उपलब्धी | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| जग्गा नापजाँच | संख्या | ८७२ | २०४५ | ३३५० | ३४५० | |
| कित्ताकाट सहितको जग्गा वर्गीकरण | संख्या | ० | ० | ५० | १०० | २०० |
| जग्गाधनी पूर्जा वितरण | संख्या | ० | ० | ५०० | १५०० | २५०० |
| सहकारीको नेतृत्वमा महिला सहभागिता | प्रतिशत | २७.००% | २७.३४% | ३०.००% | ३०.८७% | ३५.७६% |
| वित्तिय सेवामा पहुँच | प्रतिशत | ४२.००% | ४२.८५% | ४३.६७% | ४५.८७% | ५०.८९% |
| सहकारीमा पहुँच भएका घरपरिवार (३० मिनेटको पैदल दूरीमा) | प्रतिशत | १५.००% | १५.००% | २०.००% | ३०.००% | ५०.००% |

*स्रोत: विषयगत शाखा तथा संस्थागत तथ्यांक*

### ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था तथा सहकारी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत (भुमी व्यवस्था तर्फ) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | 1500 | 1000 | 2500 | 0 | 2500 | | | 0 |
| २०८३/८४ | 1650 | 1100 | 2750 | | 2750 | | | 0 |
| २०८४/८५ | 1815 | 1210 | 3025 | | 3025 | | | 0 |
| **आर्थिक वर्ष** | **बजेट अनुमान (रु हजारमा)** | | | | **बजेटको स्रोत** (वैंक तथा सहकारी तर्फ) | | | |
| | चालु | पूँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | 400 | 950 | 1350 | 0 | 550 | 800 | | 0 |
| २०८३/८४ | 440 | 1045 | 1485 | 0 | 605 | 880 | | 0 |
| २०८४/८५ | 484 | 1150 | 1634 | 0 | 666 | 968 | | 0 |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | जग्गा नाँपजाँच, वर्गीकरण र जग्गाधनी पूर्जा वितरण | जग्गाधनी पूर्जा वितरण गर्नु । | सालबसाली | 8275 | सवै प्रकारका सूकुम्बासीहरुलाई जग्गाधनी पुर्जा उपलब्ध हुनेछ । |
| 2 | सहकारी तथा वित्तिय सेवा प्रवर्द्धन कार्यक्रम | सहकारीका माध्यम वाट स्थानीय स्वरोजगार सृजना गर्नु | सालबसाली | 8937 | गठन भएका सवै सहकारीहरु कृयाशील हुनेछन् |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाले भूमिहिन दलित, भूमिहिन सुकुम्बासी, र अव्यवस्थित बसोबासीहरूलाई जग्गाधनी पूर्जा वितरण कार्य सम्पन्न गरेमा आवासको स्थायित्व र जीवनस्तरमा सुधार, सामाजिक समावेशिता र सम्मानजनक जीवन, रोजगारी र आर्थिक अवसरमा वृद्धि, गरिबी न्यूनीकरण र समृद्धिको बाटो खुल्नेछ । गाउँपालिकावासीहरुमा वित्तीय साक्षरताका अवसरहरु उपलब्ध हुनेछ तथा बैंक, वित्तीय संस्था एवम् सहकारी संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरणमा बढी क्रियाशिल हुनेछन् । तर यस्ता संस्थाहरुको खराब कर्जा सदैव जोखिमयुक्त रहिरहनेछ । उपरोक्त अवस्था सिर्जना हुन नसकेमा लक्ष्य हासिल नहुने जोखिम रहिरहनेछ ।

## ३.७ श्रम तथा रोजगारी

### ३.७.१ पृष्ठभूमि

जनसंख्याको ठुलो हिस्सा युवा जनशक्ति स्थानीय स्तरमा रोजगारी श्रृजना हुन नसक्दा आन्तरिक तथा बैदेशिक रोजगारीका लागी वाहिरिने क्रम तिव्र रहेको छ । युवाहरुमा स्थानीय स्तरमै केहि गर्न सकिन्छ

भन्ने भावना तथा उत्प्रेरणा जगाउन नसक्दा श्रमका लागी विदेशिने संख्या उच्च रहेको हो तथापी स्थानीय स्तरमै उत्पादनशील उद्योग, निर्माण, पर्यटन, व्यापार, होटल तथा रेष्टुरेण्ट, सूचना तथा सञ्चार प्रविधि र कृषि क्षेत्रमा रोजगारीका यथेष्ट अवसरहरु रहेका छन् । पहिचान गरिएका रोजगारीका अवसरहरुलाई रोजगारीमा रुपान्तरण गर्न स्थानीय श्रोत साधन तथा प्रविधिमा आधारित उद्यम तथा व्यवसाय प्रवर्द्धनमा गाउँपालिकाले विशेष जोड दिनसके स्थानीय रोजगारी मार्फत गरिवी न्युनीकरणमा समेत टेवा पुग्ने देखिन्छ ।

### ३.७.२ समस्या तथा चनौति

वैदेशिक रोजगारी लगायत वाह्य क्षेत्रको रोजगारीमा आकर्षण कायमै रहेको छ । आर्थिक क्षेत्रमा कोभिड महामारी र राष्ट्रिय रुपमा देखा परेको आर्थिक गतिबिधिमा देखा परेको सिथिलताका कारण रोजगारीको क्षेत्र संकुचित भएको छ । युवा जनशक्ति विदेश पलायन हुने र स्थानीय उद्योग व्यवसाय अन्यत्रका श्रमिकमा भर पर्नु पर्ने विडम्बनापूर्ण अवस्था नै हो । औद्योगिक तथा निर्माण क्षेत्रको मागअनुसार श्रमिक स्थानीय बजारमा उपलब्ध नहुँदा विदेशी (भारतीय) कामदारमा भर पर्ने अवस्था रहेको छ । यस्ता खाले वजारमा मांग भएका जनशक्ति विकासका लागि रोजगारमूलक तालिम र नयाँ प्रविधिको अनुकूल हुने गरी क्षमता विकासका अवसरहरुमा कमी रहेको छ ।

### ३.७.३ सोच

“ मर्यादित रोजगारीको अवसरमा वृद्धि भई रोजगारी सृजना भएको हुने ”

### ३.७.४ उद्देश्य

स्थानीय स्तरमै रोजगारीका अवसर वृद्धि गर्ने

### ३.७.५ रणनीति

(१) रोजगार सूचना प्रणाली व्यवस्थित बनाउने ।

(२) स्थानीय रोजगारी प्रवर्द्धन गर्ने ।

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक बजेट, नीति, योजना तथा कार्यक्रमको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | २०८०/८१ सम्मको उपलब्धि | २०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना (प्रधानमन्त्री रोजगार कार्यक्रम सहित) | जना | 218 | 310 | 90 | 95 | 100 |
| कार्यक्रमबाट सिर्जित रोजगारी | कार्यदिन | 90 | 70 | 100 | 100 | 100 |

*स्रोत: संस्थागत तथ्यांक*

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम, रोजगार तथा गरिबी निवारण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | 5200 | 3472 | 8672 | 0 | 900 | 7772 | 0 | 0 |
| २०८३/८४ | 5720 | 3819 | 9539 | 0 | 990 | 8549 | 0 | 0 |
| २०८४/८५ | 6292 | 4201 | 10493 | 0 | 1089 | 9404 | 0 | 0 |

### ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.सं. | कार्यक्रम तथा आयोजना/उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | श्रम तथा रोजगार प्रवर्द्धन कार्यक्रम | वेरोजगार युवाहरु लाई काममा आधारित रोजगारमा संलग्न गराउनु | सालबसाली | 28704 | दक्ष जनशक्ति श्रमका सकृय रहनेछन |

### ३.७.९ जोखिम पक्ष तथा अनुमान

रोजगारी सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ। गाउँपालिकामा रोजगार सम्बन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ । रोजगारमुलक उद्योग तथा व्यवसायको प्रवर्द्धनका लागि निजी क्षेत्रको लगानी आकर्षित भएको हुनेछ, रोजगार प्रवर्द्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ।

## ३..८ गरिवी निवारण

### ३.८.१ पृष्ठभूमि

नेपाल विश्वको अतिकम विकसुत मुलुक मध्ये एक हो । भुपरिवेष्ठित भूगोलले वाहय मुलुक संगको सम्वन्धमा केही संकुचन गराएको भएता पनि भूमण्डलीकरण, आर्थिक उदारीकरण र सुचना प्रविधिले विकासका सवै पक्ष ,सम्भावना र अवसरहरु संग नेपाललाई जोडदै लगेको छ। श्रम आप्रवासनमा वढदो गतिशीलताले वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण राष्टिय आयको एक प्रमुख हिस्सा वन्दै गएको छ । नेपालको आर्थिक विकासको प्रमुख आधारशीलामा अझै पनि कृषि पेशा नै रहेको छ तथापी कृषिमा व्यवसायिकरण र यान्त्रीकिकरण हुन नसक्दा उत्पादनमा वृद्वि हुन सकेको छैन। एकातिर जनसंख्याको ठुलो हिस्सा कृषि पेशामा आश्रृत हुनु र अर्को तर्फ कृषि पेशामा समयानुसार व्यवसायिकरण र यान्त्रीकिकरण हुन नसक्दा अवस्थामा सुधार हुन नसकेको यथार्त लाई कसैले पनि नकार्न सक्दैन। गरिवी न्युनिकरणका लागी नेपाल सरकारले थुप्रै प्रयत्न गर्दा गर्दै पनि २०.२७ प्रतिशत जनसंख्या गरिविको रेखामुनि वाँच्न वाध्य छन।

समाजको परिवर्तित संरचना, वदलिदो जिवनशैली, प्रविधीमा भएको विकास तथा सोको उपयोग समेतले गरिवीको आयाम र वुझाईमा सापेक्ष चिन्तन भित्रिएको छ। शहरी क्षेत्रमा अव्यवस्थित वसाईं सराइको तीव्रता र विप्रेषणको प्रभाव वाट ग्रामिण गरिवी घटेको आभास दिन्छ तर ग्रामिण गरिवी शहरी गरिवीका रुपमा रुपान्तण हुदै गएकोछ । वहुआयामिक गरिवी सुचकांका आधारमा नेपालमा जनसंख्याको १७.७ प्रतिशत मानिसहरु अझै गरिव छन। यस गाउँपालिकाको गरिवि विश्लेषण छुट्टै नगरिएको भएता पनि राष्टिय सुचकांक, प्रादेशिक सुचकांक र जिल्लागत सुचकांक लाई आधारमानि विश्लेषण गर्दा यस गाउँपालिकाको कुल जनसंख्याको लगभग २४.६६ प्रतिशत जनता गरिव रहेको पाईन्छ।

दिगो विकासको लक्ष्य अनुरुप सवै स्वरुपको गरिवी निर्मुल पार्नुपर्ने राष्टिय अभिभारा पुरा गर्न र आफ्ना नागरिकहरु लाई गरिवीको चक्रवाट वाहिर निकालन यस गाउँपालिकाले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा

विभिन्न कार्यक्रम हरु संचालन गर्दै आएकोछ । विभिन्न स्वरोजगारमूलक कार्यक्रमका साथसाथै शीप अभिवृद्धीका विभिन्न कार्यक्रमहरु गाउँपालिकामा संचालनमा रहेका छन ।

### ३.८.२ समस्या तथा चनौति

वर्तमान युवाशक्तिमा वैदेशिक रोजगारी लगायत वाह्य क्षेत्रको रोजगारीमा आकर्षण कायमै रहेको छ । आर्थिक क्षेत्रमा कोभिड महामारी र राष्ट्रिय रुपमा देखा परेको आर्थिक गतिबिधिमा देखा परेको सिथिलताका कारण देशभरी नै रोजगारीको क्षेत्र संकुचित भएको वर्तमान अवस्थामा यो गाउँपालिका यसवाट अछुतो रहन सक्दैन । युवा जनशक्ति विदेश पलायन हुने र स्थानीय उद्योग व्यवसाय अन्यत्रका श्रमिकमा भर पर्नु पर्ने विडम्बनापूर्ण अवस्था नै हो । औद्योगिक तथा निर्माण क्षेत्रको मागअनुसार श्रमिक स्थानीय बजारमा उपलब्ध नहुँदा विदेशी (भारतीय) कामदारमा भर पर्ने अवस्था रहेको छ । यस्ता खाले वजारमा मांग भएका जनशक्ति विकासका लागि रोजगारमूलक तालिम र नयाँ प्रविधिको अनुकूल हुने गरी क्षमता विकासका अवसरहरुमा कमी रहेको छ ।

### ३.८.३ सोच

"शीप र क्षमता विकास संगै रोजगारीमा युवा आवद्धता मार्फत गरिवी न्युनीकरण"

### ३.८.४ उद्देश्य

१. युवा जनशक्तिलाई बजार मागअनुरूपका सीपमा आधारभूत तालिम र क्षमता विकास कार्यक्रम मार्फत् स्थानीय श्रम बजारमा सहभागी हुने अनुकूल वातावरण निर्माण गर्नु ।

२. संघ प्रदेश र निजी क्षेत्रसँगको सहकार्यमा युवा रोजगारका नयां नयां क्षेत्र पहिचान गर्नु र युवाहरुलाई दीगो रोजगारीमा संलग्न गराउनु ।

### ३.८.५ रणनीति

१. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा युवाशक्तिलाई स्थानीय स्तरमै उत्पादनशील रोजगारी श्रृजना गर्ने र गरि युवाशक्तिलाई श्रम वजार संग जोडने ।

२. गरिव व्यक्ति, समुदाय तथा परिवार पहिचान गरि गरिवी निवारणका प्रयासहरुमा प्रत्यक्ष रुपमा जोडदै लैजाने ।

### ३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | २०८०/८१ सम्मको उपलब्धि | २०८१/८२ सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| गरिवी निवारणका लागी संचालित कार्यक्रमहरु | संख्या | 2 | 2 | 2 | 3 | 4 |
| वहुआयामिक गरिवी | प्रतिशत | 27.5 | 28 | 26 | 24 | 20 |

*स्रोत: विषयगत शाखा तथा संस्थागत तथ्यांक*

### ३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम, रोजगार तथा गरिबी निवारण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु ह्जारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | 1400 | | 1400 | 0 | | 1400 | | |
| २०८३/८४ | 1540 | | 1540 | 0 | | 1540 | | |
| २०८४/८५ | 1694 | | 1694 | 0 | | 1694 | | |

### ३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना/उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | गरिवी न्युनीकरण कार्यक्रम | उत्पालनमुलक तथा श्रममुलक रोजगारका क्षेत्रमा युवा जनशक्तिको संलग्नता वढाउनु | सालबसाली | 4634 | उत्पादनमुलक तथा श्रममुलक रोजगार श्रृजना मार्फत तीन वर्षमा कम्तिमा ५ प्रतिशत गरिवी घटेको हुनेछ। |

### ३.८.९ जोखिम पक्ष तथा अनुमान

गरिवी निवारणका लागी  स्थानीय स्तरमै रोजगारी श्रृजना सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । गाउँपालिका मा रोजगार सम्बन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ। रोजगारमुलक उद्योग तथा व्यवसायको प्रवर्द्धनका लागि निजी क्षेत्रको लगानी आकर्षित भएको हुनेछ , रोजगार प्रवर्द्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ।

# परिच्छेद चार : सामाजिक क्षेत्र

यस परिच्छेद अन्तर्गत स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

## ४.१ शिक्षा, कला, भाषा तथा सांहित्य

### ४.१.१ पृष्ठभूमि

भौगोलिक रुपमा दुर्गम भएता पनि यस गाउँपालिकामा शैक्षिक गतिविधीहरु सन्तोषजनक नै छन। १२ कक्षा सम्म पढाई हुने सामुदायिक विधालयहरु ५ वटा सहित जम्मा ५६ वटा विधालयहरु  सञ्चालनमा रहेका छन । यस क्षेत्रमा अध्ययन, अनुसन्धान तथा प्रशिक्षण प्रदान गर्ने शिक्षण संस्थाहरूको विकास र विस्तार हुँदै गएका छ।

नेपालको संविधानले माध्यमिक तह सम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको हुँदा शिक्षामा सबै नागरिकको पहुँचको सुनिश्चिताका साथै गुणस्तरीय शिक्षा प्रदान गर्नु प्रमुख कर्तव्य हुन आएको छ। शिक्षाले रोजगारी र आयआर्जनको अवस्था सृजना गरी मानिसको जीवन स्तरमा सुधार ल्याउनुका साथै सामाजिक र सांस्कृतिक विकास मार्फत् सभ्य समाजको निर्माण गर्नु नागरिकको सबैभन्दा नजिकको सरकार स्थानीय तह भएको हुनाले यस गाउँपालिकाको जिम्मेवारीका साथै कर्तव्य

समेत हुन आउँछ । शिक्षामा गरेको लगानीले विकासको समग्र पक्षमा प्रभाव पर्ने हुँदा लगानी बृद्धि तर्फ राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा जोडदार आवाज उठ्दै आएको छ । प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको विद्यालय शिक्षालाई व्यवस्थित गरी विद्यालय उमेर समूहका बालबालिकालाई शिक्षामा पहुँच पुर्‍याई गुणस्तरीय सिकाइ उपलब्धि गराउनु, जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने रोजगारमूलक, व्यवसायिक, प्रविधियुक्त र सीपमूलक शिक्षा प्रदान गर्नु, अनौपचारिक शिक्षाको माध्यमबाट सबै नागरिकहरूलाई जीवन पर्यन्त सिक्ने वातावरण सृजना गरी शिक्षाको अवसर प्रदान गर्नु स्थानीय तहको मुख्य भूमिका रहन गएको छ । विद्यालय शिक्षालाई गुणस्तरीय बनाई सामुदायिक विद्यालयमा अभिभावकहरूको आकर्षण बढाउनुका साथै शिक्षामा लगानी गर्ने वातावरण सृजना गर्नुपर्ने अवस्था आएको छ ।

### ४.१.२ समस्या तथा चूनौति

शैक्षिक गुणस्तरको कमी र शिक्षामा सबै नागरिकको समान पहुँच हुन नसक्नु मुख्य शैक्षिक समस्या हो । सामुदायिक विद्यालयको शिक्षाप्रति गाउँपालिकाबासीको विश्वासमा कमी रहेको छ । सामुदायिक विद्यालयमा दरबन्दी मिलान, शिक्षक समायोजन, नेतृत्व सबलीकरण, भौतिक पूर्वाधार विकास, विद्यालय व्यवस्थापन तथा अनुगमन प्रभावकारी हुन सकेको छैन । सबैकालागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु, विद्यालय भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षित रूपमा सिकाइ उपलब्धि हासिल हुन नसकिएको, तहगत र विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसकिएको, प्राविधिक शिक्षालाई विद्यालय शिक्षाको मूलधारको रूपमा विकास गर्न नसकिएको, गुणस्तर कायम तथा नियमित अनुगमन गरी शैक्षिक कार्यक्रमहरूलाई प्रभावकारी बनाउन प्रोत्साहित गर्ने विषय पनि यथावत् नै छ । जीवनउपयोगी एवम् गुणस्तरीय शिक्षामा विपन्न, दलित, सीमान्तकृत र पिछडिएका समुदायहरूका लागि शिक्षामा विशेष व्यवस्था गर्न सकिएको देखिदैन ।

### ४.१.३ सोच

आधारभूत तथा माध्यमिक तहसम्म गुणस्तरीय शिक्षामा सबैको पहुँच भएको हुने

### ४.१.४ उद्देश्य

विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु

### ४.१.५ रणनीति

१. विद्यालयलाई आधुनिक प्रविधियुक्त बनाउने ।
२. शिक्षकको क्षमता अभिवृद्धि गर्ने ।
३. विद्यालय शैक्षिक तथा भौतिक पूर्वाधारको विकास गर्ने ।
४. विद्यालयको संरचना तथा क्रियाकलाप अपाङ्गता मैत्री, बालबालिकामैत्री बनाउने ।
५. विद्यालय जाने सबै उमेरसमूहका बालबालिकालाई विद्यालय ल्याउने, टिकाउने र सिकाउने वातावरण सृजना गर्ने ।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक बजेट, नीति, योजना तथा कार्यक्रमको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | २०८०/८१ | २०८१/८२ | मध्यमकालीन लक्ष्य |
|---|---|---|---|---|

| | | सम्मको उपलब्धि | सम्म को अनुमानित उपलब्धि | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
|---|---|---|---|---|---|---|
| पूर्व प्राथमिक तहको खुद भर्ना दर | प्रतिशत | 64.3 | 68 | 69 | 70 | 72 |
| प्राथमिक तह खुद भर्ना | प्रतिशत | 93.3 | 94 | 94.2 | 95 | 96 |
| माध्यमिक तहमा खुद भर्नादर (९ देखि १२) | प्रतिशत | 51.8 | 55 | 56 | 58 | 59 |
| महिला साक्षरता दर (१५-२४ वर्ष उमेर) | प्रतिशत | 96.4 | 97 | 97.1 | 97.2 | 97.3 |
| विद्युत्मा पहुँच भएका विद्यालय | प्रतिशत | 16.94 | 18 | 30 | 50 | 55 |
| इन्टरनेटमा पहुँच विद्यालय | प्रतिशत | 50.8 | 51 | 55 | 60 | 70 |
| खानेपानी, सरसफाइ र स्वच्छता सुविधा उपलब्ध विद्यालय | प्रतिशत | 40.35 | 42 | 45 | 50 | 60 |
| अपांगमैत्री विद्यालयहरू | प्रतिशत | 10 | 10 | 11 | 12 | 15 |
| पेशागत प्रशिक्षण प्राप्त शिक्षक | प्रतिशत | 70 | 71 | 72 | 75 | 80 |

*स्रोत: संस्थागत तथ्यांक*

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ।

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| 2082/83 | 191692 | 22275 | 213967 | | 29742 | 184225 | | |
| 2083/84 | 210862 | 24502 | 235364 | | 32716 | 202648 | | 0 |
| 2084/85 | 231947 | 26953 | 258900 | | 35987 | 222912 | | 0 |

### ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | विद्यालय शिक्षा क्षेत्र सालवसाली कार्यक्रम | विद्यालय तहको शिक्षामा सबैको पहुंच स्थापित गर्ने | सालबसाली | 708231 | सबै तहको भर्नादर १०० प्रतिशत पुगेको हुनेछ |

### ४.१.९ अनुमान तथा जोखिम

संघीय शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन भएको हुनेछ । शैक्षिक क्षेत्रमा नविनतम विधि तथा प्रविधिको उपयोग भएको वढदै जानेछ । शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर, नवीनतम प्रविधिको उपयोग, अन्तर सरकार सहयोग र सहकार्य र सरोकारवाला बीचका् समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान दिन नसकेमा अपेक्षित नतिजा हासिम हुने देखिन्छ । उपरोक्त परिस्थिति निर्माण हुन नसकेका अपेक्षित उपलब्धि हासिल हुन कठिन हुनेछ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

संघीय नेपालको संवैधानिक प्रावधान बमोजिम संघ, प्रदेश र स्थानीय तहका सरकारबीच स्वास्थ्य सेवासम्बन्धी अधिकारको बाँडफाँट भएको छ । प्रदेशले प्रदेशस्तरमा तथा स्थानीय तहले स्थानीय स्तरका स्वास्थ्य सेवा प्रदान गर्ने कार्य तथा जनस्वास्थ्य कार्यक्रमहरू सञ्चालन गरी आएका छन् । यस क्षेत्रमा विशिष्टकृत एवम् उच्चस्तरीय स्वास्थ्य सेवाका अवसरहरु सरकारी तथा निजी स्वास्थ्य संस्थामार्फत स्थानीयस्तरमा नै उपलब्ध रहेको छ । हालका दिनमा गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच, स्वस्थ जीवन शैली तथा पोषणको क्षेत्रमा उल्लेख्य उपलब्धिहरु अझै हासिल हुनसकेका छैनन् । प्रति एक लाख जिवित जन्ममा मातृ मृत्युदर १५१ जना, नवजात शिशुको प्रति जिवित हजारमा २१  नवजात शिशुहरुको मृत्यु हुने र पांच वर्षमुनीको वाल मृत्यु दर प्रति हजारमा ३२ रहेको छ । यसरी हेर्दा स्वास्थ सेवा लाई अझै गुणस्तरिय र सर्वसुलभ वनाउन जरुरी छ ।

यस गाउँपालिकामा एक स्वास्थ्य शाखा, ३ वटा स्वास्थ्य चौकी, ५ वटा आधारभुत स्वास्थ्य केन्द्र र ४ वटा सामुदायिक स्वास्थ्य इकाई सञ्चालनमा गरी गाउँपालिका स्तरको जनस्वास्थ्य सेवाको व्यवस्थापन गर्दै आएको छ । गाउँपालिकामा पहिलेदेखि नै सञ्चालन भई संघीय व्यवस्थापछि हस्तान्तरण भई आएका सबै स्वास्थ्य संस्था तथा त्यहाँबाट प्रवाह हुने सेवाहरूको व्यवस्थापन गर्ने अवसर समेत गाउँपालिकालाई प्राप्त भएको छ । यसबाट गाउँपालिका अन्तर्गत प्रवाह हुने आधारभूत स्वास्थ्य सेवाका विषयमा नीतिनियम तर्जुमा गर्ने, योजना बनाउने, कार्यान्वयन गर्ने, कार्यविधि र मापदण्ड निर्माणको जिम्मेवारी शाखाअन्तर्गत आएको छ । गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको भौतिक व्यवस्थापन, औषधी तथा स्वास्थ्य सामग्रीहरूको आपूर्ति, स्वास्थ्यकर्मीहरूको परिचालन तथा सूचना व्यवस्थापन सम्बन्धी कार्य पनि प्रमुख प्रशासकीय अधिकृत सहकार्यमा शाखाले नै गर्ने गरेको छ । समग्रमा हेर्दा यस क्षेत्रमा स्वास्थ्य तथा पोषणको क्षेत्रमा गुणात्मक सुधार हुँदै गएको छ ।

### ४.२.२ समस्या तथा चूनौति

स्वास्थ्य सेवाको विस्तार एवम् स्तरोन्नतीसँगै नसर्ने रोग तथा अस्वस्थकर जीवनशैली विस्तार स्वास्थ्य तथा पोषणको क्षेत्रका मुख्य चुनौतिका रुपमा खडा भएका छन् । गाउँपालिका अन्तर्गत सबैभन्दा तल्लो तहको शहरी स्वास्थ्य केन्द्रदेखि माथिल्लो तहको अस्पताल सम्मका स्वास्थ्य संस्थाहरू सञ्चालनमा रहेको अवस्थामा नेपाल सरकारको आधारभूत स्वास्थ्य सेवासम्बन्धी व्यवस्था २०७५ अनुसार सेवा प्रवाहको सुनिश्चितता गर्ने कार्य चुनौतिपूर्ण रहेको छ । स्वास्थ्य सेवा प्रवाह गर्ने क्षमता, उपलब्ध जनशक्ति, भौतिक पूर्वाधार, स्वास्थ्य उपकरण र प्राविधिक सामग्रीको व्यवस्थापनमा कमी रहेको छ । विगतमा विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ को महामारीका कारण गाउँपालिकाको ध्यान सोको रोकथाम र नियन्त्रणका उपायमा केन्द्रित हुँदा यस अन्तर्गतका स्वास्थ्य संस्थाबाट प्रवाह हुने नियमित सेवाको गुणस्तर र प्रभावकारितामा पनि क्षयीकरण भएको छ । नेपाल सरकारको स्वास्थ्य बिमाअन्तर्गतका सेवा प्रभावकारी रूपमा प्रदान गर्ने जिम्मेवारीसमेत स्थानीय तहलाई नै आएको छ । गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिएका आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच स्थापित गर्न र सेवाग्राहीको आवश्यकता अनुरूपको सहज सेवा प्रदान गर्न आवश्यक श्रोत, साधन तथा क्षमताको कमी रहेको छ ।

### ४.२.३ सोच

“ आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच भएको हुने”

### ४.२.४ उद्देश्य

१. स्वास्थ्य सुविधाको विस्तार गर्नु

### ४.२.५ रणनीति

क) गुणस्तरीय स्वास्थ सुविधा विस्तार गर्ने।
ख) वैकल्पिक स्वास्थ्य सेवाको विस्तार गर्ने।
ग) मातृशिशु तथा पोषण सुरक्षा कायम गर्ने।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक बजेट, नीति, योजना तथा कार्यक्रमको अपेक्षित नतिजाको आधारमा तयार जनस्वास्थ्य तथ पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | इकाई | २०८०/८१ को यथार्थ उपलब्धी | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| प्रति एक हजार जीवित जन्ममा मातृ मृत्युदर | जना | ३ | ३ | ० | ० | ० |
| दक्ष प्रसूतिकर्मीको सहयोगमा गराइएको बच्चा जन्मेको अनुपात | प्रतिशत | ८९.४५ | ८९.४५ | ९५ | ९५ | ९५ |
| पाँच वर्षमुनिको बाल मृत्युदर(प्रतिहजार जीवित जन्म) | जना | ४ | ४ | ० | ० | ० |
| नवजात शिशुको मृत्युदर(प्रतिहजार जीवित जन्म) | जना | ३ | ३ | ० | ० | ० |
| नयाँ एचआईभी संक्रमितको संख्या(प्रतिलाख) | जना | ० | ० | ० | ० | ० |
| क्षयरोग लाग्ने दर(प्रतिलाख) | जना | १३ | १३ | ० | ० | ० |
| वार्षिक रुपमा आत्महत्याबाट हुने मृत्युदर (एक लाख जनसंख्यामा) | जना | ३ | ३ | ० | ० | ० |
| परिवार नियोजनका साधन प्रयोग गर्ने प्रजनन उमेर (१५ देखि ४९ वर्ष उमेर) का महिला | प्रतिशत | ३७.८५ | ३७.८५ | ४५ | ४५ | ४५ |
| मापदण्ड अनुसार चार पटक प्रसवपूर्व स्वास्थ्य/सेवा प्राप्त गर्ने महिला(जीवित जन्ममा) | प्रतिशत | ८४.७५ | ८४.७५ | ९५ | ९५ | ९५ |
| हेपाटाइटिस बी खोपको तीन डोज प्राप्त गर्ने शिशुहरुको प्रतिशत | प्रतिशत | ८६.४५ | ८६.४५ | ९५+ | ९५+ | ९५+ |
| उच्च रक्तचापको औषधी सेवन गर्ने १५ वर्ष माथिको जनसंख्या | प्रतिशत | ३५८ | ९८६ | १००० | १००० | १००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| घरबाट स्वास्थ्य संस्थामा पुग्न ३० मिनेट वा सो भन्दा कम समय लाग्ने घरपरिवार | प्रतिशत | ७३ | ६३ | ५० | ५० | ५० |
| स्वास्थ्य बिमामा सहभागी घरपरिवार | प्रतिशत | ३९.६५ | ३९.६५ | ७० | ७० | ७० |
| राष्ट्रिय कार्यक्रमहरुमा समावेश गरीएका सबै खोप प्राप्त गर्ने लक्षित जनसंख्याको अनुपात | प्रतिशत | ७६.३४ | ७६.३४ | ९५ | ९५ | ९५ |
| कुल बजेटमा स्वास्थ्य क्षेत्रको सालाखाला बजेट | प्रतिशत | ८७.३५ | ८७.३५ | १०० | १०० | १०० |

*स्रोत: जिल्ला जनस्वास्थको तथ्यांक तथा विभिन्न सर्वेक्षण प्रतिवेदन*

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| 2082/83 | 16864 | 250 | 17114 | | 7414 | 9700 | | |
| 2083/84 | 18550 | 275 | 18825 | | 8155 | 10670 | | |
| 2084/85 | 20405 | 303 | 20708 | | 8971 | 11737 | | |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायानुसार प्रस्तुत गरिएको छ :

| क्र.स | उप-क्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | स्वास्थ्य सेवा प्रवर्धन सालवसाली कार्यक्रम | सर्वसुलभ प्राथमिक स्वास्थ सेवा प्रदान गर्ने | सालबसाली | 56647 | सबै वडामा सर्वसुलभ स्वास्थ्य सेवा उपलव्ध भएको हुनेछ |

### ४.२.९ जोखिम पक्ष तथा अनुमान

प्रस्तावित कार्यक्रमको लागि संस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तर सरकार र सरोकारवाला बीच समन्वय हुन नसकेकमा अपेक्षित नतिजा हासिल नहुन सक्छ । स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापनमा अन्तर निकाय तथा सरोकारवालाको सक्रिय सहभागिता, सहकार्य र साझेदारी हुन नसकेमा भविष्यमा समेत कोभिड १९ जस्ता महामारीले जनस्वास्थ्य तथा गाउँपालिकाबासीको सामाजिक तथा आर्थिक स्थिति क्षय गर्न सक्ने जोखिम रहेको छ ।

## ४.३ खानेपानी तथा सरसरफाई

### ४.३.१ पृष्ठभूमि

यस गाउँपालिकामा खानेपानी तथा सरसफाईको क्षेत्रमा उल्लेख्य पहल भएका छन् । आधारभूत खानेपानीमा पहुँच उपलब्ध रहेको घरपरिवार ९० प्रतिशत रहेको छ भने ९५ प्रतिशत घरधुरीमा शौचालय निर्माण भएको देखिन्छ । यो गाउँपालिका भौगोलिक रुपमा  दुर्गममा भएको र छरिएर रहेका बस्तीहरुले गर्दा खानेपानीका आयोजना सञ्चालनमा आर्थिक स्रोतको अभाव देखिन्छ । ग्रामिण क्षेत्रमा मानवसिर्जित फोहोर मैला घरघरमा नै व्यवस्थापन गर्ने गरिएको छ ।

### ४.३.२ समस्या तथा चूनौति

आधारभूत तहको खानेपानीको सुबिधा ८० प्रतिशत गाउँपालिकाबासीमा पुगेको भएतापनि खानेपानीको गुणस्तर कायम हुन सकेको छैन । खानेपानीको गुणस्तर सुनिश्तित गर्ने प्रसोधन संयन्त्रको सर्बत्र कमी रहेको छ । गाउँपालिकाको बजेट तथा कार्यक्रमको प्राथमिकता सडक पुल जस्ता भौतिक पूर्वाधारको तुलनामा खानेपानी तथा सरसफाइ जस्ता सामाजिक पूर्वाधारमा तुलनात्मक रुपमा कम हुने गरेको छ । जनस्तरमा सरसफाई सम्बन्धी सचेतनाको कमीका कारण ग्रामिण क्षेत्रको स्वच्छता कायम राख्न कठिन हुदै गएकोछ ।

### ४.३.३ सोच

“ नागरिकहरूलाई स्वच्छ तथा सफा खानेपानी उपलब्ध हुनुका साथै पूर्ण सरसफाइयुक्त पालिका भएको हुने ”

### ४.३.४ उद्देश्य

सबै घरधुरीमा सफा-स्वच्छ खानेपानी उपलब्ध गराउनु र सरसफाइ सम्बन्धी उचित व्यवस्थापन गर्नु ।

### ४.३.५ रणनीति

१. सबै नागरिकलाई गुणस्तरीय स्वच्छ सफा खानेपानीको पहुँच स्थापित गर्ने

२, सरसफाइको दिगो व्यवस्था गर्ने

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक बजेट, नीति, योजना तथा कार्यक्रमको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | इकाई | २०८०/८१ को यथार्थ उपलब्धी | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| आधारभूत खानेपानी सुविधा उपलब्ध परिवार | प्रतिशत | ९०% | ९०% | ९२% | ९५% | १००% |
| शौचालय भएका परिवार | प्रतिशत | ९०% | ९०% | ९५% | ९८% | १००% |
| खानेपानी शुद्धता परीक्षण भएका आयोजना | प्रतिशत | ८०% | ८०% | ८५% | ९५% | १००% |

*स्रोत: विषयगत शाखा तथा संस्थागत तथ्यांक*

### ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी तथा सरसफाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| 2082/83 | 1000 | 14410 | 15410 | | 5865 | 9545 | | |
| 2083/84 | 1100 | 15851 | 16951 | | 6451 | 10500 | | |
| 2084/85 | 1210 | 17436 | 18646 | | 7096 | 11550 | | |

### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | खानेपानी तथा सरसफाई सेवा विस्तार र पुनर्स्थापना कार्यक्रम | आधारभुत खानेपानी सेवा विस्तार गर्ने | सालबसाली | 51007 | आधारभुत खानेपानी सेवा उपलव्ध घरधुरी २० प्रतिशतले वढेको हुनेछ । फोहरमैला व्यवस्थापन भएको हुनेछ। |

### ४.३.९ जोखिम पक्ष तथा अनुमान

मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ । जलवायु परिवर्तबाट खानेपानीको स्रोत पर्ने नकारात्मक प्रभाव, आयोजनाको ढिला निर्माण र उचित व्यवस्थापन व्यवस्थित बसोबास, तरल तथा फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण आदिलाई खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ ।

## ४.४ महिला, बालबालिका, सामाजिक संरक्षण तथा समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामै लैंगिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरिएको छ । गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा समानुपातिक समावेशी र न्यायोचित वितरण गर्ने उद्देश्यका साथ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अभ्यासलाई निरन्तरता दिइ रहेको छ । गाउँपालिकाले आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको वर्गको महिला, दलित, आदिवासी जनजाति, सीमान्तकृत नागरिकहरू समेतलाई लक्षित गरी कार्यक्रम सञ्चालन भएको छ । आर्थिक तथा सामाजिक रूपमा पिछडिएको वर्गका लागि केहि विशेष कार्यक्रम कार्यान्वयनमा छन् । सामाजिक कुप्रथाका रूपमा रहेका बालविवाह, बहुविवाह जस्ता कुप्रथा र कुरितिको अन्त्य गर्दै बालहिंसा, लैंगिक हिंसा मुक्त बनाउन गाउँपालिका प्रतिवद्ध देखिन्छ ।

लक्षित वर्गका लागि सीप विकास तथा रोजगारीका अवसर वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिएकोछ । यस गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तीकरण क्षेत्रमा काम गर्ने केहि गैरसरकारी क्षेत्रका संस्थाहरु पनि क्रियाशील रहेका छन् । लैंगिक हिंसाविरुद्धको अभियानका लागि १६ दिने अभियानलाई यस गाउँपालिकाले समेत महत्वका साथ संचालन गर्दै आएकोछ ।

### ४.४.२ समस्या तथा चूनौति

यस गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा हालका दिनमा सकारात्मक प्रयास भए तापनि लक्षित वर्गको अवस्थामा अपेक्षाकृत सुधार हुन सकेको छैन । गाउँपालिकामा महिला, बालबालिका र लक्षित वर्गमैत्री पूर्वाधार, नीति, नियम र संरचनाको अझै कमी रहेको छ । एकल महिला, अपांगता भएका व्यक्ति, दलित, ज्येष्ठ नागरिक तथा महिलाप्रतिको सोच र व्यवहार अझै पनि सकारात्मक बन्न सकिरहेको छैन । लक्षित वर्गका महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरुमा हिंसाजन्य व्यवहार कायमै रहेको देखिन्छ । लक्षित वर्गमा अधिकार र कर्तव्यसम्बन्धी सचेतनामा कमी रहेको छ । महिलामा बहुकार्य बोझको अवस्था कायमै छ । लक्षित वर्ग सशक्तीकरण र क्षमता विकास कार्यक्रम प्रभावकारी हुन नसक्दा उनीहरूको अवस्थामा आशातित सुधार हुन सकेको छैन । बालश्रम र हिंसा उत्मूलन हुन सकेका छैनन् । लक्षित वर्गमा आत्मविस्वासको कमी रहेको छ । सामाजिक सुरक्षा वृत्ति वितरणमा समस्या र गुनासो कायमै रहेको छ ।

लक्षित वर्गका लागि तर्जुमा गरिएका कार्यक्रमहरूबाट अपेक्षित प्रतिफलमा प्राप्त हुन भने सकेको छैन । लक्षित वर्गमा स्वरोजगारीका अवसर तथा आत्मनिर्भरतामा कमी रहेको छ । पिछडिएको वर्गमा कानुन तथा अधिकार सम्बन्धमा जानकारीको कमी रहेको छ । आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको अर्थपूर्ण सहभागितामा कमी छ भने प्रभावशाली उपस्थिति रहेको छैन ।

### ४.४.३ सोच

" विकास प्रक्रिया र अवसरको उपयोगमा समतामूलक समावेशी भएको हुने "

### ४.४.४ उद्देश्य

लैङ्गिक समानता र सामाजिक समावेशिता अभिवृद्धि गर्नु ।

### ४.४.५ रणनीति

1. वञ्चितिमा परेका लिङ्ग, वर्ग र समुदायको सशक्तिकरण, मूलप्रवाहीकरण एवं हिंसा विभेदको अन्त गर्ने,
2. विकासका अवसरहरूमा समावेशी, समतामूलक सहभागिताद्वारा प्राप्त लाभको वितरण गर्ने,
3. अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक संरक्षण तथा सुरक्षा सुनिश्चित गर्दै विकास तथा सशक्तिकरण गर्ने,
4. बालबालिकाकाहरूको हकको सुरक्षा (बाँच्न पाउने, विकास, सहभागिता एवं संरक्षण) तथा बालमैत्री वातावरण तयार गर्ने,
5. ज्येष्ठ नागरिकहरूको सम्मान तथा संरक्षण गर्ने
6. लैगिक उत्तरदायी वजेट तथा लैससास सम्बेदनशील बजेटको व्यवस्था तथा परीक्षण गर्ने

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक बजेट, नीति, योजना तथा कार्यक्रमको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | २०८०/८१ सम्मको उपलब्धि | २०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| वार्षिक रूपमा घरेलु हिंसाअन्तर्गत दर्ता भएका प्रहरी मुद्दा | संख्या | 10 | 20 | 15 | 10 | 5 |
| गाउँपालिकाभित्र रहेका सडक बालबालिका | संख्या | | | 0 | 0 | 0 |
| बाल यौनहिंसामा परेका बालिका | संख्या | 5 | 9 | 0 | 0 | 0 |
| गाउँपालिकाभित्र रहेका बालगृह | संख्या | 0 | 0 | 0 | 0 | 0 |
| यौनहिंसामा परेका १५ वर्ष र माथिका महिला, किशोरी र बालबालिका | प्रतिशत | 5 | 10 | 5 | 5 | 5 |
| बेचविखनमा परेका महिला, किशोरी बालिका | संख्या | 0 | 0 | 0 | 0 | 0 |
| गाउँपालिकासभामा महिला सहभागिता | प्रतिशत | 38 | 38 | 38 | 38 | 40 |
| कार्यपालिकामा महिला सहभागिता | प्रतिशत | 27 | 27 | 27 | 27 | 35 |
| व्यवस्थापकीय पदहरूमा महिलाको अनुपात | अनुपात | 1/6 | 1/5 | 2/6 | 2/6 | 3/6 |
| गाउँपालिकास्तरीय समिति तथा संयन्त्रमा महिलाको सहभागिता | प्रतिशत | 25 | 30 | 33 | ३५ | 40 |
| सहकारी क्षेत्रको नेतृत्वमा महिलाको सहभागिता | प्रतिशत | 20 | 25 | 35 | ४० | 50 |
| जमिनमाथिको सम्पत्तिमा महिलाको स्वामित्व भएको घरपरिवार | प्रतिशत | 15 | 20 | 30 | 35 | 40 |

*स्रोत: विभिन्न सर्वेक्षण प्रतिवेदन, तथा संस्थागत तथ्यांक*

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबालिका तथा समावेशीकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| 2082/83 | 3420 | 600 | 4020 | | 800 | 3220 | | |
| 2083/84 | 3762 | 660 | 4422 | | 880 | 3542 | | |
| 2084/85 | 4138 | 726 | 4864 | | 968 | 3896 | | |

### ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं | कार्यक्रम तथा योजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | सामाजिक समावेशीकरण तथा संरक्षण सम्बन्धी सालवसाली कार्यक्रम | विकासका हरेक गतिविधीमा समाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्नु | सालबसाली | 13306 | सिमान्तकृत, पछाडी परेको वर्ग तथा महिला सहभागिता सुनिश्चित भएको हुनेछ। |

### ४.४.९ जोखिम पक्ष तथा अनुमान

यससँग सम्बन्धित कार्यक्रममा प्राथमिकताकासाथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ ।

## ४.५ युवा ,खेलकुद तथा नवप्रवर्तन

### ४.५.१ पृष्ठभूमि

गाउँपालिकामा १५ देखि ४९ वर्ष समूहका युवा जनशक्तिको अनुपात ५१ प्रतिशत रहेकोछ जस मध्ये रोजगारीमा नरहेको युवा जनशक्तिको अनुपात ४५ रहेकोछ । यस क्षेत्र पूर्वाधार तथा अवसरका हिसाबले पनि अध्ययन, व्यवसाय सञ्चालन र खेलकुदको क्षेत्रमा उर्वर रहेको छ । फुटबल, भलिबल, क्रिकेट जस्ता खेलहरु यस क्षेत्रका लोकप्रिय खेलहरु हुन । व्यापार, उद्योग तथा पर्यटन क्षेत्रमा युवा सहभागिता उच्च रहेको छ । युवा तथा खेलकुद क्षेत्रको सम्भावना र विगतका कदमको सिकाइलाई आत्मसात् गरेर गाउँपालिकाले खेल मैदान निर्माण योजनालाई गाउँपालिका गौरवका आयोजनामा समेत समेटेको छ । गाउँपालिकाले सूचना तथा सञ्चार प्रविधि र युवा जनशक्तिलाई तुलनात्मक लाभको नयाँ क्षेत्रका रूपमा पहिचान गरिएको छ । विद्यमान युवा जनशक्तिलाई सूचना प्रविधि (आईसीटी) र कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स-एआई) जस्ता क्षेत्रसँग जोडेर आर्थिक विकास र सामाजिक रूपान्तरणको संवाहकका रूपमा स्थापित गर्ने अवसर गाउँपालिकासँग रहेको देखिन्छ । तसर्थ यस गाउँपालिकालाई सिर्जनशील, स्मार्ट र समुन्नत पालिकाका रूपमा विकास गर्न युवा उद्यमीहरूलाई सूचना प्रविधिमैत्री उद्यमशीलता र व्यावसायिक खेलकुदप्रति आकर्षित गर्नु आवश्यक छ ।

### ४.५.२ समस्या तथा चूनौति

युवा पलायन, खेलाडीको प्रतिस्पर्धी क्षमतामा कमी, युवा वेरोजगारी, दुर्वसन र वैदेशिक रोजगारीमा आकर्षण युवा तथा खेलकुद क्षेत्रका मुख्य समस्याहरु हुन् । युवा वर्गमा परम्परागत कृषि तथा घरेलु व्यवसायमा स्वभाविक आकर्षण रहेको छैन । विभिन्न तहका सरकारबीच युवा तथा खेलकुद सम्बन्धी योजना कार्यान्वयन एवम् समान प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्न एकआपसमा सामञ्जस्यको अभाव छ । स्तरीय खेल प्रशिक्षणमा कमी, खेलमा व्यावसायिकता कमी र खेलाडीको भविश्यको अनिश्चिताका कारण खेल क्षेत्रमा आशातित सफलता हासिल गर्न सकिएको छैन । पर्यटन क्षेत्रको विस्तार तथा प्रवर्द्धनका लागि युवा परिचालन तथा खेलकुद गतिविधिसँगको गतिशील सम्बन्ध स्थापित हुन सकेको छैन । खेलकुदलाई समय बिताउने माध्यमका रूपमा मात्र नलिएर खेलकुद आर्थिक उपार्जन र जीवन निर्वाहको आधारको रुपमा स्थापित गर्ने काम चुनौतिपूर्ण रहेको छ ।

### ४.५.३ सोच

" युवा शक्तिको अधिकारिक उपयोग गरिएको हुने "

### ४.५.४ उद्देश्य

१. युवा रोजगारीको अभिवृद्धि गर्नु

२. खेलकुदको विकास गरी स्वस्थ, सृजनशील र अनुशासित युवाहरूको निर्माण गर्नु

### ४.५.५ रणनीति

1. युवाहरूको क्षमता विकास गरी रोजगारी बढाउने ।

2. खेलकुद पूर्वाधार निर्माण र विस्तार गर्ने ।
3. व्यावसायिक खेलकुदको विकासलाई संस्थागत गर्ने ।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक बजेट, नीति, योजना तथा कार्यक्रमको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | २०८०/८१ सम्मको उपलब्धि | २०८१/८२ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| रोजगारीमा नरहेका १५ देखि २४ उमेर समूहका युवाको अनुपात | प्रतिशत | 71.4 | 68 | 65 | 64 | 60 |
| प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त युवा तथा वयस्य (वार्षिक) | संख्या | 5 | 21 | 30 | 35 | 40 |
| सक्रिय युवा परिषद तथा युवा संजाल | संख्या | 1 | 2 | 3 | 6 | 7 |
| कभर्ड हल र स्तरीय खेलकुद मैदान | संख्या | 0 | 0 | 0 | 0 | 1 |
| खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | 1 | 2 | 4 | 5 | 7 |
| वार्षिक खेलकुद प्रतियोगिता आयोजना | पटक | 3 | 3 | 4 | 4 | 4 |

*स्रोत: विषयगत शाखाको विवरण तथा संस्थागत तथ्यांक*

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| 2082/83 | 2245 | 3600 | 5845 | | 2545 | 1300 | 2000 | |
| 2083/84 | 2470 | 3960 | 6430 | | 2800 | 1430 | 2200 | |
| 2084/85 | 2716 | 4356 | 7072 | | 3080 | 1573 | 2420 | |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | युवा, खेलकुद तथा नवप्रवर्तन कार्यक्रम | गाउँपालिकामा युवा, खेलकुद तथा नवप्रवर्तन सम्बन्धी गतिविधी विस्तार भएको हुनेछ । | सालबसाली | 19347 | गाउँपालिकामा युवा, खेलकुद तथा नवप्रवर्तन सम्बन्धी गतिविधी विस्तार भएको हुनेछ । |

### ४.५.९ जोखिम पक्ष तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

## ४.६ सामाजिक सुरक्षा

नेपाल सरकारले जेष्ठ नागरिक, एकल तथा विधवा ,अपांगता भएका, दलित वालवालिका लगायतलाई सामाजिक भत्ता प्रदान गरदै आएको छ । सोही अनुसार यस गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुका लागी शसर्त अनुदान अन्तरगत सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउदै आएकोछ भने गाउँपालिकाले मापदण्ड पुगेका लाभग्राही पहिचान, एम आई एस मा तथ्यांक अध्यावधिक तथा वैंक मार्फत सम्बन्धित लाभग्राहीलाई भत्ता वितरण गर्दै आएको छ । सोही अनुरुप आगामी तीन बर्षको सामाजिक सुरक्षा देहाय बमोजिम प्रक्षेपण गरिएकोछ ।

| सूचक | इकाई | २०८०/८१ को यथार्थ उपलब्धी | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| निकासा रकम | रु. | ८७२०७५६४ | ८७४३८७८८ | ९१८१०७२७ | ९६४०१२६४ | १०१२२१३२७ |
| वितरण गरेको संख्या | संख्या | २७८४ | २६२६ | २७५७ | २८९५ | ३०४० |
| वितरण गरेको रकम | रु. | ८७१०८९७४ | ८७४१०५२९ | ९१७८१०५५ | ९६३७०१०८ | १०११८८६१४ |
| वितरण गर्न बाँकी रकम | रु. | ९८५९० | २८२५९ | २९६७२ | ३११५६ | ३२७१३ |

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सामाजिक सुरक्षा तथा संरक्षण उप-क्षेत्रको खर्च र स्रोतको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| **आर्थिक वर्ष** | **बजेट अनुमान (रु हजारमा)** | | | | **बजेटको स्रोत** | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **चालु** | **पूंजीगत** | **कुल** | **वित्तीय व्यवस्था** | **आन्तरिक स्रोत** | **नेपाल सरकार** | **प्रदेश सरकार** | **ऋण तथा अन्य** |
| 2082/83 | 86680 | 0 | 86680 | | | 86680 | | |
| 2083/84 | 95348 | 0 | 95348 | | | 95348 | | |
| 2084/85 | 104883 | 0 | 104883 | | | 104883 | | |

# परिच्छेद पाँच : पूर्वाधार क्षेत्र

यस क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार, विद्युतीय सुशासन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ५.१ बस्ति विकास ,आवास, भवन तथा शहरी विकास

### ५.१.१ पृष्ठभूमि

मोहन्याल गाउँपालिका कैलाली जिल्लाको दुर्गम पहाडी भेगमा अवस्थित छ । गाउँपालिकाको शहरीकरण दर वार्षिक लगभग १ प्रतिशत रहेको देखिन्छ । सेवा, सुविधा तथा अवसरको उपलब्धताको कमीले यस क्षेत्रबाट तराई क्षेत्रका पालिकामा बसाइँसराइँ गरी जाने प्रवृति व्यापक हुँदै गएको छ ।

भिरालो जमिन, बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपका कारण कृषियोग्य भूमि घटीरहेको छ । गाउँपालिकाले बस्ती विकास मापदण्डमार्फत् भू-उपयोग व्यवस्थित गर्ने प्रयास गरेको छ । यस गाउँपालिकामा प्रायजसो ढुङा-माटोका घर निर्माणको प्रचलन कायमै रहेको छ ।

### ५.१.२ समस्या तथा चूनौति

भूउपयोग क्षेत्र निर्धारणसमेत भूउपयोग योजनाको कमीका कारण अव्यवस्थित रुपमा जग्गा प्लटिङ भइरहेकाले भवन निर्माण मापदण्ड पालना र व्यवस्थित एवम् सुरक्षित बस्ती निर्माणमा चुनौति थपिएको छ । राष्ट्रिय भूउपयोग नीति २०७२ अनुसार भूउपयोग योजना र क्षेत्र निर्धारण गरी सो अनुसार बस्ती विकास र भवन तथा भौतिक विकास योजना तर्जुमा र पूर्वाधार विकास तथा संरचना निर्माण, कानुनी, प्रक्रियागत र प्राविधिक ढाँचा तयार हुन सकेको छैन । आवश्यक भौतिक पूर्वाधारहरूको विकास न्यून रहेको छ भने जग्गाको अनियन्त्रित खण्डीकरणको र अव्यवस्थित भवन निर्माणको अभ्यास निरन्तर रहेको छ ।

### ५.१.३ लक्ष्य

" सुरक्षित भवन, आवास निर्माण तथा बस्ती विकास भएको हुनै ।"

### ५.१.४ उद्देश्य

मापदण्ड अनुसारका भवन, आवास तथा सुरक्षित एवं व्यवस्थित बस्ती विकास गर्नु ।

### ५.१.५ रणनीति

(१) सुविधायुक्त, सुरक्षित आवास तथा भवन निर्माण गर्ने

(२) पूर्वाधारसहितको एकीकृत बस्ती विकास गर्ने

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | २०८०/८१ को यथार्थ उपलब्धी | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| मापदण्ड र भूकम्प प्रतिरोधि प्रविधि अनुसार वनेका आवासीय भवन | प्रतिशत | ० | ० | १०% | २०% | ३०% |
| सुरक्षित घरहरूमा बसोबास गर्ने घर परिवार | प्रतिशत | | | | | |
| सुरक्षित सार्वजनिक यातायातको | प्रतिशत | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| उपलब्धता | | | | | | |
| घरबाट ३ मिनेटको पैदलयात्रामा पक्की सडकको पहुँच | प्रतिशत | १५% | १५% | २५% | ३०% | ३५% |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | १००% | १००% | १००% | १००% | १००% |

*स्रोत: संस्थागत तथ्यांक*

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा आवास, भवन तथा शहरी विकास उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुंजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | | 22,615 | 22,615 | | 10300 | 12315 | | |
| २०८३/८४ | | 24,877 | 24,877 | | 11330 | 13547 | | |
| २०८४/८५ | | 27,364 | 27,364 | | 12463 | 14901 | | |

### ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुललागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | बस्ती विकास तथा भवन निर्माण सालवसाली कार्यक्रम | सुरक्षित भवन, एकीकृत बस्ती तथा व्यवस्थित भवन निर्माण गर्नु | सालबसाली | 74856 | सुरक्षित तथा व्यवस्थित भवन निर्माण भएको हुने |

### ५.१.९ जोखिम पक्ष तथा अनुमान

सडक तथा भवनको मापदण्ड तयार हुनेछ । भूउपयोग, आवास, वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ । भूस्वरुपमा परिवर्तन हुने, फोहोरमैलाको विसर्जन र वातावरणीय ह्रासमा वृद्धि भई गाउँपालिका क्षेत्रको सुन्तरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेकोछ ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

यस गाउँपालिकामा हाल सम्म निर्माण भएका सडकहरुको कुल लम्वाई ५७० किमि रहेको छ जसमध्ये २० किमी कालोपत्रे सडक र ग्राभेल सडक ५० किमि र धुले सडक ५०० किमि छ।

गाउँपालिकाको पहिलो प्राथमिकता भएका सडकहरुको स्तरोन्नती गरी गुणस्तरीय सडक संजाल वनाई हरेक वडालाई गाउँपालिकाको केन्द्रसँग जोडनु रहेको छ साथै गाउँपालिकाका सवै क्षेत्रमा सडकहरुको विस्तार गरि व्यवस्थित रुपमा यस गाउँपालिकालाई रुपान्तरण गर्ने लक्ष्य लिइएकोछ।

### ५.२.२ समस्या तथा चूनौति

गाउँपालिका केन्द्र तथा वडा केन्द्र र ग्रामिण क्षेत्र जोडने अधिकांश सडकहरु अझै पनि कच्ची तथा मौसमी हुनु, प्राविधिक अध्ययन र नालासहितको डिजाइन नगरी सडक निर्माण गर्ने प्रवृत्ति कायमै रहनु, कतिपय ग्रामिण सडकहरु मापदण्ड अनुसार निर्माण नहुनु सडकको अधिकार क्षेत्र कायम गरिए पनि सो अनुसार पुर्णरुपमा लागु गर्न नसकिनु, वनजंगल क्षेत्रमा पर्ने वाटोहरुको वीचमा रहेका रुखहरु कानुनी झंजटका कारण हटाउन नसकिनु, दर्तावाला जमिनमा प्लटिंग गरिकाटिएका कतिपय वाटोहरुको प्राप्ती हुननसक्नु, अधिकांश एलानी जमिन भएकाले सबै बाटोहरुको नक्शा कित्ताकट गर्न नसकिनु, वाटोमा पर्ने आवश्यक पुल तथा कल्भर्टहरु निर्माण गर्न नसकिनु, निर्मित  सडकहरूको नियमित मर्मत सम्भार नहुनु, सडक निर्माण गर्दा वातावरणीय पक्षलाई ध्यान नदिइनु आदि प्रमुख समस्या देखिएका छन्।

### ५.२.३ लक्ष्य

गुणस्तरीय र सर्वयाम सडकको पहुँच पुगेको हुने।

### ५.२.४ उद्देश्य

वर्षैभरी चल्ने यातायात पूर्वाधारको विकास र विस्तार गर्नु।

### ५.२.५ रणनीति

१. वडा केन्द्र र महत्वपूर्ण स्थानहरूसम्म गुणस्तरिय सर्वयाम सडक निर्माण गर्ने
२. सञ्चालित सडकहरूको मर्मत सम्भार तथा स्तरोन्नति गरी सर्वयाम यातायात सञ्चालनयोग्य बनाउने
३. पालिकामा रहेका पर्यटकीय मार्गहरू निर्माण तथा स्तरोन्नति गर्ने

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक बजेट, नीति, योजना तथा कार्यक्रमको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | इकाई | २०८०/८१ को यथार्थ उपलब्धी | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १२ महिना सञ्चालन हुने सडकको २ किमि वरपर बसोबास गर्ने जनसंख्याको अनुपात | प्रतिशत | ५% | ५% | १५% | २०% | २५% |
| कंक्रिट सडक | कि. मि. | ० | ० | ०.५० | १ | १.५ |
| कालोपत्रे सडक | कि. मि. | २० | २० | २५ | ३० | ३५ |
| ग्राभेल सडक | कि. मि. | ५० | ५० | ८० | १०० | १२० |
| राजमार्ग | कि. मि. | | | | | |
| धुले सडक | कि. मि. | ५०० | ५०० | ६०० | ६५० | ७०० |
| कुल सडक लम्बाई | कि. मि. | ५७० | ५७० | ७०५ | ७८० | ८५५ |

*स्रोत: योजना तथा प्राविधिक शाखा, संस्थागत तथ्यांक*

### ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | | 117790 | 117790 | 0 | 19060 | 63430 | 35300 | 0 |
| २०८३/८४ | - | 129569 | 129569 | 0 | 20966 | 69773 | 38830 | 0 |
| २०८४/८५ | - | 142526 | 142526 | 0 | 23063 | 76750 | 42713 | 0 |

### ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.स | कार्यक्रम/आयोजना वा उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | सडक कालोपत्रे आयोजना | वाह्रै महिना चल्ने व्यवस्थित सडक संजाल विस्तार गर्नु | सालबसाली | 389885 | थप न्युनतम १५ किमि सडक थप कालोपत्रे भएको हुनेछ । |
| 2 | सडक ग्राभेल आयोजना | गाउँपालिकास्तरीय सडकको स्तरोन्नति गरी यातायात सुचारु बनाउनु | सालबसाली | | ७० किमि सडक थप ग्राभेल भएको हुनेछ । |
| 3 | सडक, पुल तथा निर्माण, मर्मतसंभार स्तरोन्नती कार्यक्रम | सडक स्तरोन्नति गरी यातायातलाई सहज बनाउनु | सालबसाली | | निर्माण भएका सवै सडक सर्वयाम चल्ने छन |

### ५.२.९ जोखिम पक्ष तथा अनुमान

संघीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुनेछ । गाउँपालिका गौरवका रुपान्तरणकारी योजना हरुको खाका तयार भएका, विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत तथा वहुवर्षीय आयोजना तथा कार्यक्रम अनुसार बजेट विनियोजन भई खरिद प्रक्रिया अनुसार आयोजना कार्यक्रम कार्यान्वयन हुनेछन् । संभाव्यता तथा वातावरणीय अध्ययन भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता, उपभोक्ता तथा सरोकारवालाको सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ५.३ जलस्रोत, विद्युत तथा उर्जा

### ५.३.१ पृष्ठभूमि

यस गाउँपालिकाको मुख्य विद्युत आपुर्तिको श्रोत वैकल्पिक उर्जा हो । अधिकांश भेगहरुमा सोलारको प्रयोग भएको पाईन्छ तर यसको प्रयोग विद्युत विस्तार संगै घटदै गएको छ । वढदो विद्युत खपतलाई व्यवस्थित विधुत विस्तार गर्न आवश्यक छ ।

### ५.३.२ समस्या तथा चूनौति

शहरी क्षेत्रमा विद्युत्, टेलिफोन तथा इन्टरनेटका तारहरू जथाभावी सडकमा झुन्डिनु तथा विद्युत्को नियमित आपूर्ति पनि यहाँको समस्या हो । तारहरूको भूमिगत व्यवस्थापन र सडक बत्ती तथा ट्राफिक संकेतहरूको एकीकृत व्यवस्थापनको कमी रहेको छ । परम्परागत ऊर्जाको प्रयोग निरुत्साहन गरी जलविद्युत् तथा वैकल्पिक ऊर्जाको उपयोग प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धि र प्रोत्साहन, वैकल्पिक ऊर्जाकोमा कमी रहेको छ ।

### ५.३.३ लक्ष्य

" स्वच्छ, दिगो र भरपर्दो ऊर्जाको पहुँच सुनिश्चित भएको हुने "

### ५.३.४ उद्देश्य

पालिकामा रहेका सबै घरधुरीमा विद्युत् तथा अन्य नवीकरणीय ऊर्जाको पुर्‍याउनु।

### ५.३.५ रणनीति

१. भरपर्दो र विश्वसनीय विद्युत् सेवाको विस्तार गर्ने
२. वैकल्पिक ऊर्जाको विकास र विस्तार गर्ने

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक बजेट, नीति, योजना तथा कार्यक्रमको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | इकाई | २०८०/८१ को यथार्थ उपलब्धी | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| विद्युतमा पहुँच भएका जनसंख्या | प्रतिशत | ९३% | ९३% | ९५% | ९८% | १००% |
| खानपकाउन उर्जाको प्राथमिक श्रोतको रुपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ९५% | ९०% | ८०% | ७०% | ६०% |
| खाना पकाउन एलपी ग्यास प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ४% | ५% | १०% | १५% | ४०% |
| खाना पकाउन विद्युत प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ०% | ०% | ५% | १०% | १५% |
| विद्युतबाट चल्ने सवारी साधन | प्रतिशत | ०% | ०% | ५% | ८% | १०% |

*स्रोतः संस्थागत तथ्यांक*

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विद्युत तथा उर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छः

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | | 500 | 500 | | 500 | | | |
| २०८३/८४ | | 550 | 550 | | 550 | | | |
| २०८४/८५ | | 605 | 605 | | 605 | | | |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| 1 | ग्रामीण विद्युतीकरण तथा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | ग्रामीण विद्युतीकरण र स्तरवृद्धि तथा स्वच्छ उर्जा विस्तार गर्नु | सालबसाली | 1655 | कम्तिमा पनि ५० घरधुरीमा विधुत जडान भएको हुनेछ। |

### ५.३.९ जोखिम पक्ष तथा अनूमान

राष्ट्रिय प्रशारण लाईनको विस्तार संग संगै नविकरणिय उर्जामा आधारित वैकल्पिक उर्जा प्रवर्धन गर्न नसके विद्युत माथिको निर्भरता वढदै जाने जसले गर्दा गरिव विपन्न परिवारहरुको आम्दानीको एक हिस्सा विद्युत खपतमै खर्च हुने र अन्य आर्थिक उपार्जनका कृयाकलापमा संलग्न गराउन नसके विद्युत महशुल समेत समयमै असुली नहुन सक्छ तसर्थ अतिविपन्न तथा गरिव परिवारहरुलाई वैकल्पिक उर्जा तर्फ आकर्षण वढाउन जरुरी छ तर उपयुक्त प्रविधी र अनुदानका कार्यक्रमहरु विना यस तर्फ आकर्षण नहुनसक्छ ।

## ५.४ सूचना तथा सञ्चार

### ५.४.१ पृष्ठभूमि

नेपालको सोह्रौं योजनाले परम्परागत अर्थतन्त्रलाई ज्ञानमा आधारित र आधुनिक बनाउन आधुनिक प्रविधि विकासको महत्वलाई आत्मसात् गरेर सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधार तथा परियोजनामा ठूलो लगानी गर्नुपर्ने औंल्याएको छ । गाउँपालिकाका लगभग सबै क्षेत्रमा आधुनिक सूचना तथा सञ्चार सुविधामा पहुँच रहेको छ। इन्टरनेट सुविधाको सन्दर्भमा नेपाल दूरसञ्चार कम्पनीको मात्र टेलिफोन तथा मोबाइल सेवाको सहज पहुँच रहेको छ, लगभल ६५ प्रतिशत नागरिकहरुसंग मोवाईल रहेको छ। करीव १२ प्रतिशत घरधुरीमा मात्र ईन्टरनेट सेवाको पहुंच पुगेको देखिन्छ। गाउँपालिकामा इन्टरनेटको विस्तार गर्नुपर्ने देखिन्छ।

### ५.४.२ समस्या तथा चूनौती

सञ्चार संस्थाहरूको संख्यात्मक वृद्धिसँगै गुणात्मक विकास हुन नसक्नु, पोलमा झुन्डिने तारयुक्त सञ्चार-प्रविधि वातावरण र शहरी सौन्दर्यका लागि चुनौतिपूर्ण बन्दै गएको छ। साइबर सुरक्षाका लागि संस्थागत

र प्राविधिक जनशक्तिको अभाव हुनु, टेलिसेन्टरहरूको सञ्चालनका लागि स्पष्ट मार्गचित्र नहुनु तथा यसको सेवामा विविधीकरण गर्न नसक्नु, गाउँपालिकाभित्र सूचना तथा सञ्चार पहुँचको एकीकृत र अद्यावधिक विवरण तयार पार्नु, तारयुक्त प्रविधिलाई निरुत्साहित गर्दै ताररहित प्रविधिलाई बढावा दिनु र सञ्चार माध्यमहरूलाई विश्वसनीय र जवाफदेही बनाउँदै गुणस्तरीय सेवा प्रवाह विकास गर्नुपर्ने चुनौति रहेका छन् ।

### ५४.३ लक्ष्य

"सूचना तथा सञ्चार प्रविधिमा आधारित सेवा प्रवाह तथा विद्युतीय सुशासन कायम भएको हुने"

### ५.४.४ उद्देश्य

१. गुणस्तरीय र भरपर्दो सूचना तथा सञ्चारको विकास र विस्तार गरि आमनागरिकको सुचना प्रविधिमा सहज पहुंच विस्तार गर्नु

### ५.४.५ रणनीति

१. टेलिफोन, इन्टरनेट मोबाइलजस्ता सेवाहरूको विस्तार गर्ने।

२. सूचना प्रविधिमा आधारित सेवा प्रणालीको विकास गर्ने।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक बजेट, नीति, योजना तथा कार्यक्रमको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | इकाई | २०८०/८१ को यथार्थ उपलब्धी | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार (मोबाईल डाटा समेत) | प्रतिशत | ११ | १२ | १५ | २० | ३५ |
| गाउँमा सञ्चालित सफ्टवेयर र सूचना व्यवस्थापन प्रणाली | संख्या | १२ | १३ | १४ | १५ | १६ |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | प्रतिशत | ४५ | ५० | ५५ | ७० | १०० |

*स्रोत: संस्थागत तथ्यांक*

### ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना तथा सञ्चार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | | 450 | 450 | | 450 | | | 0 |
| २०८३/८४ | | 495 | 495 | | 495 | | | 0 |
| २०८४/८५ | | 545 | 545 | | 545 | | | 0 |

### ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | सुचना, संचार प्रविधि अन्य कार्यक्रम | सुचना प्रविधी मैत्री गाउँपालिका र सेवा प्रवाह सुव्यवस्थित गर्नु | सालबसाली | 1490 | गाउँपालिका तथा मातहतका सवै निकायहरु सुचना प्रविधीमैत्री भएका हुनेछन् । |
| 2 | अन्य सालवसाली कार्यक्रम | सुचना प्रविधी मैत्री गाउँपालिका र सेवा प्रवाह सुव्यवस्थित गर्नु | सालबसाली | | |

### ५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद छ : वातावरण तथा विपद व्यवस्थापन

यस परिच्छेद अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ६.१ वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण

### ६.१.१ पृष्ठभूमि

वन, वातावरण, जैविक विविधता, जलवायु परिवर्तन र विपद् व्यवस्थापन दिगो विकासका लक्ष्य प्राप्तिको लागि महत्वपूर्ण अन्तरसम्बन्धित विषयका रूपमा रहेको छ। नेपालको संविधानले पनि वन, वातावरण, जैविक विविधता, जलवायु परिवर्तन र तीनवटै तहका सरकारको कार्यक्षेत्रभित्र समावेश गरी यस सम्बन्धी नीति, कानून र रणनीति तय गरी लागू गर्नुपर्ने व्यवस्था गरिएको छ भने वातावरण संरक्षण, जैविक विविधता, जलाधार र वन्यजन्तु संरक्षणलाई स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्दछ । स्थानीय सरकार सञ्चालन ऐनले पनि यी क्षेत्रलाई स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा अन्तर सम्बन्धित विषयका रूपमा समावेश गरी कार्यान्वयन गर्ने प्रतिबद्धता दर्शाएको छ। जलवायु परिवर्तन र जैविक विविधताको विनाश सबैभन्दा ठूला र जल्दोबल्दो वातावरणीय समस्याको रूपमा उजागर भएको छ। जलबायु परिवर्तन, वनको दिगो रूपमा व्यवस्थापन, उत्थानशील विकास दिगो विकास लक्ष्यका महत्वपूर्ण पक्षका रूपमा समावेश छन्। जलवायु परिवर्तनका कारण हावाहुरी, चट्याङ, खडेरी, असिना, वाढी , कटान तथा पटान जस्ता प्रकोपका घटना र क्षति बढ्दो अवस्थामा छ। जसको असर कृषि, वन, जैविक विविधता, जलस्रोत, उर्जा जस्ता क्षेत्रमा परेको छ । स्वच्छ र स्वास्थ्य वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक हकको संरक्षण गर्न, प्राकृतिक स्रोतको समुचित उपयोग एवं दिगो व्यवस्था गर्न वातावरण र विकास बीच सन्तुलन कायम गर्न तथा प्राकृतिक स्रोत वातावरण र जैविक विविधता संरक्षण गर्न आवश्यक हुन्छ ।

### ६.१.२ समस्या तथा चूनौति

इन्धनको लागि दाउरामा अत्यधिक निर्भरता हुनु, सार्वजनिक जग्गामा वन तथा वृक्षरोपण नहुनु, दाउराको बढ्दो प्रयोग, विकास प्रक्रिया सञ्चालन आदि विविध कारणले वन क्षेत्रको अतिक्रमण हुँदै जानु, जंगलमा अत्यधिक आगलागीबाट महत्वपूर्ण वनस्पति र वन्यजन्तु र चराचुरुङ्गीको विनाश हुनु, चोरी सिकारीका कारणले महत्वपूर्ण मृग तथा चराचुरुङ्गीको संख्या घट्दै जानु, वन प्राविधिक कर्मचारीको न्यून उपस्थिति हुनु, वन पैदावार चोरी निकासी बढ्नु, सरोकारवाला निकाय र वन कार्यालय बीच समन्वयको कमी, वातावरणीय चेतनाको कमी, विकास र वातावरण बीच उचित सन्तुलन मिलाउन नसकिनु आदि यस क्षेत्रका समस्या हुन्।

### ६.१.३ सोच

" वन, वातावरण तथा जलाधार संरक्षण भएको हुने "

### ६.१.४ उद्देश्य

विकास र वातावरणवीच सन्तुलन कायम गर्नु।

### ६.१.५ रणनीति

१. वनको संरक्षण, सम्बर्द्धन, तथा व्यवस्थापन गर्ने,

२. जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण गर्ने,

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना , कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | इकाई | २०८०/८१ को यथार्थ उपलब्धी | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| सामुदायिक वन | संख्या | ७७ वन | ७७ वन | ७७ वन | ७८ वन | ८० वन |
| पार्क तथा उद्यान | संख्या | ५ वटा | ५ वटा | ७ वटा | १० वटा | १४ वटा |
| संरक्षित ताल तलैया | संख्या | छैन | छैन | छैन | छैन | छैन |
| वृक्षारोपण गरिएको क्षेत्र | हेक्टर | २८० | २९७ | ३०० | ३०५ | ३१० |

*स्रोत: संस्थागत तथ्यांक*

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन, हरियाली तथा भूसंरक्षण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८२/८३ | | 3150 | 3150 | | 750 | 2400 | | 0 |
| २०८३/८४ | | 3465 | 3465 | | 825 | 2640 | | 0 |
| २०८४/८५ | | 3812 | 3812 | | 908 | 2904 | | 0 |

### ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | वन, पार्क तथा हरियाली प्रवर्धन सालवसाली कार्यक्रम | वन संरक्षण, हरियाली प्रवर्धन | सालबसाली | 5387 | वन तथा हरियाली संरक्षण,पार्क निर्माण,नदि नियन्त्रण भई वातावरण संरक्षणमा मदत पुग्ने |

### ६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ । जलवायु परिवर्तनको असर, विगतको कोभिड १९ लगायतका महामारी र अन्य विपद जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् । उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल नहुन सक्छ ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

ग्रामिण वजारहरुमा ढलको उचित व्यवस्थापन र घर तथा पसल एवं होटलहरुवाट उत्पन्न हुने फोहरको वर्गिकरण र व्यवस्थापनमा समयमै जोड दिइ फोहरमैला दिगो व्यवस्थापनमा ध्यान जान जरुरीछ । वातावरण संरक्षण तथा सम्वर्धन आजको आवश्यकता हो, जलवायु परिवर्तनका कारण श्रृजित असरहरु न्युनिकरण एवं अनुकुलनका लागी प्रतिकार्य एवं अनुकुलन योजना वनाई काम गर्न गाउँपालिकाले नेतृत्वदायी भुमिका खेल्नुपर्छ र खेली रहेकोछ ।

### ६.२.२ समस्या तथा चूनौति

गाउँपालिकाको बृहत्तर भू-उपयोग योजना तर्जुमा गरी भूमि व्यवस्थापन  कार्य कार्यान्वयन हुन नसक्दा भू-संरक्षण, भूमि व्यवस्थापन, विपद् जोखिम व्यवस्थापन, जलाधार व्यवस्थापन लगायतका विभिन्न महत्वपूर्ण क्षेत्रमा दिगोपनको सुनिश्चितता गर्न कठिनाइ परेको छ। अनिश्चित समयमा पानी पर्ने अतिवृष्टि, अनावृस्टि जस्ता जलवायुजन्य अनिश्चितता निरन्तर बढ्दै गएको छ।

### ६.२.३ सोच

" वन, वातावरण तथा जलाधार संरक्षण भएको हुने "

### ६.२.४ उद्देश्य

विकास र वातावरणवीच सन्तुलन कायम गर्नु

### ६.२.५ रणनीति

१. वनको संरक्षण, सम्बर्द्धन, तथा व्यवस्थापन गर्ने,

२. जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण गर्ने,

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक बजेट, नीति, योजना तथा कार्यक्रमको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | इकाई | २०८०/८१ को यथार्थ उपलब्धी | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| ल्याण्डफिल्ड साईट | संख्या | ० | ० | १ | १ | १ |
| फोहोर संकलन साधन | संख्या | ० | ० | १ | १ | १ |
| शौचालय प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ९०% | ९०% | ९५% | ९८% | १००% |
| स्रोतमानै फोहर वर्गीकरण तथा व्यवस्थापन गर्ने परिवार ल्याण्डफिल साईटको क्षेत्रफल | प्रतिशत | ० | ० | | | |

*स्रोत: गाउँपालिका प्रोफाईल, तथा संस्थागत तथ्यांक*

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना तथा सञ्चार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमानदेहायअनुसार प्रस्तुत गरिएकोछ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | | | | | | | | |
| २०८३/८४ | 500 | 1000 | 1500 | | 1500 | | | |
| २०८४/८५ | 550 | 1100 | 1650 | | 1650 | | | |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | वातावरण तथा फोहोरमैला व्यवस्थापन कार्यक्रम | स्वच्छ सफा गाउँपालिका निर्माण गर्ने | सालवसाली | 3150 | वजार क्षेत्रमा दैनिक रुपमा फोहर संकलन भई उचित व्यवस्थापन भएको हुनेछ । |

### ६.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

### ६.३.१ पृष्ठभूमि

मानवजन्य क्रियाकलापहरूका कारण बढ्दो वन विनाश, यातायात क्षेत्रमा पारम्परिक खनिज इन्धनको व्यापक प्रयोग र अव्यवस्थित शहरीकरणले गर्दा हरितगृह ग्याँसको चिन्ताजनक उत्सर्जनबाट जलवायु परिवर्तनमा तिव्रता आएको छ । जलवायु परिवर्तनको कारकको रुपमा मानिएको हरितगृह ग्याँसको उत्सर्जनमा नेपालको नगण्य भूमिका हुँदा हुँदै पनि जर्मनवाच द्धारा प्रकाशित 'ग्लोबल क्लाइमेट रिस्क इन्डेक्स–२०२१ को १६ संस्करणका अनुसार सन् २०००–२०१९ को अवधिमा जलवायु परिवर्तनबाट प्रभावित प्रमुख दश देशको सूचीमा नेपाल दशौँ स्थानमा परेको छ।

नेपाल विश्वका १९८ मुलुकमध्ये भूकम्पीय जोखिमको हिसाबले पनि ११ औं, पानीजन्य प्रकोपबाट हुने क्षतिका हिसाबले ३० औं स्थानमा रहेको छ। जलवायु परिवर्तनका कारण जीविकोपार्जन, प्राकृतिक स्रोत, कृषि तथा खाद्य सुरक्षा, जलस्रोत तथा ऊर्जा, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, ग्रामीण बसोवास तथा भौतिक पूर्वाधारमा धेरै नकारात्मक असर परेको विवरण राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) २०६७ ले जनाएको छ ।यसको असरबाट गरिब, विपन्न, महिला, बालवालिका, वृद्धवृद्धाहरू, साधन स्रोतमा कम पहुँच भएका घरधुरी साथै प्राकृतिक स्रोतमा आश्रित समुदायहरू बढी प्रभावित हुन्छन् भन्ने तथ्य समेत विभिन्न अध्ययनहरूले प्रष्ट पारिसकेका छन्।

नेपालको संविधानले जलवायु परिवर्तन र विपद् व्यवस्थापनलाई तीनवटै तहका सरकारको कार्यक्षेत्रभित्र समावेश गरी आ-आफ्नो तहमा यी विषय सम्बन्धी नीति, कानून, रणनीति र मापदण्ड तर्जुमा गरी लागू गर्न सकिने व्यवस्था गरेको छ। स्थानीय सरकार संचालन ऐनले पनि स्थानीय तहको नीति, कार्यक्रम तथा वार्षिक योजनामा जलवायु परिवर्तन, अनुकूलन, विपद् व्यवस्थापन जस्ता अन्तरसम्बन्धित विषयलाई समावेश गरी कार्यान्वयन गरिनुपर्ने व्यवस्था गरिएको छ। संघीय सरकार र प्रदेश सरकारले समुदायलाई उत्थानशील बनाउन स्थानीय तहहरूलाई संस्थागत र प्राविधिक सहयोग गर्ने कानुनी व्यवस्था रहेको छ । जलबायु परिवर्तन र यसको प्रभावसंग जुझ्न तत्काल कार्य अघि बढाउने दिगो विकास लक्ष्य रहेको छ जसमा स्थानीय अनुकुलन योजना, जलबायुका दृष्टिले व्यवस्थित गाउँ बस्तीहरू, जलबायु दृष्टले खेती प्रणाली, जलवायु परिवर्तनसम्बन्धी शिक्षा जस्ता विषयहरू दिगो विकासको स्थानीयकरणका लक्ष्य सूचकमा समाविष्ट छन्।

गाउँपालिकाको विपद् व्यवस्थापनको जिम्मेवारी वातावरण तथा विपद् व्यवस्थापन शाखामा रहेकोछ जसले यस क्षेत्रमा काम गर्ने विभिन्न निकायहरुसंगको सहकार्यमा एकिकृतरुपमा विपद जोखिम न्युनिकरणका कामहरु गर्दै आएकोछ । संघ तथा प्रदेश सरकार, सुरक्षा निकाय (नेपाली सेना सहित), रेडक्रस र अन्य विपद् व्यवस्थापनको क्षेत्रमा कृयाशील संघ/संस्थाको सहकार्यमा विपद् न्यूनीकरण र प्रतिकार्यसँग सम्बन्धित कार्यहरु हुदै आएका छन ।

### ६.३.२ समस्या तथा चूनौति

जलवायु परिवर्तन र विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून र मापदण्ड तर्जुमा हुन नसक्नु, स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्य योजना लागू गर्न प्राविधिक जनशक्ति र आर्थिक स्रोतको कमी हुनु, जीविकोपार्जनका लागि प्राकृतिक स्रोतहरू र सिंचाईको लागी वर्षातको पानीमा अधिक निर्भर रहनु, जलवायु परिवर्तनको कारण अतिबृष्टि हुनु र खडेरी पर्नु, मौसम पूर्वानुमानसम्बन्धी सूचनामा नागरिकको सहज पहुँच हुन नसक्नु, पुर्वसुचना प्रणाली स्थापना हुन नसक्नु, बाढी, कटान तथा पटान, खडेरी, हावाहुरी, असिना, चट्याङ, जंगली जनावरको आक्रमण, सर्पदंश जस्ता प्रकोपहरूले स्थानीय स्तरमा प्रत्यक्ष रूपमा असर परेको महसुस हुनु, वातावरण संरक्षण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी कार्यका लागी आपतकालीन कार्य संचालन केन्द्र स्थापना हुन नसक्नु तथा सम्पर्क व्यक्ति न तोकिनु, व्यवस्थित कार्य योजना बनाई कार्यक्रम सञ्चालन हुन नसक्नु, जंगलमा आगलागि, चट्याङ आदिका घटनामा वृद्धि हुनु, खहरे खोला भएको कारणले कटान तथा भूक्षयको जोखिम रहनु, स्थानीय वातावरण समितिको क्षमता कमजोर रहनु बर्षेनी प्राकृतिक तथा गैरप्राकृतिक विपद्ले जीउधनका साथै, सार्वजनिक निजी सम्पत्ति, भौतिक संरचनाहरू समेत प्रभावित हुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन्।

### ६.३.३ सोँच

" जलवायु परिवर्तन र विपद् जोखिमबाट भएको प्रभाव न्यूनीकरण भएको हुने "

### ६.३.४ उद्देश्य

जलवायु परिवर्तन र विपद् जोखिमको क्षति कम गर्नु

### ६.३.५ रणनीति

१. स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजना अनुसारका कार्यक्रम सञ्चालन गर्ने

२. विपदबाट हुने क्षतिको मात्रा कम गर्ने।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक बजेट, नीति, योजना तथा कार्यक्रमको अपेक्षित नतिजाको आधारमा तयार विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | इकाई | २०८०/८१ को यथार्थ उपलब्धी | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| विपदबाट भएको मानवीय क्षती(विगत ३ वर्षको) घाइते समेत | संख्या | *७ जना* | *८ जना* | 0 जना बनाउने | 0 जना बनाउने | 0 जना बनाउने |
| तालिम प्राप्त स्थानीय खोज, उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | खोज उदार ०, प्राथमिक उपचार कार्यकर्ता ७ जना | खोज उदार ०, प्राथमिक उपचार कार्यकर्ता ७ जना | प्राथमिक उपचार केन्द्र स्थानापन ७ वटा | प्राथमिक उपचार केन्द्र स्थानापन ७ वटा | प्राथमिक उपचार केन्द्र स्थानापन ७ वटा |
| सुरक्षित खुल्ला स्थान र आपत्कालिन सामुहिक आश्रयस्थल | संख्या | ७ वटा | ७ वटा | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विपद व्यवस्थापन कोष रकम | रु. हजारमा | २० लाख | २० लाख | ३० लाख | ४० लाख | ४५ लाख |
| कोभिड १९ विरुद्धको दुई मात्रा खोप प्राप्त गर्ने जनसंख्या | प्रतिशत | 57.14% | 57.86% | | | |

*स्रोत: संस्थागत तथ्यांक*

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद जोखिम व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | 2600 | | 2600 | | 2600 | | | |
| २०८३/८४ | 2860 | | 2860 | | 2860 | | | |
| २०८४/८५ | 3146 | | 3146 | | 3146 | | | |

### ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| 1 | विपद् जोखिम व्यवस्थापन कार्यक्रम | विपद् जोखिम न्यूनिकरण र उत्थानशीलता अभिवृद्धि गर्नु | सालबसाली | 8606 | विपद्वाट हुने क्षतिमा २५ प्रतिशत कमि आएको हुनेछ |
| 2 | जलवायु परिवर्तन अनुकुलन कार्यक्रम | जलवायु परिवर्तनको असर कम गर्नु र अनुकुलनको अभ्यासमा वृद्धि गर्नु | सालबसाली | | सामुदायिक विपद व्यवस्थापन समितीहरु गठन तथा पुर्नगठन भई क्रियाशील हुनेछन् । |

### ६.३.९ जोखिम पक्ष तथा अनुमान

संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, कर्मचारीको पदपूर्ती, समुदाय तथा सरोकारवालाको सहभागिता, उपकरण र श्रोत साधनको लगानी भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ । जलवायु परिवर्तनको असर, विगतको कोभिड १९ लगायतका महामारी र अन्य विपद जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् ।

## परिच्छेद सात : संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रमा नीति, कानून, न्याय तथा सुशासन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

गाउँपालिकाले आवश्यक पर्ने सुशासन ऐन, शिक्षा ऐन, स्वास्थ्य ऐन, सहकारी ऐन, आर्थिक ऐन, विनियोजन ऐन, कर तथा गैरकर राजस्वसम्बन्धी ऐन लगायतका विषयमा नीति तथा ऐन तयारी, प्रमाणीकरण भई स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । स्थानीय न्यायिक समितीले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधी तयार भई स्थानीय राजपत्रमा प्रकाशित गरिएको छ त्यसैगरी सार्वजनिक जवाफदेहिता अभिवृद्धीका लागी सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण सम्वन्धि कार्यविधी तयार भई सुशासन प्रवर्द्धनकालागी उल्लेखित औजारहरु प्रयोगमा ल्याएको छ ।

### १.२ समस्या तथा चूनौति

योजनाबद्ध तथा नतिजामूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज प्रणाली स्थापना लगायतका समस्या तथा चुनौति विद्यमान रहेका छन् । नेपालको संविधान व्यवस्थाअनुसार गाउँपालिकाले अझै विपद् व्यस्थापन तथा अनुकूलन, पर्यटन तथा खेलकुद विकास, कला तथा संस्कृति संरक्षण, महिला, बालबालिका र सशक्तीकरण लगायत विषयमा नीति, ऐन, नियम, कार्यविधि निर्माण गर्न तथा निर्माण भएका ऐन कानूनको समेत पूर्ण कार्यान्वयन हुन सकेको छैन । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिबारे सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेषगरी विपन्न तथा लक्षित वर्गलाई सूसूचीत गराउने, प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र त्यसको परिपालना हुन सकिरहेको छैन ।

### ७.१.३ सोँच

" सेवा प्रवाहमा सुशासन प्रत्याभूति भएको हुने "

### ७.१.४ उद्देश्य

१. सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्नु,

### ७.१.५ रणनीति

१. संस्थागत सुदृढीकरण गर्ने ।
२. सहज, सरल, सुनिश्चित, भरपर्दो र गुणस्तरीय सेवा प्रभावकारी रूपमा प्रवाह गर्ने ।
३. न्यायिक समितिबाट सम्पादन गरिने कार्यलाई सेवाग्राहीमैत्री बनाउने ।
४. सामाजिक उत्तरदायित्वको अभिवृद्धि गर्ने ।

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक बजेट, नीति, योजना तथा कार्यक्रमको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, कानून तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छः

| सूचक | इकाई | २०८०/८१ को यथार्थ उपलब्धी | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ७५ | ८५ | ९० | ९५ | ९५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्वीकृत नीति,कानून, कार्यविधि र मापदण्ड | संख्या | ३२ | ३६ | ४० | ४२ | ४५ |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | १० | १२ | १३ | १५ | १५ |

*स्रोतः विषयगत शाखा तथा संस्थागत तथ्यांक*

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानून तथा सुशासन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुंजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | 925 | 800 | 1,725 | | 1,725 | | | |
| २०८३/८४ | 1018 | 880 | 1,898 | | 1,898 | | | |
| २०८४/८५ | 1120 | 968 | 2088 | | 2088 | | | |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| 1 | नीति, कानुन तथा कार्यविधि निर्माण | आवश्यक नीति तथा कानून निर्माण गरी सेवालाई व्यवस्थित गर्ने | सालवसाली | 5711 | थप १० वटा नयाँ कानून निर्माण भएका हुनेछन |
| 2 | स्थानीय सुशासन तथा जवाफदेहिता प्रवर्द्धन कार्यक्रम | समाजिक जवाफेहिताका औजारहरुको प्रयोग मार्फत सुशासन प्रवर्द्धन गर्ने | सालवसाली | | कानून तथा नियम अनुसार सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण लगायतका औजार प्रयोग भएको हुनेछ |

### ७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन हुन सकेमा अपेक्षित नतिजा हुनेछ। उपरोक्त व्यवस्था हुन अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेको छ।

## ७.२ संगठन मानव संसाधन तथा क्षमता विकास

### ७.२.१ पृष्ठभूमि

एकीकृत सेवासहितको गाउँपालिका, सवै वडाको केन्द्रमा आधारभूत सुविधासहित वडा कार्यालय, स्वास्थ्य संस्थाहरूबाट सेवा प्रवाह भइरहेको छ । गाउँपालिकाको कार्यसम्पादनमा सहजताका लागि कम्प्युटर सफ्टवेयर प्रणालीहरू स्थापना गरी वडामा समेत प्रयोगमा ल्याइएको छ । गाउँपालिकाको कार्यलाई

व्यवस्थित रूपमा सञ्चालन गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत गरी सो बमोजिमको शाखाहरूको व्यवस्था, विद्यमान कर्मचारीहरूको मिलान तथा थप कर्मचारी प्राप्ति गर्ने प्रक्रिया कार्यान्वयनमा रहेको छ । संघीय संरचना अनुसार कर्मचारीको समायोजन प्रक्रियासँगै हाल गाउँपालिकामा विषय क्षेत्रगतसमेत १४१ जना कर्मचारी कार्यरत रहेका छन् ।

### ७.२.२ समस्या तथा चूनौति

संस्थागत संरचना, मानव स्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धति पूर्ण वैज्ञानिक हुन सकेको छैन अझै पनि केहिहदसम्म  परम्परागत देखिन्छ । गाउँपालिकाको सेवा व्यवस्थापन प्रक्रिया तुलनात्मक रुपमा सन्तोषजनक छ । जनशक्तिको परिचालन  तथा गाउँपालिकाको सेवा र सुविधा गुणस्तरीय र कार्य सम्पादन नतिजामुखी वन्दै गएको छ ।

### ७.२.३ सोच

“पारदर्शी, जनउत्तरदायी, सदाचारयुक्त र सूचना प्रविधिमा आधाारित विधिको शासन तथा सेवा प्रवाह”

### ७.२.४ उद्देश्य

- स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संसाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु,

### ७.२.५ रणनीति

१. स्थानीय सेवा प्रवाहलाई सरल, सहज, सूचना प्रविधिमा आधारित र सेवाग्राहीमैत्री बनाउने,

२. स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राहीमैत्री बनाउने,

२. गाउँ कार्यपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने,

३. कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्यसम्पादनलाई व्यवस्थित गर्ने ।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक बजेट, नीति, योजना तथा कार्यक्रमको अपेक्षित नतिजाको आधारमा तयार संगठन, मानव संशाधन र सेवा प्रवाह उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | इकाई | २०८०/८१ को यथार्थ उपलब्धी | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| गाउँपालिकामा कार्यरत मानव संशाधन | संख्या | १३७ | १४१ | १४१ | १४१ | १४१ |
| गाउँपालिकामा कार्यरत प्राविधिक जनशक्ति | संख्या | १३ | १३ | १३ | १३ | १३ |
| क्षमता विकास तालिम प्राप्त जनशक्ति | प्रतिशत | ४ | १५ | २५ | ३५ | ४० |
| वडा र गाउँपालिका तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | २० | ५० | ६० | १०० | १०० |
| मासिक रुपमा वडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडाहरु | प्रतिशत | ० | ३ | ७ | ७ | ७ |
| संस्थागत स्वमूल्याङ्कन स्कोर | प्रतिशत | ७१.५ | ८० | ९० | १०० | १०० |

श्रोत : विषयगत शाखा तथा संस्थागत तथ्यांक

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा संगठन, क्षमता विकास र सेवा प्रवाह उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | 800 | 3200 | 4000 | | 4000 | | | |
| २०८३/८४ | 880 | 3520 | 4400 | | 4400 | | | |
| २०८४/८५ | 968 | 3872 | 4840 | | 4840 | | | |

### ७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | पूँजीगत उपकरण तथा सम्पत्ति खरिद | आवश्यक उपकरणको व्यवस्थापन मार्फत गाउँपालिकाको क्षमता विकास गर्ने | सालवसाली | 13240 | आवश्यक उपकरणको व्यवस्थापन भएको हुनेछन् । |
| 2 | कर्मचारी तथा पदाधीकारी क्षमता विकास कार्यक्रम | चुस्त तथा जनउत्तरदायी प्रशासन | सालवसाली | | कर्मचारीहरु तथा जनप्रतिनिधीमा उत्प्रेणा श्रृजना भएको हुनेछ । |
| 3 | संगठन, मानव संशासन, क्षमता विकास तथा सेवा प्रवाह प्रवर्द्धन अन्य कार्यक्रम | चुस्त तथा जनउत्तरदायी प्रशासन | सालवसाली | | जनप्रतिनिधी तथा कर्मचारीमा उत्प्रेरण श्रृजना भएको हुनेछ । |

### ७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम संगठन, दक्ष मानव संशाधन, सीप र दक्षतामा अभिबृद्धि भएमा अपेक्षित नतिजा हुनेछ । उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ ।

## ७.३ राजस्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

राजस्व सुधार कार्ययोजना तर्जुमा तथा राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैरकरको दर निर्धारण गरी आन्तरिक आय संकलन गरिएको छ । गाउँपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग पनि क्रमशः बढ्दै गएको छ ।

### ७.३.२ समस्या तथा चूनौति

गाउँपालिकाको राजस्व संकलनको सम्भावना रहे तापनि आवश्यक सूचना प्रविधिमैत्री राजस्व संकलन व्यवस्था, कार्यविधि तथा मापदण्ड, कर्मचारीको अभाव जस्ता कारणले गर्दा सम्भावनाको न्युन राजस्व मात्र संकलन भइरहेको छ । विषय क्षेत्रगत रूपमा बजेट विनियोजन सन्तुलित नभई पूर्वाधार क्षेत्रमा अधिक हुने गरेको र रोजगार, उत्पादनमूलक, सामाजिक क्षेत्र तथा आयमूलक आयोजना तथा कार्यक्रममा लगानी अपेक्षाकृत रुपमा कमजोर रहेको छ ।

### ७.३.३ सोच

"सुदृढ र प्रगतिशिल राजस्व प्रणाली तथा व्यवस्थित स्रोत परिचालन"

### ७.३.४ उद्देश्य

- आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउनु,

### ७.३.५ रणनीति

1. राजस्वको दायरा, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित र व्यवस्थित गरी आन्तरिक आय तथा वाह्य स्रोत परिचालनमा जोड गर्ने,
२. स्रोत परिचालनका लागि गैसस, निजी क्षेत्र, समुदाय, विकास साझेदार, प्रदेश र संघीय सरकारका निकायहरूसँग समन्वय र साझेदारीको विकास गर्ने ।

## ७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

गाउँपालिकाको विकासलाई दिगो, समावेशी तथा उत्थानशील बनाउने मुख्य ध्येयका साथ गाउँपालिकाले विभिन्न नीति कार्यान्वयनमा ल्याएको छ तर आवधिक विकास योजना बन्न नसकेका कारण वार्षिक योजना लाई लक्ष्योन्मुख वनाउन सकिएको छैन । गाउँपालिका सभाबाट न्यायिक समिति, विद्यान समिति, लेखा समिति र कार्यपालिकाबाट विभिन्न विषयगत समिति गठन भई तत्सम्बन्धी विषयमा क्रियाशील उन्मुख छन् । साथै सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको समेत सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी गाउँपालिकासभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत् सार्वजनिक गर्ने अभ्यास भइरहेको छ ।

### ७.४.२ समस्या तथा चूनौति

योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा समावेशीता, सहभागिता र पारदर्शितामा सुधार गर्नुपर्ने प्रर्याप्त स्थान छन् । शासन सञ्चालन, योजनाबद्ध विकास तथा मापदण्ड अनुसार सेवा तथा सुविधा प्रवाह गर्न आवश्यक स्रोत परिचालन र दक्षतामा कमी रहेको छ । गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिसहित आवधिक योजना, गाउँपालिकाको विकासको अग्रणी क्षेत्रहरूको गुरुयोजना तर्जुमा हुन सकेको छैन । सेवा प्रवाह र कार्यसम्पादनमा अन्तरसरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन । प्रचुर सम्भावनाका बाबजुद निजी क्षेत्र र गैरसरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन ।

### ७.४.३ सोच

"प्रमाण तथा नतिजामा आधारित विकास प्रशासन"

### ७.४.४ उद्देश्य

1. ग्रामिण योजना तथा विकास प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, सहभागितामूलक तथा नतिजामूलक बनाउनु,

### ७.४.५ रणनीति

१. योजना व्यवस्थापन प्रक्रियालाई सरल, नागरिकमैत्री र पारदर्शी बनाउने,

२. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने,

३. गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने ।

### ७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक बजेट, नीति, योजना तथा कार्यक्रमको अपेक्षित नतिजाको आधारमा तयार योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | इकाई | २०८०/८१ को यथार्थ उपलब्धी | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| तर्जुमा भएका दीर्घकालीन, मध्यमकालीन रणनीतिक तथा गुरुयोजना | विषय | २ | २ | ३ | ३ | ३ |
| गाउँपालिकामा क्रियाशिल र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | ६ | १० | १५ | १८ | २० |
| सबै तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ४० | ५० | १०० | १०० | १०० |
| समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ८० | ९० | ९५ | १०० | १०० |

*श्रोत : गाउँपालिका प्रोफाईल , संस्थागत तथ्यांक*

### ७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | कुल | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | | | | | | | | |
| २०८३/८४ | 550 | | 550 | | | 550 | | |
| २०८४/८५ | 605 | | 605 | | | 605 | | |

### ७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| 1 | तथ्याङ्क, अभिलेख, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र सिकाई प्रक्रियालाई तथ्यपरक, नतिजामूलक र प्रभावकारी बनाउनु । | सालवसाली | 1155 | एउटा सुचना तथा अभिलेख केन्द्र स्थापना भई व्यवस्थित अभिलेख भएको हनेछ । |

### ७.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकारका निकायहरु र गैसस, समुदाय, सहकारी र निजी क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन सहज उपलब्ध भएमा अपेक्षित नतिजा हुनेछ । उपरोक्त व्यवस्था हुन अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहन्छ ।

## अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन

| क्र. सं. | समितिका पदाधिकारी | जिम्मेवारी |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत संयोजक | संयोजक |
| २ | प्रमुख, शिक्षा, यूवा तथा खेलकुद शाखा | सदस्य |
| ३ | प्रमुख, स्वास्थ्य शाखा | सदस्य |
| ४ | प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| ५ | प्रमुख, प्रशासन शाखा | सदस्य |
| ६ | प्रमुख, पूर्वाधार विकास शाखा | सदस्य |
| ७ | प्रमुख, कृषि विकास शाखा | सदस्य |
| ८ | प्रमुख, पशु सेवा शाखा | सदस्य |
| ९ | प्रमुख, योजना तथा अनुगमन शाखा | सदस्य सचिव |

## अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन

### पृष्ठभुमि

समस्या र चुनौतिको चाङ बोकेर शुरु गरेको संङ्घीय शासन व्यवस्थाको यात्रामा अन्तर-सरकार, निजी क्षेत्र, सहकारी र समुदाय तथा नागरिक बीचको समन्वय, साझेदारी र सहकार्यको लहरले अवसरका ढोकाहरु खुल्दै गएको छ । यसबाट शासन सञ्चालन, सेवा प्रवाह र गुणस्तरीय विकास उपलब्धि हासिल गर्ने गति तिब्र बनाउँदै नागरिकका परिवर्तनको फराकिलो चाहाना सम्बोधन गर्ने वातावरण सिर्जना भएको छ । नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन उनीहरुको घरदैलोमा विकासको मार्ग कोर्न आवश्यक छ । संङ्घीय संरचनामा आधारित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्था अनुसार नागरिकको घरदैलोको सरकारको रुपमा स्थानीय सरकारहरुले स्थानीय धरातलिय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहाना प्रतिबिम्बित हुने गरी आफ्ना प्रयासहरु अगाढी बढाउनु पर्दछ । यसका लागि स्थानीय सरकारले हालको राजनीतिक, सामाजिक तथा साँस्कृतिक र प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरुको पूर्ण सदुपयोग हुने गरी योजना तथा बजेट तर्जुमालाई योजनाबद्ध, व्यवस्थित र नतिजामूलक बनाउन आवश्यक देखिन्छ ।

उपरोक्त सन्दर्भलाई हृदयङगम गरी सरोकारवाला पक्षसमेतको सहभागितामा सहभागितामूलक तथा समावेशी विकासको अवधारणा बमोजिम योजना तथा बजेट तर्जुमा प्रक्रिया अबलम्बन गर्नु पर्दछ । यस प्रकार योजना तथा बजेट तर्जुमा गर्दा आवधिक, विषयगत रणनीतिक/गुरुयोजनाले दिशानिर्देश गरे बमोजिमको सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताको आधारमा गर्नुपर्नेछ । स्थानीय सरकारको योजना स्थानीय समस्याको सम्बोधन गर्ने, जनताको मनोभावना बुझ्न सक्ने र चाहाना सम्बोधन गर्ने खालको हुनुपर्छ । योजनाले उपलब्ध हुन सक्ने संभाव्य श्रोत साधन परिचालन गरी अनुमानित र विनियोजन बजेटको विचमा रहने खाडलको पूर्तिलाई सुनिश्चित गर्न सक्नु पर्दछ । यस अवस्थामा आम नागरिकले संङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाले सिर्जना गरेको परिवर्तनको प्रत्यक्ष अनुभुति गर्ने तथा कार्यान्वियन योग्य आयोजना तथा कार्यक्रम छनौट तथा सोको लागि बजेट विनियोजन गर्नु जरुरी देखिन्छ ।

यसका साथै अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३) बमोजिम गाउँ कार्यपालिकाले प्रत्येक वर्षको असार १० गते भित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित स्थानीय सभामा पेश गर्नु पर्ने व्यवस्था गरेको छ । यसै गरी उपदफा (५) ले राजस्व र व्यवको अनुमान नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुनपर्ने व्यवस्था गरेको छ । तसर्थ नेपाल सरकारबाट स्वीकृत आय र व्ययका शीर्षकहरुको वर्गीकरण र एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार बजेट तर्जुमा गर्न अधिकतम प्रयास गर्ने समेत यस मार्गदर्शनको उद्देश्य रहेको छ ।बजेट तर्जुमा गर्दा प्रचलित आय र व्ययका शीर्षकहरुको वर्गीकरणको सिद्धान्तको राम्रोसँग जानकारी हुनु आवश्यक पर्दछ । यस प्रकार खर्च वर्गीकरणका सिद्धान्त बमोजिम बजेट तर्जुमा गर्न सकिएमा बजेट कार्यान्वयन गर्दा रकमान्तर गर्नुपर्ने वा कार्यक्रम संशोधन गर्नु पर्ने अवस्था आउँदैन ।

यस प्रकार व्यवस्थित, प्रभावकारी र नतिजामूलक रुपमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रियामा स्थानीय कार्यपालिकाका पदाधिकारी, विषयगत शाखा/उपशाखा, वडा समिति र स्थानीय सरोकारवालाई उपलब्ध गराउन यो मार्गदर्शन तयार गरिएको छ । कार्यपालिकाबाट संबन्धित शाखा/उपशाखा/एकाइ वा वडाको लागि उपलब्ध बजेट सीमा तथा प्राथमिकता निर्धारणको आधार तथा प्रक्रियाको आधारमा यस मार्गदर्शन अनुसार आगामी आर्थिक वर्षको लागि आयोजना तथा कार्यक्रम छनौट तथा बजेट प्रस्ताव गर्नुपर्नेछ । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचना प्रस्ताव तयार गर्दा आवधिक योजना, विषय क्षेत्रगत गुरु/रणनीतिक योजना, चालु मध्यमकालीन खर्च संरचना आ.व.को स्वीकृत नीति तथा कार्यक्रमको आधारमा गर्नुपर्नेछ ।

## कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा

यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति, बजेट तथा कार्यक्रम गाउँपालिका, समुदाय तथा नागरिक समाज, निजी क्षेत्र, प्रदेश तथा संङ्घीय सरकारसँग समन्वय, साझेदारी र सहकार्य गरी लक्ष्य अनुसार कार्यान्वयन तर्फ उन्मुख रहेको देखिन्छ । स्वीकृत भएका केही आयोजना तथा कार्यक्रमहरु सम्पन्न भएका छन् भने केही सम्पन्न हुने अवस्थामा रहेका छन् । बजेट तथा कार्यक्रम कार्यान्वयनको समयतालिका पालना, प्रक्रिया तथा नतिजा अनुगमन गरी कार्यतालिका र निर्धारित मापदण्ड र अपेक्षित नतिजा अनुसार कार्यान्वयनलाई व्यवस्थित गर्न कार्यानुभव, सीप तथा क्षमता र कार्यविधिको कमी महशुस गरिएको छ । आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमादेखी नै कार्यान्वयन कार्ययोजना र अनुगमन योजना बनाई यसलाई व्यवस्थित गर्नुपर्ने सिकाई समेत भएको छ । आवधिक योजनाको लक्ष्य तथा प्रगति र चालु आर्थिक वर्षको प्रमुख आयोजना तथा कार्यक्रमको कार्यान्वयन अवस्था

र हालसम्मको उपलब्धि समेत मध्यनजर गरी आगामी तीन आर्थिक वर्षको सम्भव भएसम्म आयोजना तथा कार्यक्रमगत रुपमा नभएमा उपक्षेत्रगत रुपमा तर्जुमा गर्नुपर्नेछ।

**योजना तथा बजेट तर्जुमाका आधारहरु**

संवैधानिक, नीतिगत र कानूनी व्यवस्था अनुसार आर्थिक सामाजिक विकासका लागि सरकारले एक आर्थिक वर्ष भित्र गर्ने खर्च र सोको व्यवस्थापनका लागि उपयोग गरिने आयका श्रोत उल्लेख भएको महत्वपूर्ण दस्तावेज नै बजेट हो। बजेट मार्फत स्थानीय सरकारले खर्चको प्राथमिकता निर्धारण गर्नुका साथै स्थानीय वित्त नीतिको घोषणा र कार्यान्वयनको खाँका प्रस्तुत गर्दछ। बजेटलाई आर्थिक स्थायित्व कायम गर्दै आर्थिक विकास र समृद्धी हासिल गर्ने प्रमुख औजारको रुपमा लिइन्छ। यसका साथै संविधान व्यवस्था गरेका मौलिक हक, राज्यको निर्देशक सिद्धान्त, नीति तथा स्थानीय तहको अधिकारका विषयहरुको कार्यान्वयन गर्नका निमित्त बजेटको उपयोग गरिन्छ। नेपालको संविधानले तिनै तहका सरकारले सरकारी कोषबाट वार्षिक बजेट अनुरुप बजेटको उपयोग गर्ने व्यवस्था गरेको छ।स्थानीय सरकारको सन्दर्भमा बजेट राजनीतिक, कानूनी र प्राविधिक विषय पनि हो। संङ्घीय शासन व्यवस्था संचालन र उपरोक्त सन्दर्भमा बजेट तर्जुमाको अभ्यास अत्यन्त गहन र महत्वपूर्ण विषय हो। तसर्थ बजेट तर्जुमाको अभ्यासमा संलग्न गाउँपालिका निर्वाचित पदाधिकारी, बजेट तथा कार्यक्रम तर्जुमासँग सम्बन्धित समिति तथा विषयगत निकाय/शाखा, कर्मचारी, संलग्न सरोकार पक्ष र व्यक्ति बजेट तर्जुमाको नीतिगत र कानूनी व्यवस्थाको बारेमा जानकार हुन जरुरी छ। मध्यमकालीन खर्च संरचनमा समेत आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहायअनुसारका सान्दर्भिक नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिइनेछः

१. नेपालको संविधानका सान्दर्भिक धाराहरू (भाग ३: मौलिक हक र कर्तव्य, भाग ४: राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व, भाग ५: राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड, भाग १७: धारा २१४ देखी २३०)

२. गाउँपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावली, २०७४

३. प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरु (परिच्छेद ४: प्राकृतिक श्रोतको परिचालन, राजस्व बाँडफाँट र अनुदान)

४. स्थानीय सरकार संचालन ऐन, २०७४ को सान्दर्भिक दफाहरु (परिच्छेद ६: दफा २४ र २५, परिच्छेद ९: दफा ५४ देखी ६८ र परिच्छेद १0: दफा ६९ देखी ८०)

५. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद २: राजस्वको अधिकार, परिच्छेद ३: राजस्वको बाँडफाँड, परिच्छेद ४: अनुदानको अवस्था, परिच्छेदः वैदेशिक सहायता र आन्तरिक ऋण, परिच्छेद ६: सार्वजनिक खर्च व्यवस्था, परिच्छेद ७: राजस्व र व्ययको अनुमान, परिच्छेद ८: वित्तिय अनुशासन)

६. आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ का सान्दर्भिक दफा तथा नियमहरु (बजेट निर्माण, निकासा, खर्च, रकमान्तर र नियन्त्रण, बजेट र कार्यक्रम तर्जुमा, कार्यक्रम स्वीकृती र संशोधन, प्रगति समीक्षा)

७. सावर्जनक खरिद ऐन, २०६३ र नियमावलीका सान्दर्भिक दफाहरू (ऐनको परिच्छेद २: खरिद कार्यको जिम्मेवारी र खरिद विधीसम्बन्धी व्यवस्था, नियमको परिच्छेद २: खरिद कारवाहीको तयारी, खरिद योजना र लागत अनुमान)

८. दिगो विकास लक्ष्य (लक्ष्य १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १५, १६ तथा १७)

९. दीर्घकालीन सोँच तथा सोह्रौं योजनाको सान्दर्भिक बुँदाहरु

१०.यस गाउँपालिकाको वार्षिक नीति कार्यक्रम तथा आयोजना

११. समपुरक तथा विशेष अनुदानसम्बन्धी कार्यविधि, २०८१

## बजेट तर्जुमा मार्गदर्शन

आगामी आर्थिक वर्ष र त्यपछिका दुई आर्थिक वर्षको लागि उपलब्ध बजेट सीमा भित्र रही विषयगत क्षेत्र रणनीतिक तथा गुरुयोजना, आगामी वर्षको लागि प्रस्तुत नीति तथा कार्यक्रमको आधारमा देहायमा उल्लिखित विषयहरूलाई मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरूको छनौट, प्राथमिकता निर्धारण, बजेट अनुमान तथा सांकेतीकरण र आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण समेत तयार गरी पेश गर्नु हुन अनुरोध छ :

१. नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र अनुसुची ८ र ९ मा उल्लेखित अधिकारहरुसँग तालमेल हुने आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ ।

२. मध्यमकालीन खर्च संरचना तथा सार्वजनिक खर्च विवरणमा उल्लिखित खर्चलाई ध्यान दिई आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट गर्नुपर्नेछ ।

३. नेपाल सरकारको चालु आवधिक तथा विषयक्षेत्र रणनीतिक/गुरुयोजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, विषयगत लक्ष्य तथा उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम अनुसार आयोजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।

४. चालु आर्थिक वर्षमा संचालित स्थानीय गौरव, रुपान्तरणकारी, क्रमागत, बहुवर्षीय र अधुरा आयोजना तथा कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी बजेट अनुमान गर्नुपर्नेछ।

५. आयोजना तथा कार्यक्रम छनौट गर्दा साना, टुक्रे र संख्यात्मक रुपमा धेरै आयोजना छनौट गाउँपालिकी ठोस, उपलब्धिमूलक र कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रमहरुको छनौट गर्नु पर्नेछ ।

६. गाउँपालिकास्तरीय योजना छनौट गर्दा आयोजना वैंक तथा मध्यमकालीन खर्च संरचना समावेश भएका वा कानून अनुसार वातावरण प्रभाव अध्ययन लगायत संभाव्यता अध्ययन भई डिजाईन, लागत अनुमान तथा विस्तृत अध्ययन प्रतिवेदन तयार भएका आयोजना तथा कार्यक्रमलाई छनौट गर्नुपर्नेछ ।

७. आम नागरिकको आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसरफाई, सशक्तीकरण, रोजगारी र उद्यमशिलता विकास हुने कार्यक्रमलाई समावेश गर्नु पर्नेछ ।

८. स्थानीय तहमा राजस्व अभिबृद्धी गर्ने र आयमूलक आयोजना तथा कार्यक्रमलाई अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

९. कृषि, खाद्यान्न, पशुपंक्षी तथा पर्यटन उपजको उत्पादन, व्यवसायीकरण, विविधिकरण र औद्योगीकरणलाई सहयोग पुऱ्याउने कार्यक्रमहरु छनौट गर्नु पर्नेछ ।

१०. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको नीति तथा कानूनले निर्धारण गरेका दायित्वलाई अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

११. विज्ञान, प्रविधि तथा खेलकुद लगायत युवाको सिर्जनशिलता, नवप्रर्वतनशिलता र उद्यमशिलता विकासमा सघाउ पुग्ने आयोजना तथा कार्यक्रमहरु छनौट गर्नु पर्नेछ ।

१३. योग, ज्ञान तथा सीप विकास, अध्ययन, खोज, अनुसन्धान र नवप्रवर्तनसँग सम्बन्धित आयोजना तथा कार्यक्रम तर्जुमा गरी समावेश गर्नु पर्नेछ ।

१२. भूउपयोग योजना र क्षेत्र, वस्ती विकास तथा भौतिक विकास योजना तर्जुमा लगायत यस्ता योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रममा कार्यान्वयन गर्ने योजना छनौट गर्नु पर्नेछ ।

१३. बालबालिकालाई केन्द्रविन्दुमा राखी उनीहरुको बचाउ, संरक्षण, विकास र सहभागिता सम्बन्धी आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

१४. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरणजस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्नेछ।

१५. विकास निर्माण आयोजनाको हकमा ठोस तथा उपलब्धिमूलक आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ । महिला, पिछडिएको वर्ग, विस्थापित, अपाङ्गता भएका व्यक्तिलक्षित कार्यक्रम महत्व र प्राथमिकता साथ छनौट गर्नुपर्नेछ ।

१६. आयोजना तथा कार्यक्रम तर्जुमा गर्दा वातावरणीय प्रभाव अध्ययन र संभाव्यता अध्ययन, सर्वेक्षण, ड्र्इङ्ग तथा डिजाइन समेत लागत अनुमान तयार भएका प्राविधिक, वातावरणीय, सामाजिक र साँस्कृतिक रुपमा संभाव्य देखिएका आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ । आयोजना तथा कार्यक्रमको छनौट गर्दा बजेटको स्रोत समेत खुलाइ प्रस्ताव गर्नु पर्नेछ । यसबाट आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा समयमा संचालन गर्न र बजेट अपुग हुन पाउँदैन ।

१७. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा चालु आर्थिक वर्षको खरिद गुरुयोजनालाई समेत ध्यान दिनु पर्नेछ ।

१८. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु अगावै सो आयोजना तथा कार्यक्रमबाट लाभान्वित तथा प्रभावित वर्ग तथा समुदाय, साझेदार तथा सहयोगी निकाय र संघ/रायपरामर्श गरी सहमती भएको अवस्थामा मात्र आयोजना तथा कार्यक्रम प्रस्ताव तथा छनौट गर्नु पर्नेछ ।

१९. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा उपलब्ध बजेट सीमा र मार्गदर्शन अनुसार आयोजना तथा कार्यक्रगत र विषयगत उप-क्षेत्रअनुसार छुट्टाछुट्टै रुपमा तर्जुमा गर्नु पर्नेछ ।

२०. उपभोक्ता समिति, नागरिक तथा सामुदायिक संस्था, गैसससँग साझेदारी गर्न र सो मार्फत कार्यान्वयन गर्न सकिने आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

२१. स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था अनुसार बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी दिगो विकासका लक्ष्य लगायत वातावरण, सुशासन, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् जोखिम व्यवस्थापन, लैंगिक समानता र सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ ।

२२. स्थानीय तहको योजनातर्जुमा दिग्दर्शनमा उल्लेखित ढाँचा तथा फाराममा आयोजना र कार्यक्रम विवरण तयार गर्नु पर्नेछ ।

२३. योजना तथा बजेट तर्जुमा गर्दा गाउँपालिकाको स्थिति लक्षित गरे अनुसारका क्षेत्र तथा सबाललाई सम्बोधन गर्नु पर्नेछ ।